

# यस्ता कुरा यहाँ मात्र उठ्छ

• जितेन्द्र साह

शोभराजले बारभित्रबाट हात दिंदै 'तपाईंहरूलाई कस्तो छ ?' भन्दै अभिवादन साटासाट गरे। उनी आफ्नो उमेरभन्दा झन्डै आधा र आकर्षक देखिएका थिए। उनको हाउभाउ र बोल्ने शैली भर्खरको ठिटोको झैं थियो। कारागार प्रशासनले मात्र २० मिनेट कुराकानी गर्ने अनुमति दिए पनि शोभराजसँग साप्ताहिकले आधा घण्टा औपचारिक-अनौपचारिक कुराकानी गऱ्यो। हत्याका अभियुक्त ६४ वर्षीय फ्रान्सेली नागरिक चार्ल्स शोभराज गुरुमुख भर्खरै दस जोड दुईको अध्ययन सकेकी २० वर्षीया निहिता विश्वाससँग भएको विवाहका कारण चर्चामा छन् :



निहिता विश्वाससँगको कुराकानी पृष्ठ ६ मा

**कारागारभित्र भए पनि जीवन त निकै रमाइलोसँग बितिरहेको छ, हैन ?**

शोभराज : निःसन्देह। मलाई हरेक परिवेशमा जीवन जिउन आउँछ।

**विवाह पनि गर्नुभयो भने हल्ला छ नि ?**

शोभराज : हल्ला होइन, यथार्थ हो। महान् पर्व विजयादशमीको विशेष अवसर पारेर नेपाली परम्पराअनुसार निहितासँग उनकी आमा र भाइको उपस्थितिमा विवाह गरें। उनी भर्खरै मलाई भेटेर गएकी छिन्। तपाईंले उनले लगाएको मंगलसूत्र र पोते देख्नुभएन ?

**कारागार प्रशासनसँग अनुमति नलिई विवाह गर्नुभयो त ?**

शोभराज : यो मेरो निजी मामिला हो। कागागारभित्र अरूले पनि विवाह गरेको देखेको छु। अरूले गर्न मिल्ने, मैले चाहिँ गर्न नमिल्ने ? मैले आफूले मन पराएकी युवतीसँग विवाह गरें, कुनै अपराध गरेको होइन क्यार !

**तपाईं र निहिताबीच उमेरको फरक अलि बढी भएन र ? उनी त तपाईंकी नातिनीको उमेर बराबर छिन् नि ?**

शोभराज : वाहियात कुरा। साँचो प्रेममा उमेर, जाति र रंगले पनि प्रभाव पार्छ र ? तपाईंको मुलुकमा मात्र यस्तो कुरा उठ्छ। अन्यत्रतिर यस्तो कुरामा विवाद हुँदैन। हाम्रो देशमा यस्तो कुरालाई महत्त्व नै दिइँदैन। हाम्रो विवाहलाई जिल्ला प्रशासन कार्यालयमा दर्ता गराउने प्रयासमा निहिता लागेकी छिन्। समयलाई पर्खौं। तपाईंको मुलुकमै मुलुकी ऐन ११ औं संशोधनले अनमेल विवाह अर्थात् विवाहमा उमेर अन्तरलाई खारेज गरिसकेको छ नि। २० वर्षको उमेर अन्तरमा विवाह गर्न पाइँदैन भन्ने त पुरानो कुरा भैसक्यो नि।

**तपाईंलाई त थुप्रै किशोरी, युवती र महिला भेट्न आउँथे रे, तर तपाईंले निहितालाई नै रोज्नुपर्ने कारण के ?**


शोभराज : उनी उदार, मायालु र बौद्धिक छिन्। यति सानो उमेरमा जीवन दर्शन र समाजलाई राम्रोसँग बुझेकी छिन्। उनले प्रेम र सम्बन्धको गहिराइलाई बुझेकी छिन्। उनलाई मेरो चिन्ता छ।

**तपाईंको निहितासँग शारीरिक एवं मानसिक तालमेल मिल्ला त ?**

शोभराज : किन नमिल्नु, म त शारीरिक, मानसिक र बौद्धिक रूपले स्वस्थ छु, ममा प्रबल इच्छाशक्ति छ। ममा अहिले पनि बुढ्यौलीको कुनै लक्षण छैन। म नित्य योग र व्यायाम गर्छु। मैले त भारतको तिहाड जेलमा हुँदा विपश्यना

बाँकी पृष्ठ ६ मा

## शुभ दीपावली



दीपावलीको मंगलमय अवसरमा समस्त पाठक, सहयोगी एवं शुभचिन्तकहरूमा हार्दिक शुभकामना ।

**साप्ताहिक परिवार**

दीपावली बिदाका कारण साप्ताहिकको आगामी अंक कात्तिक २२ गते मात्र प्रकाशित हुनेछ ।



साप्ताहिक इन्फो

मध्यपृष्ठमा **जेनिषा**

चलचित्र

# आगामी चलचित्र

दसैं वा तिहारका बेलालाई नयाँ चलचित्र सार्वजनिक गर्ने सु-अवसर मान्छन् कलिउडे चलचित्रकर्मीहरू। त्यसैले यो बेलामा नयाँ-नयाँ चलचित्रको स्वाद चाख्न दर्शक पनि तयार हुन्छन्। दसैंका क्रममा दुईवटा नयाँ नेपाली चलचित्र "सानो संसार" र "म... तिमीबिना मरिहाल्छु"ले मिश्रित प्रतिक्रियाबीच व्यावसायिक सफलता पाए। अब तिहारको अगाडि र पछाडि गरेर अरू पनि नयाँ चलचित्र सार्वजनिक हुँदैछन्। प्रस्तुत छ, तिनै चलचित्रको नालीबेली :

## नसिब आफ्नो



लेखक/निर्देशक : विकास आचार्य, निर्माता : दिलकुमार प्यासी, संगीतकार : वसन्त सापकोटा, छायाँकार : रामशरण उप्रेती, नृत्य-निर्देशक : कविराज गहतराज, द्वन्द्व निर्देशक : शंकर-विकास, कलाकारहरू : विराज भट्ट, रेखा थापा, जीवन लुइँटेल, जेनिषा केसी, देशभक्त खनाल, हेमन्त बुढाथोकी, उत्तम केसी, सुव्रत आचार्य आदि ।

चलचित्रका केन्द्रीय पात्र जीवन हुन् । दाजु-भाउजू विराज र जेनिषा तथा बाबु देशभक्त र बहिनी अन्जुप्रतिको जिम्मेवारी, विधवा रेखासँगको प्रेम र अति मिल्ने तीन जना साथीसँग मस्ती र मित्रता निर्वाह गर्ने कुरामै उनको दिनचर्या व्यस्त छ । साथीसंगतले ऊ जीवनप्रति संवेदनशील नभएको भन्ने कुरामा उनका अभिभावकहरू सधैं चिन्तित हुन्छन् । अर्कातर्फ प्रहरी अधिकृत विराजको हेमन्त तथा दिलकुमारजस्ता खलतत्त्वसँग शत्रुता बढ्छ । यसबीच जीवनलाई एउटा गम्भीर प्रकृतिको रोग लाग्छ । त्यसपछि कथाले अर्को मोड लिन्छ । यो चलचित्रलाई तिहारका अवसरमा उपत्यकाबाहिरबाट सार्वजनिक गरिने भएको छ ।

## जय शिव शंकर



निर्देशक : राजेन्द्र उप्रेती, निर्माता : सुशील पोखरेल, संगीतकार : हरि लम्साल, छायांकार : शम्भु सापकोटा, नृत्य निर्देशक : वसन्त श्रेष्ठ, द्वन्द्व निर्देशक : हिमाल केसी, कलाकार : राजेश हमाल, निखिल उप्रेती, राजेश ढुंगाना, मिथिला शर्मा, संचिता लुइँटेल, रेजिना उप्रेती, पुजना प्रधान, उमेश खड्का र विराज भट्ट (अतिथि भूमिका) ।

यो चलचित्रको विषयवस्तु आमा मिथिला शर्मा र उनका तीन छोरा राजेश हमाल, निखिल उप्रेती र राजेश ढुंगानाको वरपर घुमेको छ। तीन किसिमको स्वभाव भए पनि उनीहरू एक-अर्काका लागि ज्यान अर्पण गर्न पछि पर्दैनन् । संयुक्त परिवारमा सुखद जीवनयापन गरिरहेका उनीहरूको परिवार उमेश खड्काले बिथोल्न खोज्छन् र उनीहरूको प्रेममा पनि बाधा खडा गर्न खोज्छन् । त्यसपछि तीन जना एकाएक योद्धा बन्न पुग्छन् । कथा अगाडि बढ्दै जाँदा नायक विराज भट्ट पनि उनीहरूको सहयोगीका रूपमा देखा पर्छन् । नाम चलेका कलाकारको भीड जम्मा गरिएको यो चलचित्र तिहारकै बेला काठमाडौं उपत्यकाबाहिरबाट प्रदर्शन गरिँदैछ ।

## सिलसिला



निर्देशक : राजेन्द्र उप्रेती, निर्माता : राजु पाण्डे र सिपी पौडेल, संगीतकार : वसन्त सापकोटा, छायांकार : दीपक बान्तवा, नृत्य निर्देशक : शान्ता नेपाली, द्वन्द्व निर्देशक : हिमाल केसी, कलाकार : विराज भट्ट, रेखा थापा, मिथिला शर्मा, राज तिमिल्सिना, सोनिया केसी, गोविन्द ढुंगाना, मञ्जु श्रेष्ठ, आरपी पन्त, सूरवीर पण्डित, सुशील पोखरेल आदि ।

रेखा र राज एउटै कलेजमा पढ्छन् । उनीहरूबीच राम्रो मित्रता छ, तर रेखा भने राजलाई एकोहोरो मन पराउँछिन् । राजचाहिँ सोनियासँग प्रेम गर्छन् । विराज क्राइम रिपोर्टर हुन्छन् । उनी रेखालाई मन पराउँछन् । राज सोनियातिर लहसिएपछि रेखा पनि बिस्तारै विराजप्रति आकर्षित हुँदै जान्छे । प्रेमको यही क्रमलाई चलचित्र 'सिलसिला'मा हेर्न पाइनेछ । पत्रकार विराज खलतत्त्वहरूको आँखाको कसिंगर हुन पुग्छन् । उनीहरूले विराजकी प्रेमिकालाई समेत दुःख दिन थालेपछि विराज क्रुद्ध हुन्छन् र राजको साथ लागेर उनीहरूसँग भिड्छन् । यो चलचित्र तिहारलगत्तै प्रदर्शन गरिँदैछ ।

# चल्यो चलचित्र



एकाबिहानै नायक तथा निर्माता भुवन केसीले साप्ताहिक प्रतिनिधिलाई टेलिफोन गरे । उनी निकै उत्साहित थिए, भुवन भन्दै थिए- 'फिल्म त चल्यो यार !' विगतका दुई-तीन वर्षयता दसैंका अवसरमा सार्वजनिक गरिएका चलचित्र व्यावसायिक रूपमा उँधोमुन्टो लागेका थिए । केही वर्षअघि केसीकै चलचित्र 'सुपरस्टार' दसैंका बेला सार्वजनिक हुँदा खासै चल्न सकेको थिएन । यसपटक भने भुवनकै चलचित्र 'म...तिमीबिना मरिहाल्छु'ले व्यावसायिक सफलता पायो । भुवनले चलचित्र चलाउन कुनै कसर बाँकी राखेका थिएनन् । दसैंको घटस्थापनापछि जताततै चलचित्रका प्रचार सामग्री र टेलिभिजन च्यानलहरूमा प्रशस्त विज्ञापन बजे । मसलापूर्ण चलचित्र भए पनि प्रविधिका दृष्टिकोणबाट उत्कृष्ट भएकाले चलचित्र हेर्दा दर्शकलाई कतै बिझाएन । त्यसैले पनि चलचित्र व्यावसायिक सफलताको बाटोतर्फ अग्रसर भैरहेको छ ।

सयौं म्युजिक भिडियोको



निर्देशकीय अनुभवलाई आलोक नेम्वाङले चलचित्र 'सानो संसार'मा समेटेका छन् । उनको यो प्रस्तुति अहिले उपत्यका र उपत्यकाबाहिरका चलचित्रघरहरूमा प्रदर्शनको सातौं साता पूरा गर्दैछ । निर्माणसंस्था क्वेस्ट इन्टरटेन्मेन्टले चलचित्र 'सानो संसार'को प्रचारमा कुनै कसर राखेन । सर्वत्र यो चलचित्रको चर्चा चल्यो, अनि आलोकबाट नयाँ पुस्ताले धेरै आशा पनि गरे । 'सानो संसार' हेर्ने अधिकांश दर्शक पनि पछिल्लो पुस्ताका नै थिए ।

'म...तिमीबिना मरिहाल्छु' र 'सानो संसार'ले मिडियामा पर्याप्त स्थान पाएकाले पनि सफलता हात पारेको बताइन्छ । कतिपयलाई यी दुवै चलचित्र राम्रा लागेनन् अनि कतिपयले यिनीहरूलाई नेपाली चलचित्रको कोसेढुंगा पनि भने । स्तरीयता र प्रस्तुतीकरणमा दुवै चलचित्रको आ-आफ्नै शैली छ । 'म... तिमीबिना मरिहाल्छु' साधारण नेपाली चलचित्रकै निर्माण परिवेशमा घुमेको छ । फरक छ त केवल चलचित्रको स्तरीयताको । सिनेमास्कोप र फाइभ इन वान साउन्ड सिस्टमको प्रविधि र खर्चिलो देखाइन गरिने 'भुवन केसी शैली'ले चलचित्रलाई सामान्य नेपाली चलचित्रको दाँजोमा अलिकमाथि उठाइदिएको छ । शान्तिसेनामा कार्यरत मेजर र उसकी मायालु श्रीमती अनि घरको किचलोलाई चलचित्रका निर्देशक दयाराम दाहालले मिलाएर प्रस्तुत गर्न खोजेका छन् । यद्यपि भुवन केसीका चलचित्रहरूमा निर्देशक 'ओभर स्याडो'मा पर्ने गरेका छन् । भुवनका चलचित्रमा सबैतिर उनी नै हाबी हुन्छन् । निर्माता तथा नायकका रूपमा यसपटक पनि भुवन केसी नै छाएका छन् । छायांकार शम्भु सापकोटाको मेहनत पनि चलचित्रलाई सुन्दर बनाउन सहायक छ ।

'सानो संसार'बाट निर्देशक नेम्वाङले आफ्नो कार्यकुशलता देखाए । यो चलचित्रको सफलता नवकलाकारहरूको कुशलता र सुहाउँदो अभिनयमा पनि निर्भर थियो । नायक महेश शाक्य, नायिका नम्रता श्रेष्ठ, सहनायक जीवन लुइँटेल र विनय श्रेष्ठको अभिनय नेपाली चलचित्रलाई पानी बनाइसकेका नीर शाह, अर्जुन श्रेष्ठ र सुशीला रायमाझीहरूको भन्दा स्वाभाविक महसुस गरिन्छ, 'सानो संसार' हेर्दा । चलचित्रको कथा अत्याधुनिक सहरको परिवेशमा घुम्छ । इन्टरनेटले गर्दा संसारको परिधि सानो भएको कुरा प्रस्तुतिमा कतै लुकेको छ । रमाइलो कुरा के भने नेपाली चलचित्रका गीतलाई आफ्नो मोबाइल टोनका रूपमा धेरै युवाले चलचित्र हेरेपछि प्रयोग गरिरहेका छन् । छायांकार धीरजजंग शाहको कार्यकुशलताले पनि चलचित्रलाई उत्कृष्ट बनाएको छ ।

यी दुई चलचित्रका विषयमा मिश्रित समालोचना एवं समीक्षाहरू पढ्न र सुन्न पाइए पनि यिनले नेपाली चलचित्र निर्माण तथा प्रदर्शन शैलीमा नयाँ बाटो खोलेका छन् । आउँदा दिनमा यसरी चलचित्र निर्माण एवं प्रदर्शन गरिए निश्चित रूपमा नेपाली चलचित्रका दर्शक बढ्नेछन् अनि एक-अर्काको कामको प्रशंसा गर्ने र एक-अर्कालाई होच्याउने कार्य नगरे प्रतिफल पनि सोचेजस्तै आउनेछ । जसरी प्रिमियरमा 'सानो संसार' हेरेपछि भुवन केसीले भनेका थिए- 'यसले बजार पाउने सम्भावना छ ।' 'म...तिमीबिना मरिहाल्छु' हेरिसकेपछि आलोक नेम्वाङले पनि उनको प्रशंसा गर्दै भने- 'चलचित्र स्तरीय र राम्रो बनेको छ ।'



# तपाईंको यो साता



### मेष

नैराश्यता एवं उदासीनता बढ्नेछ । काममा अवरोध आउनाले मनोबल घट्न सक्छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । मन चञ्चल हुनसक्छ । आइतबारदेखि परिश्रम गरे धन आर्जन हुने एवं काममा सफलता मिल्ने योग छ । व्यवसायमा सफलता मिल्नुका साथै यात्रा गर्ने अवसर मिल्नेछ । भाग्यले साथ दिनेछ ।

### वृष

ग्रहगोचर त्यति राम्रा छैनन् । घरेलु समस्याले सताउनेछ । काममा सफलता पाउन गाह्रो पर्ला । गलत विचार बढ्नुका साथै अध्ययनमा अवरोध आउला । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । समयमा निर्णय नहुँदा हात परेको काममा समेत अवरोध आउन सक्छ । मंगलबारदेखि काममा सफलता मिल्न थाल्नेछ । धन आर्जन हुनेछ भने यात्रा फलदायी रहनेछ । स्वास्थ्यको ख्याल गर्नुहोला ।

### मिथुन

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । व्यवसायमा सफलता हात लाग्नेछ । रमाइलो यात्रा होला । आफन्तहरूको सहयोग पाइनेछ । आइतबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ । विश्वास गरेकाहरूले धोका दिन सक्छन् भने कुरा काट्नेहरू सक्रिय रहनेछन् ।

### कर्कट

विवाद बढ्ने योग छ । धनमाल हराउन सक्छ । काममा सफलता मिल्न गाह्रो छ । घरेलु समस्याले सताउनेछ । मित्र तथा परिवारजन विपक्षमा लाग्न सक्छन् । काम गर्दा सजग रहनुहोला । शरीरमा चोटपटक लाग्न सक्छ । आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ । शत्रुबाट भने साताभरि नै सजग रहनुहोला ।

### सिंह

साता राम्रो छ । सुरुमा मान-सम्मान एवं काममा सफलता मिल्ने तथा प्रसन्नता बढ्ने योग छ । भेटघाटमा रमाउनुका साथै सभा-सम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ । धन आर्जन पनि हुन सक्छ । पराक्रम बढ्नेछ । नयाँ काम पनि पाउनुहोला । आफन्तहरूबाट सहयोग प्राप्त हुनेछ । अध्ययनमा सफलता मिल्नेछ ।

### कन्या

समय त्यति अनुकूल छैन । काम गर्दा सचेत हुनुपर्नेछ । सुरुमा खर्च एवं विवाद बढ्नेछ । कुरा काट्नेहरू प्रशस्तै होलान् । झूटा आरोप पनि लाग्न सक्छ भने धनमाल हराउन सक्छ । अध्ययनमा अवरोध आउनेछ । समयमा निर्णय नहुँदा काम बिग्रन सक्छ । आइतबार तथा सोमबार मान-सम्मान एवं काममा सफलता मिल्ने योग छ । प्रसन्नता बढ्ने देखिन्छ ।

## यो साताको पञ्चाङ्ग

कात्तिक ८ गते : संयुक्त राष्ट्रसंघ दिवस, विश्व विकास सूचना दिवस, १० गते : कागतिहार, धन्वन्तरीजयन्ती, ११ गते : कुकुरतिहार, १२ गते : गाईतिहार, लक्ष्मीपूजा, महाकवि देवकोटाजयन्ती, १३ गते : गोरुतिहार, गोवर्द्धन पूजा, म्ह पूजा, नेपाल संवत् ११२९ प्रारम्भ, १४ गते : भाइटीका, १९ गते : युनेस्को दिवस, छठ पर्व ।

### तुला

साता राम्रो छ । सानातिना उल्झन आए पनि काममा सफलता मिल्नेछ । धन आर्जन गर्न सफल हुनुहोला । भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ । प्रयास गरे रमाइलो यात्रा हुन सक्छ । पराक्रम बढ्नेछ । नयाँ काम पाइने सम्भावना छ । आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ । झूटा आरोप पनि लाग्न सक्छ ।

### वृश्चिक

सुरुमा मान-सम्मान पाइनेछ भने काममा सफलता प्राप्त होला । व्यवसायबाट लाभ मिल्नेछ । बोलीको प्रभाव बढ्नेछ । भोज-भतेरमा सामेल हुने, भेटघाटमा रमाउने तथा धन आर्जन अवसर जुट्नेछ । मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । दुःखद् समाचार पनि सुन्नुपर्ला ।

### धनु

नैराश्यता एवं उदासीनता बढ्नेछ । काममा सफलता पाउन गाह्रो पर्ला । कुरा काट्नेहरू सक्रिय रहनेछन् । खर्च पनि बढ्न सक्छ । आइतबारदेखि मान-सम्मान एवं काममा सफलता मिल्ने योग छ । भेटघाटका कारण मन प्रसन्न रहनेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ भने पराक्रम बढ्नेछ । व्यवसायबाट लाभ मिल्नेछ । यात्रा फलदायी हुनेछ ।

### मकर

स्वास्थ्य गडबड हुन सक्छ भने शरीरमा चोटपटक लाग्न सक्छ । नैराश्यता एवं उदासिनता बढ्नेछ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । घरेलु समस्याले पनि सताउला । मित्रघातले चिन्तित हुनुपर्ला । मंगलबारदेखि मान-सम्मान एवं काममा सफलता मिल्नेछ । व्यवसायमा लाभ तथा यात्रा हुने योग छ । सफलताका लागि गोपनीयता अपनाउनुहोला ।

### कुम्भ

यात्रा गर्ने अवसर प्राप्त होला । काममा सफलता पाइनेछ भने पराक्रम बढ्नेछ । धन आर्जन पनि होला । अरूको विश्वास जित्न सकिनेछ । आइतबारदेखि स्वास्थ्य गडबड रहने काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । सफलताका लागि गोपनियता आवश्यक छ ।

### मीन

परिश्रम गरे धन लाभ होला । धेरै काम बन्नेछन् भने शत्रु पराजित हुनेछन् । आफन्तहरूबाट सहयोग मिल्नेछ । व्यवसायमा लाभ पाउनुहोला । मान-सम्मान पनि मिल्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ ।

# मानवअधिकार स्थितिमा सुधार आएन

यो वर्ष मानवअधिकारको अवस्था उपलब्धिमूलक एवम् चुनौतीपूर्ण दुवै रह्यो। २०६४ चैत २८ गते सम्पन्न बहुप्रतिक्षित संविधानसभाको निर्वाचनलाई महत्त्वपूर्ण मान्न सकिन्छ। उक्त निर्वाचनमार्फत संविधानसभामा महिला, विभिन्न जाति जनजाति, धर्म, वर्ग, समुदाय आदिको उपस्थितिले समावेशी सिद्धान्तलाई धेरै हदसम्म अवलम्बन गरेको छ। सूचनाको हकसम्बन्धी ऐन २०६४, मानव-बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, वैदेशिक रोजगार ऐन, २०६४, मुलुकी ऐनमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल थपी निर्माण गरिएको अपहरणविरुद्धको कानुन आदि मानवअधिकार कानुनको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हुन्। त्यसै गरी आदिवासी जनजातिको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम-सङ्गठनको अभिसन्धि नम्बर १६९ को अनुमोदनलाई अर्को सकारात्मक कदमका रूपमा लिन सकिन्छ।

लैङ्गिक अल्पसङ्ख्यकहरूको हकअधिकारको सवालमा सम्मानित सर्वोच्च अदालतबाट भएको निर्णयले पनि मानवअधिकारको क्षेत्रमा विशेष महत्त्व राख्छ। विभिन्न दल, वर्ग, समुदायहरूबाट भएका शान्तिपूर्ण आन्दोलन र वार्ताको माध्यमबाट समस्या समाधानका लागि भएका सम्झौताहरूले पनि विशेष अर्थ राख्छन्। नेपाल सरकार र नेकपा (माओवादी) बीच भएका सम्झौताहरू तथा सोबमोजिम भएका क्रियाकलाप मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनको क्षेत्रमा उत्तिकै अर्थपूर्ण छन्।

मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन, परिपूर्ति र परिपालनको क्षेत्रमा सकारात्मक कार्यहरू भए पनि समग्रतामा मानवअधिकारको अवस्था सन्तोषजनक पाइएन। यस अवधिमा विभिन्न हिंसात्मक गतिविधिको कारण ज्यान गुमाउनेहरूको सङ्ख्या पनि ठूलै देखिन्छ। यसअवधिमा जम्मा २ सय १६ जनाले ज्यान गुमाउनुपरेको देखिन्छ।

यस अवधिमा शान्तिसुरक्षाको स्थिति ज्यादै दयनीय रह्यो। तराईका सशस्त्र समूहको गतिविधि, तराईलगायतका विभिन्न क्षेत्रमा भएका बन्द, हडताल एवम् हिंसात्मक कार्य शान्तिसुरक्षाका लागि चुनौतीपूर्ण सावित हुन पुग्यो। नेकपा (माओवादी) को भातृसङ्गठन वाईसीएलका गैरकानुनी क्रियाकलापहरू पनि शान्तिसुरक्षा कायम गर्ने कार्यमा अवरोध सावित हुन पुगे। फलतः दण्डहीनताले थप प्रश्रय पायो। सङ्क्रमणकालीन परिवेशमा फाइदा लिन चाहने पक्षबाट समेत मुलुकको शान्तिसुरक्षा प्रभावित बन्न पुग्यो।

संविधानसभा निर्वाचनपूर्व र निर्वाचनको दिनमा समेत मानवअधिकारको मूल्यमान्यताविरुद्ध हत्या एवम् हिंसात्मक गतिविधिहरू हुन पुगे। विस्तृत शान्तिसम्झौतामा बेपत्ता तथा अपहरणपछि स्थिति अज्ञात पारिएकाहरूको स्थिति ६० दिनभित्र सार्वजनिक गरिने भनी गरिएको लिखित प्रतिबद्धता यस पटक पनि कार्यान्वयन भएन। तराईका सशस्त्र समूहबाट चन्दामाग, सुराकीको आरोप आदि कारणबाट अपहरण प्रवृतिले यस पटक पनि निरन्तरता पायो।

त्यसैगरी द्वन्द्वको अवस्थामा बिछ्याइएका, बेवारिसे अवस्थामा छाडिएका विष्फोटनजन्य पदार्थहरूको रेखाङ्कन र भण्डारणको बारेमा ३० दिनभित्र एक-अर्कालाई जानकारी गराउने र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न सघाउने भनिए पनि कार्यरूपमा आउन सकेन। बेवारिसे अवस्थामा छाडिएका बम-विष्फोटनमा परी २७ जनाले ज्यान गुमाउनुपरेको र कैयौं व्यक्ति घाइते हुन पुगेको आयोगको तथ्याङ्कबाट देखिन्छ।

आन्तरिक रूपमा विस्थापितलाई घर फर्काउन तथा नेकपा (माओवादी) बाट कब्जामा लिइएको निजी तथा सार्वजनिक सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा भएका सहमतिले पनि पूर्णतः कार्यरूप लिन सकेनन्। द्वन्द्वबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत तथा पुनःस्थापनाको व्यवस्था गर्ने प्रयोजनका लागि गठन गर्ने भनिएको राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग पनि विविध कारणवशः यस वर्ष पनि गठन हुन सकेन।

सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घनमा संलग्न भएकाहरूको सम्बन्धमा आपसी सहमतिबाट उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सहमति पनि कार्यान्वयन हुन सकेन। त्यस्तै राज्यले नागरिकका आर्थिक तथा सामाजिक अधिकारको क्षेत्रमा पनि पर्याप्त ध्यान दिन सकेको देखिएन। महिला तथा बालबालिकाका अधिकारहरू पनि सुरक्षित रहन सकेनन। जातीय भेदभाव तथा महिलाविरुद्धका हिंसाका घटनाहरूले निरन्तरता पाएको अवस्था छ। यसबाट शान्तिसम्झौतामा उल्लिखित मानवअधिकारसम्बन्धी प्रावधानहरूको सम्मान र संरक्षणमा सम्झौताका पक्षधरहरू पूर्णतः प्रतिबद्ध हुन नसकेको देखिन्छ।

यस वर्ष मानवअधिकार हनन भएको भनी आयोगमा १ हजार १ सय ३७ उजुरी परे। जुन सङ्ख्या विगत वर्षको तुलनामा कम देखिन्छ। गत वर्ष मानवअधिकार हनन भएको भनी १ हजार ९ सय ४८ उजुरी परेका थिए। यसमा द्वन्द्वकालमा भएका घटनाहरूसम्बन्धी उजुरी गर्ने क्रम क्रमशः घटदै जानु, द्वन्द्वकालमा भन्दा शान्तिअवस्थामा मानवअधिकारको स्थिति सुधारोन्मुख हुनु, संविधानसभा निर्वाचन सफलतापूर्वक सम्पन्न हुनु आदि कारणलाई यसको कारक तत्त्वका रूपमा लिन सकिन्छ।

आयोगका अगाडि बेपत्ता तथा अपहरण गरी अवस्था अज्ञात बनाइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन नसक्नु, विस्थापितहरू आफ्नो थातथलोमा फर्कन नसक्नु, नेकपा (माओवादी) आदिबाट कब्जामा लिइएका व्यक्तिहरूको सम्पत्ति फिर्ता नगरिनु, नेपाल सरकारद्वारा आयोगका सिफारिसहरूको पूर्ण रूपमा कार्यान्वयन नगरिनुजस्ता चुनौतीहरू छन्।

देशमा दण्डहीनताले प्रश्रय पाइरहेको यस्तो अवस्थामा दण्डहीनताको अन्त गरी कानुनी राज स्थापना गर्नु र मानवअधिकार संस्कृतिको विकासमा टेवा पुऱ्याउनु नेपाल सरकार, जिम्मेवार राजनैतिक दलगायत विभिन्न सङ्घसंस्था तथा नागरिक समाज सबैको साझा दायित्व हो।


**कष्मेटिक सर्जरी**

- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
-

**सम्पर्क:**
०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल









**अर्जेन्ट आवश्यकता**

विगत ५ वर्षदेखि नेपाल सरकारबाट मान्यता प्राप्त संस्थालाई बिभिन्न पदका कर्मचारीहरुको आवश्यकता।पार्टटाइम, फुलटाईम जबको व्यबस्था।

**तलब-** ८५००+गाडीभाडा
**संख्या:** १७ जना
**योग्यता:** साधरण लेखपढ, Test-SLC +2 + above

**सम्पर्क:**
२०६२५४५,९८०३०७५९८१, ९८४१४९३०२६, चाबहिल



**सुखी विवाहित जीवनको लागि**

**सेवाको १५ वर्ष**

विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।

भेट्ने ठेगाना: **फोन नं. : ४-४६०७८५**

**पापुलर आयुर्वेद औषधालय**
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं



**Wanted Immediately**

**1. English Language Instructors - 6**
BA/BEd / Good Eng. Command/ Pleasant Personality — Salary: Rs. 8000 to 15000/- Per month

**2. Computer Teachers - 4**
(For Basic & Advanced Levels) — Salary: Rs. 5000 to 8000/- Per month

**3. TOEFL/IELTS Trainers- 3/3**
MA/MEd. Passsed good command and accent in English/ — Attractive Salary/facilities

**4. Foreign Language Teachers - 2/2**
For Chinese/ French/ German/ Japanese ...... — Attractive Salary/facilities

(Apply immediately with handwritten application, CV, Citizenship/Passport copy & 2 pp photographs.)

**O'seas Academy (OLC),** Bag Bazaar, Kathmandu, Ph. 4- 247897, 4-268945

सम्पादकीय

# उज्यालोतर्फ लागौं

'तमसोमा ज्योतिर्गमय' अर्थात् अन्धकारबाट उज्यालोतर्फ डोऱ्याऊ, यो पूर्वीय दर्शनको मन्त्र हो । जो–कसैका लागि पनि समान रूपले लागू हुने यो मन्त्रले मानिसलाई सदैव अन्धकारबाट उज्यालोतर्फ यात्रा गर्नुपर्छ भन्ने प्रेरणा दिन्छ । यो साता हिन्दू समाजले उज्यालोको पर्व तिहार अर्थात् दीपावली मनाउँदैछ । दीपावलीसँग गाँसिएका सांस्कृतिक एवं सामाजिक आख्यानहरू जे–जस्ता भए पनि त्यसले दिने सन्देश भनेको एउटै हो, हामी सबैले जहिल्यै पनि अँध्यारोबाट उज्यालोतर्फ, अज्ञानताबाट ज्ञानतर्फ, अभावबाट समृद्धितर्फ, आसुरी प्रवृत्तिबाट मानवतातर्फको यात्रालाई निरन्तरता दिनुपर्छ । उज्यालो जति खोज्यो त्यति जाज्वल्य हुँदै जान्छ, ज्ञानको कुनै सीमा हुँदैन, समृद्धितर्फको यात्रा कहिल्यै रोकिनु हुन्न, मानवतालाई परिभाषाको साँघुरो घेरामा बाँध्न सकिँदैन भन्ने मान्यतालाई स्मरण गर्न हामी हरेक वर्ष दीपावली मनाउँछौं । दीपावलीका अवसरमा हामीबाट गरिने हरेक कार्यले जगत्को कल्याणका लागि मानिसबाट हुनुपर्ने कामहरूको स्मरण गराउँछ । कागपूजाको अर्थ सँचनाको आदान–प्रदानलाई गरिने सम्मान हो भने, कुकुरपूजाको अर्थ सुरक्षाको अवधारणासँग गाँसिएको छ । त्यसैगरी गाईपूजाले मातृसत्तालाई आदर गरिनुपर्छ भन्ने सन्देश दिन्छ भने गोरुपूजाले किसानहरूको समृद्धिको आह्वान गर्छ । भाइटीकाले समाजमा दाजुभाइ एवं दिदीबहिनीहरूलाई नजिक ल्याउन ठूलो मद्धत पुऱ्याउँछ ।

दीपावलीका यी विविध पक्ष आफैमा पूर्ण छन् । यसका पूर्णतालाई मानिसले भैली र देउसीमार्फत समाजको हरेक पाटोसम्म पुऱ्याउने काम गरिरहेका हुन्छन् । सुख–समृद्धिका लागि मानवसमाज सृष्टिको आदिकालदेखि नै सक्रिय छ । सामाजिक सौहार्दताको विस्तारका लागि मानिसले दीपावलीलाई एउटा माध्यम बनाएको छ । दीपावलीसँग कुनै खास धर्मविशेषको साइनो गाँसिए पनि यसले दिने सन्देशमा समग्र मानवजातिको कल्याण निहित छ । यस कारण पनि हामीले दीपावलीलाई यसको सांस्कृतिक महत्त्वका साथ मनाउनुपर्छ, तर अहिले समाजमा धन र शक्तिको आडम्बर प्रदर्शन गर्न पनि दीपावलीलाई एउटा अवसरका रूपमा लिएको पाइन्छ । यो गलत प्रवृत्ति हो । जुन चाडले सबै किसिमका गलत प्रवृत्तिविरुद्ध सचेत हुन मानिसलाई प्रेरित गर्छ त्यही चाडलाई गलत ढंगले मनाउन खोज्नु संस्कृतिको उपहास मात्र नभै मानिसको चेतना मधुरो हुँदै गएको छ भन्ने संकेत पनि हो । तसर्थ हामी सबैले दीपावलीको सांस्कृतिक तथा सामाजिक सन्देशको थप अपव्याख्या हुन नदिनेतर्फ सचेत हुनुपर्छ ।

दीपावलीका साथै नेपालीहरूकै दुई जातीय समूहले यसै साता म्ह पूजा र आगामी साता छठ पर्व पनि मनाउँदै छन् । नेवारहरूले मनाउने म्ह पूजा, विशेषगरी तराई क्षेत्रमा मनाइने छठ तथा दीपावलीको अवसरमा हामी हाम्रा समस्त पाठक, विज्ञापनदाता एवं शुभचिन्तकहरूलाई उज्यालोतर्फको यात्राका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं !

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

चिठीपत्र

# जुवा र पटाकामुक्त तिहार

देउसी–भैलो कार्यक्रममा विगतमा देखिएका विकृतिहरू भने रोक्नैपर्छ। जस्तो कि देउसी–भैलो खेल्ने नाममा मोटो रकम जोहो गर्ने र त्यसलाई मोजमस्तीमा उडाउने परम्परामा सोन्है आना परिवर्तनको खाँचो छ। देउसी–भैलोको नाउँमा राजमार्गमा गाडी रोकेर पैसा माग्ने परिपाटी पनि रोक्नुपर्छ। देउसी–भैलो कार्यक्रममा यति रकम नदिई हुँदै हुँदैन भनेर कसैले भन्छ भने त्यो खराब सोच हो। मनोरञ्जनका लागि खेलिने जुवातास सम्पत्ति सखाप गर्ने माध्यम बनेपछि यसलाई निरन्तरता दिनु आवश्यक छैन।

नेपाली हिन्दूहरूको दोस्रो महान् चाड तिहारको आगमनले धेरैलाई रोमाञ्चित बनाएको छ भने पसलहरूमा तिहारको तयारीसमेत जोडतोडमा छ । उज्यालो र मित्रताको पर्व तिहारसँग जोडिने प्रमुख दुई कुरा भनेका जुवातास र पटाका हुन् । प्राचीन समयमा मनोरञ्जनका सीमित विकल्प हुँदा तिहारका बेला जुवातास खेल्न छुट दिइएको पाइन्छ भने रमाइलोका लागि पटाकासमेत पड्काइन्थ्यो, तर अहिले समय बदलिएको छ । विज्ञान तथा प्रविधिको द्रुततर विकासले मनोरञ्जनका सयौं साधन उपलब्ध छन् ।

तिहारको बहानामा खेलिने जुवातास, कौडा आदिबाट धेरैको घरखेत उठीबास भएका घटना नौला होइनन् । मनोरञ्जनका लागि खेलिने जुवातास सम्पत्ति सखाप गर्ने माध्यम बनेपछि यसलाई निरन्तरता दिनु आवश्यक छैन । परिवर्तनको कुरा गर्ने हामीले नराम्रा कुरालाई छाडेर राम्रा कुरा मात्र अपनाउनु बुद्धिमत्ता हुन्छ । जुवातास पनि एक प्रकारको नशालु पदार्थ हो, जुन एकपटक लत बस्यो भने छुटाउन गाह्रो हुन्छ । नेपाली समाजमा एउटा भनाइ नै छ– जुवातासमा लठ्ठ भएको कुनै व्यक्तिलाई तेरा बाबु स्वर्ग हुनुभयो हिंड् भन्दासमेत मलामी यही बाटो आउने हुन् क्यारे, एक हात खेलिहालौं न भन्छ रे । यो त एउटा प्रतिनिधि उदाहरण मात्र हो । जुवातासले घरमा ल्याउने दिनरातको झैंझगडा एवं आर्थिक अभाव जस्ता समस्या कति हुन्छन् कति ? तिहारका बेलामा जुवातास खेल्न सिकेकाहरूले पछि पनि त्यसलाई निरन्तरता दिने गरेका अनुभवबाट समेत जुवातासलाई तिहारका बेलामा पनि रोक्नुपर्ने देखिन्छ । यसका लागि सरकारी पक्ष चनाखो हुनु आवश्यक छ भने स्थानीय रूपमा बाल क्लब, युवा क्लब, आमा समूह र बुद्धिजिवीहरू पनि सक्रिय हुनुपर्छ ।

यसैगरी आगलागी तथा दुर्घटनाको खानी पटाका अबको नयाँ नेपाललाई सुहाउने कुरा होइन । विदेशीलाई लाखौं रुपियाँ सुम्पिएर भित्र्याइने यस्ता पटाकाले जनधनको क्षति गर्ने सम्भावना पनि उत्तिकै हुन्छ । सरकारले प्रत्येक वर्ष पटाका नपड्काउन अनुरोध गरे पनि पटाका भित्रिनबाट रोक्न यथेष्ट पहल गरिएको देखिँदैन । त्यसैले पूर्वतयारीका साथ पटाका रोक्न पहल हुन सके लाखौं रुपियाँ त जोगिन्छ नै, साथसाथै दुर्घटनाबाट समेत बच्न सघाउ पुग्नेछ ।

दिदीभाइ वा दाजुबहिनीको मित्रताको चाड तिहार घर–टोलमा सप्तरंगी टीका लगाएर अनि देउसी भैलो खेलेर रमाइलोसँग मनाउनु उत्तम हुन्छ । त्यसो त दसैंका बेला आफ्ना आफन्त र छरछिमेकसमेत टीकाटालाका लागि आउने हुँदा भीडभाडको अवस्था रहनेमा तिहारमा चाहिं आफ्नै दाजुभाइ तथा दिदीबहिनी मात्र रहने हुँदा कतिपयले दसैंभन्दा तिहार बढी मनपर्छ । हुन पनि तिहारमा घर–परिवारका सदस्यमात्र टीकाटालामा सहभागी हुने हुँदा छुट्टै प्रकारको रोमाञ्चकता रहन्छ । जहाँसम्म देउसी–भैलोको कुरा छ, यो पनि मनोरञ्जन एवं सामाजिक सद्भाव कायम गर्ने निकै राम्रो अवसर हो, तर देउसी–भैलो कार्यक्रममा विगतमा देखिएका विकृतिहरू भने रोक्नैपर्छ । जस्तो कि देउसी–भैलो खेल्ने नाउँमा मोटो रकम जोहो गर्ने र त्यसलाई मोजमस्तीमा उडाउने परम्परामा सोन्है आना परिवर्तनको खाँचो छ । देउसी–भैलोको नाममा राजमार्गमा गाडी रोकेर पैसा माग्ने परिपाटी पनि रोक्नुपर्छ । देउसी–भैलो कार्यक्रममा यति रकम नदिई हुँदै हुँदैन भनेर कसैले भन्छ भने त्यो खराब सोच हो ।

तिहार हामी सबै नेपालीको पर्व भएकाले यसलाई विकृतिको जालोबाट बचाउनु अत्यावश्यक छ, जसको पहिलो कदम जुवा र पटाकामुक्त तिहार हुनसक्छ । नराम्रा कुरा हटाएर पनि राम्रा कुरालाई अपनाउँदै तिहारलाई उत्कृष्ट र अनुकरणयोग्य चाडका रूपमा भावी पुस्तासम्म निरन्तरता दिन सकिन्छ । होइन भने विकृतिका कारण हाम्रा चाडपर्वहरूप्रति वितृष्णासिवाय केही जाग्न सक्दैन ।

**–विश्वमणि अधिकारी**

## यस्तो जनगणतन्त्र

अनौठो मान्दैछन् नेपाली जनता खोक्रो नारा देखेर
सत्ताको मातमा रमाउँदैछन् जनताको ढाडमा टेकेर
चुनावताका किरिया खान्थे जनताका नाउँमा
तर अहिले कुनै कार्यकर्ता पनि देखिंदैनन् गाउँमा
मौका यही हो आफ्नै कार्यकर्तालाई दिए हुन्छ पद र पगरी
नयाँ नेपालको पुरानै शैलीमा अप्रत्यक्ष गरेका छन् चाकरी
अब गाउँ भुलेर सहरमै लागिपरे तपाईंहरूको हित हुन्छ
उता विदेशी शक्ति, यथास्थितिवादीसामु तपाईंहरूकै जित हुन्छ
हर्षित हुन्छन् भारत, अमेरिका अनि सामन्त जति भा'का
चोखिनेछन् विगतमा आतंककारीको ट्याग ला'का
अनि छुट्ला पगरी तपाईंहरूको भन्ने छैनन् आतंककारी
तब पो बनिनेछ मुलुककै आमूल परिवर्तनकारी
न भयो कसैको डर, न त विदेशीको कर–कर
न त भयो राजाको, न त भयो अरू दलहरूकै डर
बनाउनुस् अब सिंहदरबारलाई पार्टीकै सचिवालय र घर
किन भाडा तिर्ने अब छिट्टै छोड्नुस् बुद्धनगर
परीक्षण गर्न जनताले पारिदिए एकपटक सत्र
तर उनीहरूले त पारिसके देश र जनतालाई अलपत्र
जनताको आँखामा छारो हाल्न नभने हुन्छ नयाँ मन्त्र
निभ्ने बेलाको बत्तीजस्तै होला फेरि जनगणतन्त्र ।

**–वासुदेव देवकोटा**
**मुचोक–४, साउने, गोरखा**

## तीतो सत्य

शिक्षा आर्जन गर्नु भनेको आफ्नो चरित्र एवं व्यवहारमा सुधार ल्याउनु हो ।

आफू असल बनेर मात्र अरूलाई असल बन्न प्रेरित गर्न सकिन्छ ।

अध्ययनबाट नै सबै कुरा प्राप्त हुन्छ ।

आफूले जानेको कुरा अरूलाई दिइएन भने त्यो केही काम लाग्दैन ।

असल मित्र थोरै भए पुग्छ ।

अरूको खुट्टा तान्ने काम गर्नु जति घातक अरू केही हुँदैन ।

सधैं सकारात्मक कुरा सोच्ने मानिस बुद्धिमान् हुन्छ ।

**–नारायणजंग कुँवर, तम्घास**

कुनै काम बोलेर सुनाउनु भन्दा गरेर देखाउनुपर्छ ।

चोखो मायाँलाई संसारको कुनै पनि शक्तिले रोक्न सक्दैन ।

साँचो प्रेम गर्नेहरू प्रेमलाई गोप्य राख्न चाहँदैनन् ।

धन र रूपलाई हेरेर कहिल्यै प्रेम सम्बन्ध नराख, किनभने धन र रूप सधैं स्थिर बस्दैनन् ।

**मीनबहादुर परियार, सिरहा**

सफलता प्राप्तिका लागि सदा निरडतापूर्वक संघर्षको मैदानमा डटेर अघि बढ्न सक्नुपर्छ ।

अल्छी गर्नेले अवनतिको बाटो पछ्याउँछ भने पौरख गर्नेले उन्नतिको शिखर चढ्छ ।

**–वसन्त खत्री**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***


## सहर चर्चा



तस्बिर : इनसा डटकम

### जाभा म्यान गगन

आठदेखि दस वर्षको अवधिमा गगन प्रधानले काठमाडौंका युवाहरूको खाने–पिउने शैलीमा परिवर्तन ल्याइदिए । ठमेलको प्रसिद्ध 'स्पट' अर्थात् जाभाको कफी भनेपछि काठमाडौं उपत्यकाका युवा मात्र होइनन् अरूलाई पनि तलतल जागेर आउँछ । भक्तपुरमा जन्मेर काठमाडौंको बानेश्वरमा हुर्किएका प्रधानले युवापुस्ताको रुचिमा अन्य रेस्टुराँ पनि सञ्चालनमा ल्याएका छन् । कमलादीको स्पोर्ट्स बार, पुतलीसडकको कोर्टयार्ड, न्युरोडको जिन्स क्याफे, ठमेलको जे बार उनका पछिल्ला 'भेन्चर' हुन् । ती सबै रेस्टुराँ स्वाद तथा फरक 'हस्पिटालिटी'का कारण उपत्यकाका युवापुस्ताको गतिलो गन्तव्य भएका छन् । सिद्धार्थ वनस्थली स्कुलबाट शंकरदेव क्याम्पस हुँदै अस्ट्रेलियाको सिड्नीस्थित विलियम ब्लु स्कुल अफ हस्पिट्यालिटी, टुरिज्म एन्ड लियाजो म्यानेज्मेन्टमा अध्ययन सकेर आएपछि उनले 'जाभा कन्सेप्ट'लाई ठमेलमा रोपे । प्रधानको जाभा अहिले हुर्किएर फल दिने भैसकेको छ । कफीको वास्तविक मीठो स्वाद र बास्नाको प्रतीकसरह भएका प्रधान जाभाले ख्याति कमाउनुको कारण मौखिक प्रचारप्रसार नै हो भन्छन् । विश्वकप फुटबल–२००२ को ज्वरो संसारलाई नै चढेको थियो, त्यति नै बेला जाभालाई उनले फुटबल हेर्दै कफी पिउने थलोका रूपमा चिनाए । उनको भावी योजना उपत्यकाका विभिन्न २० स्थानमा जाभाका शाखा सञ्चालनमा ल्याउनु हो ।



### साइबर गर्ल

रीनालाई उनको शारीरिक बनावटले नै मोडल हुन साथ दिएको छ । ५ फिट ५ इन्च अग्ली रीना आफ्नो उचाइका कारण पनि छोटो समयमै नेपाली मोडलिङक्षेत्रमा स्थापित भएकी छिन् । हरेक वर्ष डिसेम्बर ५ का दिन आफ्नो बर्थ डे मनाउने रीनाको शारीरिक बनावट ३३X२६X३५ छ । कालो केशले आफ्नो सौन्दर्यलाई थप आकर्षक बनाएको उनको अनुभव छ । कालो आँखा भएकी रीना नृत्यकी सौखिन हुन् । यसबाहेक उनलाई भ्रमण गर्दा, संगीत सुन्दा तथा नयाँ मानिसहरूसँग भेट गर्दा पनि रमाइलो लाग्छ । पोखरामा जन्मिएकीले होला, रीनालाई नेपालको सबैभन्दा मन पर्ने स्थान पनि पोखरा नै हो । पपसंगीतकी पारखी रिनालाई मनपर्ने गायिका सिने गुरुङ हुन् । रिनाका आकर्षक तस्बिर परिचय डटकममा हेर्न सकिन्छ ।

### रीनाको सौन्दर्य

## मुखाले

प्रधानमन्त्रीजस्तो उच्च राजनैतिक कार्यकारी पदमा पुगेका व्यक्तिले जुन देशमा गयो त्यही देशलाई फिट हुने धारणा प्रकट गर्नु राम्रो होइन ।

**गिरिजाप्रसाद कोइराला**

माओवादीलाई सानो केही हुँदा अनमिन बोल्ने, माओवादी सेनाका शिविरमा केही हुँदा उसले तुरुन्त देख्ने तर माओवादीबाट हजारौं जनता पीडित हुँदा टुलुटुलु हेरेर बस्ने ?

**–सुशील कोइराला, नेपाली कांग्रेस**

'माओवादी' पुच्छर होइन, हाम्रो पहिचान हो ।

**–मोहन वैद्य, नेता, नेकपा माओवादी**

माओवादी लडाकुहरूको शिविरमा युद्धको तालिम दिइँदैछ ।

**–प्रकाशशरण महत, नेपाली कांग्रेस**

माओवादी लडाकुलाई कुनै पनि हालतमा नेपाली सेनामा समायोजन गर्न दिइँदैन ।

**–विजयकुमार गच्छदार, मन्त्री**

विगतमा भएको सहमतिविपरीत कांग्रेसले सेना समायोजनको विरोध गर्नु जनादेशविपरीत हो ।

**–रामबहादुर थापा, रक्षामन्त्री**

सर्तका आधारमा वार्ता (मधेशका सशस्त्र समूहसँग) हुँदैन ।

**–वामदेव गौतम, गृहमन्त्री**

प्रचण्डको कुरालाई हावामा फ्युजन गर्दैछु ।

**–गोविन्ददास श्रेष्ठ, उद्योगपति**

केटी मान्छे हुँ, केटाहरू पछि लाग्छन्, यो स्वाभाविक पनि हो ।

**नम्रता श्रेष्ठ, चलचित्र नायिका**

# सेवा र धर्म अरुलाई देखाएर गर्नु पाखण्ड हो



हरेक मानिसका आ-आफ्नै सिद्धान्त हुन्छन्। कोही चर्चाका लागि बाँच्छन् भने कोही बाँच्नका लागि चर्चामा आइरहन्छन्। यद्यपि केही व्यक्ति यी दुई सिद्धान्तभन्दा फरक शैलीले बाँचिरहेका छन्। अञ्जली मास्के यस्तै फरक व्यक्तित्व हुन्। उनी न त चर्चाका लागि काम गरिरहेकी छिन्, न त काम गरेका सबै कुरा बाहिर आउनुपर्छ भन्ने मान्यता राख्छिन्। सार्वजनिक स्थानमा भाइटीका लगाउने चलन बसालेका कारण वर्षमा एकपल्ट उनी सञ्चार-माध्यममा छाउँछिन्। वर्षभरि उनी यसैगरी विभिन्न सेवा र धर्मका काम गरिरहेकी हुन्छिन् तर त्यसको चर्चा कसैले गर्दैन, न त उनी यसलाई सार्वजनिक गर्ने रुचि नै राख्छिन्। चुपचाप काम गर्ने मान्यता राख्ने अञ्जली मास्केको सार्वजनिक भाइटीकाले भने आवश्यकताभन्दा बढी चर्चा पाएको छ।

**तपाईं आफूलाई अञ्जली मास्के, अञ्जली प्रधान र अञ्जली दिदीमध्ये कुन नामबाट सम्बोधन गरेको मन पराउनुहुन्छ ?**

श्रीमान्‌सँगको नाता धेरै अघि टुटिसक्यो। त्यसैले अञ्जली प्रधान पनि हराइसक्यो। मास्केको घरमा जन्मिएकीले म मास्के नै हुँ। त्यसैले अञ्जली मास्के भन्न सक्नुहुन्छ। सार्वजनिक रूपमा म अञ्जली दिदी नै हुँ।

**क्रान्तिकारी देखिन माइतीको थर राख्नुभएको हो ?**

होइन। क्रान्तिकारी भनेको के हो, मलाई थाहा छैन। म जन्मँदा मास्के भएर जन्मिएका कारण अरू थर राख्ने रुचि लागेन। कसैको अवहेलना गर्न मैले माइतीको थर राखेको होइन।

**तपाईंलाई चिन्नेहरू के भन्छन् भने तपाईं पहिलेदेखि नै चुपचाप समाजसेवा गर्न रुचाउनुहुन्छ। समाजसेवाजस्तो महत्त्वपूर्ण काम त सबैलाई थाहा हुने गरी गर्नुपर्ने होइन र ?**

समाजसेवा आध्यात्मिक काम हो। आध्यात्मिक चेतना भएको मानिसले आफ्नो पुरुषार्थ अरूलाई देखाउन चाहँदैन। सेवा र धर्म अरूलाई देखाएर गर्नु पाखण्ड हो।

**केका लागि समाजसेवा गर्नुहुन्छ ?**

आफ्नो खुसीका लागि। मेरा कारण अरू खुसी भएको थाहा पाउँदा मलाई पनि खुसी लाग्छ। म यसैका लागि जन्मिएकी हुँ भन्ने लाग्छ।

**अहिलेसम्म तपाईंले गर्नुभएको मुख्य समाजसेवा के हो जस्तो लाग्छ ?**

मैले सार्वजनिक गर्नलायक त्यस्तो केही गरेजस्तो लाग्दैन। जे गरें, आफ्नो खुसीका लागि गरें। आफ्ना लागि गरेको काम सार्वजनिक गर्नु राम्रो होइन।

**मानिसहरू वीर अस्पतालमा फालिएका रोगीहरूको उपचार गर्ने काममा तपाईंको ठूलो योगदान छ भन्छन् नि ?**

गरिबसँग पैसा नभएपछि आफ्ना रोगी छोरा-छोरी तथा बूढा बुबा-आमालाई अस्पतालमा ल्याएर छोड्ने चलन रहेछ। म त्यस्ते फालिएका रोगीहरूको उपचारमा संलग्न छु। १० वर्षजति सक्रिय रूपमा यस्ता रोगीको उपचार गराएर घर पठाएँ।

**अहिले पनि यस्ता रोगी आउँछन् ?**

पहिलेको तुलनामा नेपालमा गरिबी घटेर हो कि रोगी आमा-बुबा वा छोरा-छोरीलाई यसरी फ्याक्नु हुँदैन भन्ने चेतना जागेर हो, अहिले यस्ता रोगी कम भेटिन्छन्। वीर अस्पताल प्रशासनलाई बेवारिसे रोगीको उपचार गर्ने व्यवस्था मिलाउन अनुरोध गरेपछि अहिले अस्पतालले नै उपचार गर्न थालेको छ। केही समस्या आयो भने म आफैं उपस्थित भएर समस्या समाधान गर्छु।

**अस्पतालमा हुने समस्या घर बसेर थाहा हुन्छ र ?**

अस्पतालमा सबैले देख्ने स्थानमा मेरो नाम र टेलिफोन नम्बर टाँस्न लगाएकी छु। समस्या परेकाहरूले मलाई फोन गर्छन्।

**गरिबका छोराहरूको सामूहिक व्रतबन्ध तथा नेवार समुदायका छोरीहरूको बेलविवाह पनि गरिदिनुहुन्छ हो ?**

हो, पैसा नभएकै कारण वा अन्य कुनै कारणले व्रतबन्ध, विवाह गर्न नपाउने कुरा सुन्दा मलाई नरमाइलो लाग्छ। अब प्रत्येक वर्ष निश्चित समयमा सामूहिक व्रतबन्ध तथा बेलविवाहको कार्यक्रम चलाउँछु।

**सामूहिक भाइटीका गर्ने चलन समाजसेवा हो कि धार्मिक कार्य ?**

कुनै पनि काम गर्दै यो समाजसेवा हो, यो धर्म हो भनेर म छुट्याउँदिनँ। वास्तवमा मैले आफूलाई खुसी लाग्ने काम गरेकी हुँ। सामूहिक भाइटीका पनि आफूलाई आनन्द लाग्ने काम हो।

**यी कामका लागि आर्थिक स्रोत कहाँबाट जुटाउनुहुन्छ ?**

आफ्नै कमाइबाट गर्छु। आफूले गर्ने कामका लागि अरूसँग पैसा माग्नु राम्रो कुरा होइन। बरु थोरै काम गर्छु तर आफ्नै खुट्टामा उभिएर गर्छु।

**सामूहिक भाइटिकामा टीका लगाउनेहरूलाई के-के दिनुहुन्छ ?**

काँचो धागोको माला, पाँच थरीका मिठाई, पाँच थरीका फलफूल तथा १०-१२ थरीका मसला दिन्छु। विधि-विधानपूर्वक पूजा गर्छु। गोरखनाथ बाबालाई साक्षी राखेर भाइ बनाउँछु।

**नेपाली परम्पराअनुसार भाइपूजापछि दिदीलाई दक्षिणा दिने चलन छ, तपाईं भाइहरूले दिएको दक्षिणा लिन अस्वीकार गर्नुहुन्छ, यसले नियम मिच्केको ठहर्दैन ?**

दक्षिणा लिएँ भने त्यसले गलत अर्थ लाग्न सक्छ। मैले लिने त माया हो। आज मैले हजारौं भाइको माया पाएको छु। दक्षिणा लिएर म उनीहरूको मायाको अपमान गर्न चाहन्नँ।

**एक जना भाइलाई टीका लगाउँदा कति खर्च हुन्छ ?**

भाइटीका हृदयभित्रको माया देखाउने संस्कार हो। यसलाई पैसामा तौलनु उचित हुँदैन। यति खर्च लाग्छ भनेर सार्वजनिक गर्दा दिदीको खर्च गराउनु हुँदैन भन्ने भाव जागेर टीका लगाउन नआउन सक्छन्। मायालाई पैसामा तौलनु राम्रो होइन।

**अहिलेसम्म कति भाइ बनाउनुभयो ?**

प्रत्येक वर्ष २ सयदेखि ३ सय जनालाई टीका लगाइदिन्छु। जसको निधार खाली हुन्छ, जो मप्रति श्रद्धा राख्छन्, सबैलाई टीका लगाइदिन्छु। विदेशबाट नेपाल घुम्न आएका पर्यटकहरू पनि मसँग टीका थाप्न आइपुग्छन्।

**तपाईंसँग टीका लगाउन एमालेका महासचिव झलनाथ खनालदेखि कांग्रेसका नेतासम्म आउँछन्, यसले राजनैतिक शक्तितिर तानिएको देखिन्छ नि ?**

श्रद्धाले टीका लगाउन आउनेहरूलाई मैले सम्मान गर्नुपर्छ। यद्यपि म एमाले, माओवादी, कांग्रेस, राजावादी केही पनि होइन। म एउटी नेपाली महिला मात्र हुँ। मसँग माओवादी र राजावादी पनि टीका थाप्न आउँछन्। टीका लगाउनेहरू मेरो श्रद्धामा गाँसिएका भाइहरू हुन्, कुनै शक्तिशाली पदमा पुगेका व्यक्ति होइनन्।

**यस्तो कामका लागि तपाईंलाई कसले प्रेरणा दिन्छ ?**

गोरखनाथ बाबाले।

**प्रत्यक्ष रूपमा दिनुहुन्छ ?**

मानिसहरू विश्वास नगर्न सक्छन्। यद्यपि मलाई उहाँले बेला-बेलामा निर्देशन दिनुहुन्छ। मैले कतिपटक उहाँको प्रत्यक्ष-अप्रत्यक्ष दर्शन पाएकी छु।

**बताउन मिल्ने कुनै घटना छ कि ?**

ईश्वरको आशीर्वाद पाएँ भनेर समाजमा आफूलाई ठूलो देखाउनेहरूको संख्या ठूलो छ। मसँग धेरै घटना भए पनि सार्वजनिक गर्न मिल्दैन।

**यसो भनेर अझ ठूलो देखिने प्रयास भएन र ?**

अप्ठ्यारोमा पार्नुभयो। ल यतिचाहिँ भन्छु। म एउटी साधारण महिला हुँ। ३० वर्षदेखि लगातार प्रत्येक सोमबार म गोरखनाथको पूजा गर्छु। मेरो पूजा छेकिने गरी अहिलेसम्म महिनावारी भएकी छैन। के यो चमत्कार होइन ? यस्ता धेरै कुरा गोरखनाथ बाबाले दिनुभएको छ।

**सार्वजनिक भाइटीका गर्ने निर्देशन पनि गोरखनाथ बाबाले दिनुभएको हो ?**

हो, उहाँकै निर्देशन र विधि-विधानमा भाइटीका लगाउँछु।

**परिवारमा को-को हुनुहुन्छ ?**

एउटा छोरा, बुहारी र म। छोरा-बुहारी अमेरिकामा चिकित्सक छन्। म यहाँ दाइकी छोरी, नातिनीहरूसँग बस्छु।

**घरसँगको कुनै नाता ?**

छैन।

**अंश लिनुभएन ?**

सबै महिलाले आफ्नै खुट्टामा उभिने प्रयास गर्नुपर्छ। मैले पनि आफ्नै खुट्टामा उभिएर छोरालाई पढाउने, हुर्काउने काम अनि समाजसेवा गरेकी हुँ। अरू महिलाहरूले पनि आफ्ना लागि आफैं काम गर्नुपर्छ भन्ने मेरो मान्यता छ।

# हवारी परिवारको 'अनुरोध परम्परा'



वीरगन्ज– मानिसका सौख थरी-थरीका हुन्छन्। कहिलेकाहीं व्यक्तिको सौखले उसलाई राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमै समेत चर्चित बनाइदिन्छ। यसरी आफ्नो पृथक् सौखका कारण राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा चर्चामा आउन सफल व्यक्ति हुन् वीरगन्ज गहवाका ४८ वर्षीय कुर्बान हवारी।

३० र ४० को दशकभरि रेडियो नेपालदेखि अल इन्डिया रेडियो, विविध भारती, रेडियो श्रीलंका, रेडियो पाकिस्तान, रेडियो खर्साङका साथै, गोरखपुर, पटना र लखनउबाट प्रसारण हुने आकाशवाणी रेडियोमा कुनै पनि गीत बजाइदिन अनुरोध गर्ने श्रोताहरूको पंक्तिमा वीरगन्ज गहवाका कुर्बान हवारी, बेगम ताजमा हवारी, रहमान हवारी, फरमान हवारी तथा इमरान हवारीको नाम झन्डै नियमितजस्तै सुन्न सकिन्थ्यो। त्यतिखेरको एक मात्र मनोरञ्जनको साधन रेडियोमा बज्ने प्रायः सबै नेपाली तथा हिन्दी गीतको अनुरोधमा हवारी परिवारको नाम सुनिनु सामान्यझैं लाग्थ्यो।

५० को दशकभरि यो क्रम भंग भएको अनुभव सबैले गरेका थिए, तर ६० को दशक सुरु भएलगत्तै यो क्रम पुनः सुरु भएको छ। अब स्थानीय एफ.एम.हरूमा मात्र नभै रेडियो नेपाल, कान्तिपुर टेलिभिजन, इमेज च्यानल, नेपाल वान आदि टेलिभिजन च्यानलहरूमा तिनै कुर्बान हवारीका २१ वर्षीय छोरा फरमान हवारीको नाम सुन्न पाइन्छ। त्यतिखेर बुबा कुर्बानले आफ्नो खाजा खर्च कटाएर हुलाकबाट ६ पैसा देखि ६० पैसासम्मको हवाईपत्र, पोस्टकार्ड तथा बुक पोस्टबाट देश विदेशका रेडियोहरूमा अनुरोध पठाउँथे भने अहिले छोरा फरमानले मोबाइल एसएमएस र इ-मेलबाट अनुरोध गरिरहेका छन्।

छोराले आफ्नो अनुरोध परम्परालाई ब्यूँताएकोमा बुवा कुर्बान अत्यन्त खुसी छन्। वीरगन्जको ठाकुरराम कलेजमा ३० वर्षदेखि सेवारत कुर्बान हवारी बाध्यतावश गीति अनुरोधको आफ्नो सौखलाई विराम दिएको बताउँछन्। सुरुमा कलेजमा लेखापालका रूपमा कार्यरत रहँदा उनलाई कुनै समस्या थिएन, तर २०५० देखि सहायक प्राध्यापकका रूपमा त्यही कलेजमा पढाउन थालेपछि विद्यार्थीहरूले आफूलाई आफ्नो उक्त सौखका बारेमा अनेक थरी प्रश्न तथा जिज्ञासाहरू तेर्स्याउन थालेपछि बाध्य भएर आफ्नो सौखलाई दबाएको हवारी बताउँछन्।

यी बाबु-छोराभन्दा पहिले हवारी परिवारमा अर्का एक व्यक्तिले गीति अनुरोधको परम्परा बसालेका थिए। कुर्बानका दाजु तथा फरमानका ठूलो बुबा ६६ वर्षीय सुलेमान हवारीले। सुलेमानको समयमा पछिल्लो समयमा जस्तो घरघरै रेडियो नभएकाले उनले भाइ कुर्बानजति चर्चा पाउन सकेका थिएनन्।

रेडियोमा गीत अनुरोध गर्ने सौखले आफूहरूलाई चर्चित बनाएको तीनै जना एकै स्वरमा बताउँछन्। त्यतिबेला कुर्बानलाई भेट्न भनी भारत र नेपालका मानिसहरू वीरगन्जसम्म आइपुग्थे भने केही महिला पत्रमित्र रगतले लेखेको पत्रसमेत पठाउँथे।

सुरुमा दाजु सुलेमानले आफ्नो नामसँगै भाइ कुर्बानको नाम पनि गीति अनुरोधका लागि पठाइदिने गरेकोमा पछिल्लो समयमा आफ्नै अस्तित्व र व्यक्तित्व आफैंले बनाउनुपर्छ भन्ने सोच पलाएपछि आफूले आफू र परिवारका अन्य सदस्यहरूको नाम सहितको अनुरोध पत्र पठाउन थालेको कुर्बान बताउँछन्।

२० को दशकभरि अनुरोध कार्यमा तल्लीन सुलेमान भाइ कुर्बानले ३० को दशकदेखि स्वतन्त्र रूपमा अनुरोध पठाउन थालेपछि आफूले विश्राम लिएको बताउँछन्। सुलेमान हाल नेपाली कांग्रेस पर्साका कोषाध्यक्ष छन्। आफूहरूलाई रेडियोका श्रोताले मात्र नभै कार्यक्रम सञ्चालक र गायक-गायिकाहरूले समेत राम्रोसँग चिन्ने तथा उनीहरूसँग विगतमा नियमित सम्पर्कमा रहेको दुवै दाजुभाइको अनुभव छ।

त्यसताका पानपसलेदेखि डाक्टर, इन्जिनियर, वकिलसम्मले गीतको अनुरोध गरेर आफूलाई चर्चित बनाउने प्रयास गर्ने गरेको कुर्बान बताउँछन्। 'यो सम्मानजनक काम थियो, यसबाट पब्लिक रिलेसन एवं पहिचान बन्थ्यो,' -उनले थपे।

एकपटक एक अज्ञात व्यक्ति आफूलाई कुर्बान हवारी बताउँदै रेडियो नेपालमा प्रवेश गरी त्यहाँ सबैसँग चिनजान एवं आतिथ्य स्वीकार गरी झुक्याएर गएको घटना सुनाउँदै पछि आफू त्यहाँ जाँदा उक्त रहस्य श्री प्रधानबाट खुलेको कुर्बान बताउँछन्।

त्यति खेरका उदियमान र हालका स्थापित गायक-गायिकाहरूले आफूलाई पटक-पटक आफ्नो गीतको अनुरोध गरिदिन आग्रह गरेको स्मरण गर्दै कुर्बान आफूले त्यतिखेर उदित नारायणको पहिलो हिन्दी गित ('उन्नीस विस' चलचित्रको एक गित) को अनुरोध अल इन्डिया, विविध भारतीजस्ता रेडियोमा दैनिकजसो पठाएको र आफ्नो अनुरोधमा उदितको उक्त गीत पटक-पटक बजेको अनुभव सुनाउँछन्। 'त्यति खेर मात्र नभै १०-१५ वर्ष अघिसम्म पनि उदितले मलाई राम्रैसँग चिन्थे, अब त उनी साह्रै व्यस्त छन्, मलाई सम्झेकै छन् वा बिर्सी सके भन्न सक्दिन,' -उनले थपे।

रेडियो नेपालको स्टुडियोमा पुगी तीन पटक विभिन्न कार्यक्रमका लागि अन्तर्वार्ता दिइसकेका प्राध्यापक कुर्बान अहिले छोरा फरमानसँग आफ्ना अनुभव बाँड्ने र सुझाव दिने काम गर्छन्। गीति अनुरोध मात्र नभै रेडियो अन्ताक्षरी शैलीका अन्य कार्यक्रमहरूमा पनि नियमित भाग लिने कुर्बानले त्यतिखेर गीतहरूको इनसाइक्लोपेडिया नै तयार पारेका थिए। ४ सय पृष्ठ लामो उक्त इनसाइक्लोपेडिया उनले चलचित्र हलमा चलचित्र हेरेरै तयार पारेका थिए। नयाँ चलचित्र हेर्न जाँदा कापी-कलम सँगै लानु र उक्त चलचित्रका संगीतकार, गीतको पहिलो पंक्ति र गायक-गायिका आदिको नाम लेख्नु उनको दिनचर्या नै भएको थियो। तर २०५० सालपछि उक्त इनसाइक्लोपेडिया नष्ट भएर गएकोमा उनलाई अहिले साह्रै थक थक लागेको छ। कुर्बान भन्छन्– 'त्यो इनसाइक्लोपेडिया कसै न कसैलाई त अवश्य काम लाग्थ्यो।'

–शंकर आचार्य

# यस्ता कुरा यहाँ मात्र उठ्छ



**पृष्ठ १ बाट जारी**

ध्यानका बारेमा पुस्तक पनि लेखिसकेको छु। म उनलाई हरेक किसिमले खुसी र सन्तुष्ट राख्न सक्षम छु।

**कारागारभित्र समय कसरी बित्छ त ?**

शोभराज : बिहान उठेर ध्यान र व्यायाम गरेपछि बीबीसी र सीएनएनको समाचार हेर्छु । बाहिरबाट अंग्रेजी पत्रपत्रिका मगाएर पढ्छु । लेख्ने-पढ्ने बानी छ । मैले एउटा पुस्तक लेखेर सकें । फ्रान्सबाट चाँडै प्रकाशन हुँदैछ । त्यो पुस्तकको नाम र सामग्रीका बारेमा म अहिले केही भन्दिनँ । अर्को पुस्तक पनि लेख्ने मुडमा छु ।

**जेलकै खाना खानुहुन्छ कि बाहिरबाट ल्याउनुहुन्छ ?**

शोभराज : मलाई नेपाली खाना निकै मन पर्छ, तर जेलभित्रको खाना त्यति स्वादिलो हुँदैन । म त आफ्नै पैसाले बाहिरबाट फास्टफुड मगाएर खान्छु । मलाई इटालियन, फ्रेन्च र चाइनिज परिकार मन पर्छ ।

**तपाईंकी नेपाली प्रेमिका निहिताले गुन्द्रुकको झोल र भात ख्वाइनन् ?**

शोभराज : यस विषयमा त मलाई थाहै भएन । यो कस्तो खाना हो ?

**यो नेपालीहरूले एकदमै मन पराउने सांस्कृतिक परिकार हो, एक पटक चाख्नुपर्‍यो नि ?**

शोभराज : जानकारीका लागि धन्यवाद । म निहितालाई भेट्नेबित्तिकै गुन्द्रुकको परिकार पकाएर ल्याइदिन भन्छु ।

**भविष्यको योजना के छ ?**

शोभराज : जेल मुक्त हुनेबित्तिकै निहितालाई लिएर फ्रान्स गै त्यहाँको परम्पराअनुसार विवाह गर्ने । नेपालसँग मेरो गहिरो साइनो छ । निहितालाई लिएर वर्षको एकपटक नेपाल आउनेछु ।

**सर्वोच्च अदालतले रिहा गर्ने कुरामा शतप्रतिशत विश्वस्त देखिनुहुन्छ ? कसरी ?**

शोभराज : म निर्दोष छु । मविरुद्ध कुनै प्रमाण छैन । परिस्थितिजन्य कारण देखाएर कसैलाई सजाय गर्न पाइँदैन । नेपालबाहेक अन्य कुनै पनि मुलुकमा भएको भए म उहिल्यै छुटिसकथें । मलाई यहाँ बलजफ्ती दोषी ठहर्‍याइएको छ । कुनै शक्तिको दबाबमा नआई स्वविवेकका आधारमा फैसला गर्ने हो भने नेपाली सुरक्षा अधिकारीले मलाई दुई दिन पनि जेलमा राख्न सक्दैनन् ।

**छुटिहाल्नुभयो भने सबैभन्दा पहिले के गर्नुहुन्छ ?**

शोभराज : म नेपालको सबैभन्दा विश्वासिलो र व्यावसायिक मिडिया कान्तिपुर पब्लिकेसन्समा गएर आफ्नो कुरा राख्छु ।

**निहिता विवाहका सम्बन्धमा नेपाली सञ्चारमाध्यमहरूसँग किन खुलेर बोल्दिनन् ?**

शोभराज : अधिकांश नेपाली मिडियाले मेरो र निहिताका सम्बन्धमा मनगढन्त एवं चरित्रहत्या गर्ने समाचार लेखेर हैरान पारेका छन् । त्यही भएर उनी नेपाली सञ्चारमाध्यमसँग कुरा गर्न डराउँछिन् ।



## नभएको कुरा कसरी हो भन्ने ?

*कारागार प्रमुख एवं गृहमन्त्रालयका उपसचिव शंकर अर्याल निकै दिक्क र हैरान देखिएका थिए । बिहानैदेखि थुप्रै सञ्चारकर्मीसँगको भेटका कारण उनको मुड अफ थियो । यद्यपि उनले हाम्रा प्रश्नको सामना गरे :*

**शोभराज र निहिताको विवाह गराउनुभयो, हैन त ?**

अर्याल : (झोक्किँदै) त्यो दिन सयौं बन्दी र उनीहरूका निकटका व्यक्तिहरूले टीकाको आदान-प्रदान गरे । एक-अर्कालाई टीका लगाउँदा विवाह गरेको मानिन्छ भने सबैले विवाह गरेको भन्नुपर्‍यो ।

**पत्रपत्रिकामा उनीहरूले विवाह गरेको कुरा प्रकाशित भएको छ नि त ?**

अर्याल : यो सब प्रचार मात्र हो । शोभराज एवं ती बहिनी (निहिता) ले सञ्चारकर्मी र हाम्रो भेजाफ्राई गरिरहेका छन् । नभएको कुरालाई कसरी हो भन्ने ? यस्तो अनर्गल समाचारले हाम्रो दैनिक काममा बाधा मात्र पुर्‍याउँछ ।

**निहिता त पोते र मंगलसुत्र लगाएर भर्खर शोभराजलाई भेटेर गइन् त ?**

अर्याल : (हल्का मुस्कुराउँदै) हरे शिव, मानिसलाई कति आइडिया आउँदा रहेछन् । अचम्म छ बा ? नौटंकीको पनि हद हुन्छ । बाहिरबाटै लगाएर आएकी होलिन् ।

**हिन्दू धर्म र संस्कारको खिल्ली उडाउने गरी कसैले त्यत्तिकै मंगल सुत्र लगाउँदैनन् नि ?**

अर्याल : खै, यो सब लामो कथा थाहा भएन । विवाह भएको भए, हो भन्दा मलाई कुनै सजाय हुँदैन क्यारे । नभएको कुरालाई कसरी हो भन्नु ?

**यो सब गर्नलाई शोभराज र निहितालाई निकै स्वतन्त्रता दिनुभएको छ कि क्या हो ?**

अर्याल : यस्तै अनाहकको प्रचार र कारागारको नियम विपरीत गतिविधि गरेका कारण शोभराजलाई पुरुष बन्दीगृहको पनि छुट्टै गोलघरमा कडा सुरक्षाका साथ राखेका छौं । निहितालाई पहिलेझैं प्रत्येक दिन शोभराजसँग भेट्न दिएका छैनौं । उनले साताको दुई दिन आइतबार र बुधबार मात्र भेट्न पाउँछिन् ।

# विवाह गरेकै हो !

धेरैका निम्ति निहिता र चार्ल्सबीचको प्रेमकथा चाखलाग्दो बनेको छ । स्वच्छन्द वातावरणमा हुर्किएकी २० वर्षीया युवती निहिता विश्वास र कैदी जीवन बिताइरहेका ६४ वर्षे चार्ल्स शोभराजबीचको यो प्रेमकथाको अन्तिम परिणाम कस्तो हुन्छ होला भन्ने कौतूहलताले पनि यो विषय चासोको विषय बनेको हो ।

अपराधको दुनियाँका वादशाहका रूपमा कहलिएका विदेशी नागरिक चार्ल्स गुरुमुख शोभराजसँग प्रेम गरेर एकाएक चर्चामा आएकी निहिता विश्वास विजयादशमीको दिन तिनै शोभराजसँग विवाह गरेपछि अझ बढी चर्चामा आइन् । एकातर्फ यी जोडी प्रेमी र उनको परिवार विवाह भएको बताउने अर्कातर्फ जेल प्रशासन विजयादशमीको दिन विवाह नभएको जिकिर गर्ने होडबाजी चलेपछि यो विवाह प्रसङ्गले अझ बढी चर्चा पाएको हो ।

'विजयादशमीको दिन नेपाली परम्पराअनुसार चार्ल्स र मैले विवाह गरेका हौं, जसको साक्षी मेरो परिवार र जेलका अन्य कैदीहरू हुन्' निहिता विश्वासले साप्ताहिकसँग भनिन्- 'विवाह भएको हो भनेर स्वयं विवाहित व्यक्तिले नै बताएपछि पनि कसैले विश्वास गर्दैन भने त्यसमा मैले केही भन्नु आवश्यक छैन ।'

आफूलाई कम्युनिस्ट विचारधाराको पक्षधरका रूपमा चिनाउनने निहिताले कम्युनिस्टहरूले गर्ने प्रगतिशील विवाह शैलीका बारेमा समेत व्याख्या गरिन् । 'कम्युनिस्ट दर्शनलाई आत्मसात् गरेका थुप्रैले स्टेज विवाह गरेका छन्, जहाँ भाषण गरेर एक-अर्कामा हात मिलाएपछि विवाहको औपचारिकता समाप्त हुन्छ ।' आफू नेकपा माओवादीसम्बद्ध परिवारको सदस्य बताउने निहिताले भनिन्- 'त्यस आधारमा हेर्ने हो भने पनि मैले विजयादशमीको दिन औपचारिक रूपमा चार्ल्सको अर्धाङ्गिनी भएको महसुस गरें । हामीले त्यही दिन जेलभित्र एक-अर्कालाई पति-पत्नीका रूपमा स्वीकार गरेका हौं ।'

'हामीले हिन्दू परम्पराअनुसार नभै नेपाली परम्पराअनुसार विवाह सम्पन्न गर्‍यौं,' निहिताले भनिन्- 'चार्ल्सले सिउँदोमा सिन्दूर र गलामा पोते लगाइदिएपछि उपस्थित सबैले ताली बजाएर विवाहलाई मान्यता दिनुभयो ।' विवाहलाई औपचारिकता दिन एउटै भाँडोमा राखेको सगुन दुवैलाई ख्वाइएको थियो । त्यसपछि टीकोटालो गरेर निहिता र उनको परिवार जेलबाट बाहिरिएको थियो ।

मन मिलेपछि जेलका फलामे बारहरू पनि बाधक बन्न नसक्ने तर्क गर्दै निहिताले मन पराएको व्यक्तिसँग विवाह गर्न पाएकाले आफू खुसी भएको बताइन् । त्यसो भए तपाईंको प्रेमयात्रा सफल भयो हैन त ? निहिताले भनिन्- 'हाम्रो प्रेम अझ गाढा भएको हो, प्रेम कहिल्यै पूर्ण हुँदैन, यसकारण अहिले नै हामी प्रेममा सफल भैसक्यौं भन्न मिल्दैन ।' यो प्रेम प्राप्तिका निम्ति दुवैले थुप्रै दु:ख बेहोर्नुपरेकाले आगामी दिनमा प्रेमका विभिन्न अनुभूतिलाई आत्मसात् गर्दै जाने निहिताको तर्क थियो । सामाजिक रूपमा श्रीमान्-श्रीमतीको नयाँ परिचय पाएकाले एउटा सफलता हात परेको निहिताले उल्लेख गरिन् ।

जेलभित्र क्यामेरा लान नमिल्ने भएकाले विवाहका तस्बिर जुटाउन नसके पनि दुई आत्माको वैधानिक मिलन भएको निहिताले बताइन् । चार्ल्स फ्रान्सेली नागरिक भएकाले नेपाली कानुनअनुसार विवाह गर्ने योजनामा नरहेको उनी बताउँछिन् । 'हामीले फ्रान्स गएर कानुनी विवाह गर्ने निर्णय गरेका छौं,' फ्रान्स जानका निम्ति आफू व्यक्तिगत रूपमै सक्षम रहेको बताउने निहिताले भनिन्- 'हामीले विवाहपछिको जीवन पनि फ्रान्समै बिताउने निर्णय गरेका छौं, समय-समयमा नेपाल आउने योजना छ ।' फ्रान्स गएर उच्च शिक्षा पूरा गर्ने योजनामा रहेकी निहिताले त्यहाँ रहँदा चार्ल्सको प्रोडक्सन फिल्डमा काम गर्ने बताइन् ।

चार्ल्स छुट्नेबित्तिकै भारतको पूणे गएर हिन्दू परम्पराअनुसार 'ग्रान्ड' विवाह गर्ने योजना बनाएको निहिता बताउँछिन् । सिन्धि परिवारका चार्ल्सका बहिनीहरू पूणेमा बस्छन् । केही महिनाभित्र आयोजना गर्ने लक्ष्य राखिएको उक्त विवाहका बारेमा सबैलाई अवगत गराउने निहिताले बताइन् । आफ्नो प्रेम कानुनी रूपमा वैधानिक नभएको बताउनेहरूलाई उनी नयाँ मुलुकी ऐन हेर्ने सल्लाह दिन्छिन् । नयाँ मुलुकी ऐनमा २० वर्ष उमेर पूरा गरेका युवतीले आफूखुसी विवाह गर्न सक्ने प्रावधान भएको र उमेर अन्तरको विषयमा ऐन मौन रहेकाले पनि कानुनले रोक्न नसक्ने उनको तर्क थियो । 'हाम्रो प्रेमलाई षड्यन्त्रका रूपमा लिइएको छ, र यो खेल भन्नेहरू पनि छन्,' निहिताले भनिन्- 'जुन निराधार छ, हामीले सामान्य दाम्पत्य जीवन चाहेका हौं, यस विषयमा अहिले बोल्नुभन्दा भविष्यले नै स्पष्ट पार्छ ।'

**चर्चा धेरै भयो**

आफ्नो प्रेम-प्रसंगले अनावश्यक चर्चा पाएको निहिता आफैं बताउन थालेकी छिन् । बन्दी जीवनमा रहेको विदेशी नागरिक र उमेर अन्तरको प्रसंगले सामान्य चर्चामा ल्याउनु स्वाभाविक भए पनि यो विषयलाई 'सेन्सेसनल' बनाउने होडमा मिडिया हात धोएर पछाडि लागेको उनले बताइन् । 'अनावश्यक चर्चाले हाम्रो व्यक्तिगत जीवनलाई समेत असहज बनाइदिएको छ ।' गम्भीर मुद्रामा निहिताले भनिन्- 'मैले बोल्दिनँ भन्दा पनि हुँदै नभएको विषयलाई समाचार बनाइन्छ, त्यसपछि बाध्य भएर त्यसो होइन भन्नुपर्ने अवस्था हुन्छ ।'

**कसले कसलाई खेलाएको हो ?**

यो प्रेमकथाका पछाडि 'ग्रान्ड गेम' छ भनिन्छ नि ? निहिताले भनिन्- 'सुरुदेखि नै हाम्रो प्रेमलाई षड्यन्त्रका रुपमा लिइएको छ, तर हामीले खेल खेलिरहेको हो कि कसैले हामीलाई खेलाइरहेको छ भन्ने कुरा समयले नै प्रष्ट पार्नेछ ।' एउटा निर्दोष व्यक्ति विना कुनै अपराध जेलमा सडिएको विषयमा बोल्दा त्यसलाई नकारात्मक रूपमा लिइएको निहिता बताउँछिन् । जे बोले पनि नकारात्मक रूपमा लिएर त्यसको निष्कर्ष आफैं निकाल्नुभन्दा थोरै मात्र भए पनि सकारात्मक सोच राखिदिन निहिता आग्रह गर्छिन् । हामीले साँचो प्रेम गरेका छौं, उनी भन्छिन्- 'कुनै दिन यो वास्तविकतालाई सबैले बुझ्नुहुनेछ ।'

## कारागारमा बन्दी भेटघाटमा कडा सुरक्षा

काठमाडौं- हत्याका अभियुक्त फ्रान्सेली नागरिक चार्ल्स शोभराज गुरुमुख र नेपाली युवती निहिता विश्वासको सम्बन्धमा आधारहीन एवं भ्रामक सूचना सम्प्रेषण भैरहेको कारण देखाएर केन्द्रीय कारागार आवतजावतमा कडाइ गरिएको छ ।

कारागार प्रशासनले गम्भीर प्रकृतिका अपराधका अभियुक्त शोभराजलगायतकालाई भेट्न सञ्चारकर्मीले समेत आफू कार्यरत सञ्चारमाध्यमको लिखित पत्र लिएर आउनुपर्ने स्पष्ट पारेको छ । कारागार कार्यालय प्रमुख शंकर अर्याल भन्छन्– 'भेट्न आउनेले कामको प्रयोजन खुलाउनुपर्छ ।' कारागारमा शोभराजलाई भेट्ने बहानामा गलत नियत र स्वार्थ लिएर आउनेलाई नियन्त्रण गर्न यो कदम चालिएको उनले बताए । अर्याल भन्छन्– 'यसले वास्तविक र यथार्थपरक समाचार सम्प्रेषणमा भने अप्ठेरो पर्दैन ।'

केही महिनादेखि प्रेम गरिरहेका ६४ वर्षीय शोभराज र २० वर्षीया निहिताले विजयादशमीको दिन टीकाको मौकामा विवाह गरेको खबर सार्वजनिक भएपछि कारागार प्रशासनले यस्तो कडाइ गरेको हो । शोभराज ३२ वर्षअघि नेपालमा दुई पर्यटकको हत्या गरेको सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको अभियोगमा थुनामा छन् । थुनामै रहँदा उनको आफ्नी कानुन व्यवसायी शकुन्तला थापाकी छोरी निहितासँग सम्पर्क भएको सार्वजनिक भएको छ ।

'निर्वाध, निष्पक्ष र वास्तविक समाचारका लागि सञ्चारमाध्यमलाई यस्तो संवेदनशील ठाउँमा सहज पहुँच दिएका हौं,' अर्याल भन्छन्– 'केही सञ्चारमाध्यम र लेखकले कारागार एवं मुलुककै छवि बिगार्ने खालका समाचार प्रवाह गरिरहेकाले कडाइ गर्न बाध्य भएका हौं ।' अर्यालका अनुसार निहिताझैं अन्य व्यक्तिले समेत शोभराजलाई साताको दुई पटक आइतबार र बुधबार मात्र भेट्न पाउनेछन् । यसअघि भेटघाटमा यस्तो कडाइ अपनाइएको थिएन ।

'गम्भीर प्रकृतिका अपराधका अभियुक्तसँग कसैले कुराकानी गर्दा कारागारका केही सुरक्षाकर्मीको अनिवार्य उपस्थिति हुनेछ,' अर्यालले भने– 'यसले हामीलाई पनि अनुगमनमा सहयोग हुनेछ, के गर्ने बुद्धिजीवीहरूले खुला पार्क र कारागारको भेद छुट्याउन नसक्दा यस्तै कदम उठाउनुपर्छ ।'

केही स्वदेशी र विदेशी सञ्चारमाध्यम एवं लेखकले शोभराजले कारागारभित्र १४ जनाको उपस्थितिमा विवाह गरेको, शोभराजले निहितालाई आलिंगनमा बाँधेर चुम्बन गरेको, भित्रै रेड वाइन पिउने गरेको, फ्रान्स र इटालीबाट आयात गरिएको फास्टफुड खाने गरेको फेसन टेलिभिजन हेर्ने गरेको समाचारहरू प्रकाशन एवं प्रसारण गरिरहेकोमा ती सबै भ्रामक भएको कारागार प्रशासन बताउँछ ।

जुनसुकै स्तरको बन्दी भए पनि कारागारभित्र मदिरा सेवन पूर्णतया प्रतिबन्ध रहेको अर्यालले जानकारी दिए । अझ चार्ल्स शोभराजलाई पुरुष बन्दीगृहको गोलघरको कडा सुरक्षा निगरानीमा राखिएको प्रस्ट पार्दै अर्याल भन्छन्– 'गोलघरमा खतरनाक खालका पाँच-छ बन्दीलाई छुट्टै राखिन्छ, उनीहरूलाई राति बाहिर आवत-जावत गर्ने र अन्य बन्दीसँग घुलमिलसमेत गर्न दिइँदैन ।' भित्र खटिएका सुरक्षाकर्मीको अनुमति नलिई उनीहरू शौचालयसमेत जान नपाउने अर्यालले बताए । खाना र सूचनाको हकमा उनीहरूलाई केही छुट दिइएको अर्यालले स्वीकार गरे । उनीहरूलाई आफ्नो खर्चमा टेलिभिजन ल्याएर हेर्ने र बाहिरबाट खाना मगाएर खान दिएको अर्यालले बताए । अर्याल भन्छन्– 'सुरक्षा जाँच र निगरानीमा मात्र उनीहरूले खाना खान र टेलिभिजन हेर्न पाउँछन् ।'

# सिटी लाइफ स्टाइलको अभ्यास



विदुर खतिवडा

काठमाडौं– कत्ति पैसा भयो भने जीवनभर खुसी रहन सकिन्छ ? अथवा जीवनशैली उच्च राख्न कति पैसा चाहिन्छ ? यो प्रश्नको उत्तर खोजियो भने उत्तरदाताले एउटा प्रारम्भिक 'अमाउन्ट' बताउन सक्छ, तर सत्य के हो भने भनेजति पैसा पायो भने पनि कुनै मानिस सन्तुष्ट हुन सक्दैन। आकांक्षा बढ्ने क्रममा त्यो मानिसले अझ पैसा भयो भने यस्तो अथवा त्यस्तो गर्ने थिए भनेर योजना बनाउँछ। यो समस्या त्यो मानिसको मात्र नभै आम मानिसको स्वभाव हो।

आजको प्रतिस्पर्धात्मक युगमा सामान्य मानिस पनि योग्यता एवं मेहनतकै बलमा सम्पन्न हुने सामर्थ्य राख्छ। विशेष गरी सहरी जनजीवनमा यस प्रकारका उदाहरण प्रशस्त भेटिन्छन्। परम्परागत घराना तथा नवधनाढ्यहरूको उच्च जीवनशैली हेर्ने हो भने सिटी लाइफस्टाइलका थुप्रै नयाँ आयाम देखिन्छन्। एउटा सुन्दर सुविधासम्पन्न घर र आकर्षक सवारी साधन आममानिसको उद्देश्य एवं योजनाभित्र पर्छन्।

'गाडी किन्नु ठूलो कुरा होइन तर गाडी किनिसकेपछिको जीवनशैली कसरी मेन्टेन गर्ने भन्ने कुरा महत्त्वपूर्ण हो।' डिजे तेन्जिङले साप्ताहिकसँग भने- 'त्यसैले मैले केही वर्षपछि मात्र गाडी किन्ने योजना बनाएको छु।' सवारी विक्रेता कम्पनीहरूले इन्स्टलमेन्ट योजना ल्याएपछि अहिले सुरुमा १ लाख तिरे गाडी पाइन्छ। विभिन्न अन्तर्राष्ट्रिय ब्रान्डका कार, जिपहरू नेपाली बजारमा सहजै उपलब्ध हुने भएकाले अहिले घरभन्दा पहिले नै गाडी किन्ने ट्रेन्ड विकसित हुँदै गएको छ।

'पहिले-पहिले घर बनाउने अनि मात्र गाडी किन्ने भन्ने थियो, तर अहिले पहिले गाडी किनौं भन्नेहरू पाइन्छन्।' एक व्यापारी भन्छन्- 'राम्रो मासिक आम्दानी भएकाहरूलाई किस्ताबन्दीको आकर्षणले पनि तानेको छ।' पछिल्ला वर्षहरूमा कम्पनीहरूले महिलालाई लक्षित गरेर 'कलरफुल' गाडीहरू बजारमा ल्याएका छन्। ती व्यापारीका अनुसार महिलाहरू आफैंमा कलरफुल हुने भएकाले उनीहरूको रोजाइको कलरमा गाडी उपलब्ध गराउन सकियोस् भनेर धेरै कलरका सवारी साधन बजारमा उतारिएका हुन्।

कामकाजी महिलाहरूको संख्या बढ्दै गएको अहिलेको परिप्रेक्ष्यमा उनीहरूमा पनि सवारी सुविधाको आकर्षण बढेको छ। महिलाहरू सानो आकारका अल्टो, किया, इन्डिकाजस्ता गाडी रुचाउँछन्। पछिल्ला दिनहरूमा पुरुषहरू भने जीपप्रति आकर्षित हुन थालेका छन्। जीपमा धेरै मानिस अटाउने तथा आकर्षक मोडलमा पाइने भएकाले त्यसको आकर्षण बढेको हो। युवा पुस्तामा भने भिन्न शैलीको बाइकको ट्रेन्ड छ। आर वान, आर वान फाइभ, पल्सर, हङ्क, युनिकर्न, साइनजस्ता बाइक युवा रोजाइमा पर्छन्। अझ बाइकलाई मोडिफाई गरेर आफूले चाहेजस्तो सेपको बनाउने चलन पनि छ। मध्यम आयस्रोत भएका महिलाहरू हल्का स्कुटरको चाहना राख्छन्।

**आकर्षक घर**

अध्ययनपश्चात् रोजगारी, त्यसपछि पायक पर्ने स्थानमा राम्रो घरको चाहना हुन्छ, घर बनाइसकेपछि राम्रो बनाउनुपर्छ भन्ने चाहना अधिकांशको हुन्छ। दक्ष आर्किटेक्टको डिजाइनमा सोचेजस्तो घर बनाउने ट्रेन्ड अहिले छ। आधुनिकतासँगै राम्रो घरमा आनन्ददायी बाथरुमको आवश्यकता हुन्छ। बाथरुम अहिले घर बनाउँदा पहिलो प्राथमिकतामा पर्छ। 'घर बनाउँदा लक्जरियस तथा कर्म्फटेवल बाथरुम बनाउने कुरा पहिले गर्न थालिएको छ।'

आर्किटेक्ट राजेन्द्र खतिवडा भन्छन्- 'बाथरुममा उमेर समूहअनुसारको थिम विकसित भएको छ।' जसअनुसार बूढाबूढीका लागि आनन्द दिने पृष्ठभूमिमा बाथरुम बनाइन्छ, जसमा एन्टिक थिमको प्रयोग हुन्छ। पुरानोजस्तो देखिने तर सफा एन्टिक बाथरुममा बूढाबूढीले मन पराउने किसिमका प्रकाश तथा सामग्रीहरू राखिएका हुन्छन्।

त्यसैगरी बालबालिकालाई लक्षित गरेर बाथरुमका भित्तामा कार्टुन तथा ठूला आकारका चित्रहरू राखिन्छ। त्यसबाहेक युवा पुस्ताले बाथरुममा म्युजिक सिस्टम तथा नोटबुक राख्ने प्लेसको चाहना राख्छन्। आधुनिक बाथरुमलाई एन्टिक डिजाइन (पुराना प्रयोगका सामग्री राखेर) मा सजाउने नयाँ ट्रेन्ड हो। बाथरुममा खड्कुलो, फोसी, सुकुल र तामाका अन्य भाँडा पनि प्रयोगमा आउने गरेका छन्। अहिले दम्पती नै एकैस्थानमा बसेर नुहाउने बाथरुम पनि विकास भैसकेको छ। बाथटब, आधुनिक धारा सबै बाथरुममा भए पनि साउना तथा ज्याकुजीको सुविधा उपलब्ध हुने बाथरुम भर्खरै बन्न थालेका छन्। अझ जंगलको झरनामा नुहाएको फिल हुने बाथरुम पनि बन्न थालेका छन्।

बाथरुमपछि किचेनको पालो आउँछ, पकवान कक्षलाई आकर्षक रूपमा सजाउनु हरेक गृहिणीको नृत्यकर्म हो। पछिल्ला वर्षहरूमा 'मोड्युलर किचन' को कन्सेप्ट लोकप्रिय हुँदै गएको छ। सजिलै अर्को रुममा पनि सार्न सकिने मोड्युलर किचन फोल्डिङ कन्सेप्टमा आधारित छ। स्थायी 'किचन रुम' निर्माण गर्दा ढाड नदुख्ने गरी स्लाबहरू निर्माण गरिन्छ। काम गर्न सहज होस् भनेर बनाइने आधुनिक किचनमा धूवाँ नआवोस् भनेर एक्जिष्ट फ्यानका अतिरिक्त चुलोको माथि तेल सोस्ने उपकरण राखिएको हुन्छ।

किचनमा पनि एन्टिक थिम प्रयोग गर्न सकिने आर्किटेक्ट खतिवडा बताउँछन्। पछिल्ला दिनमा नेपालीपन दिन आधुनिक सफा किचनमा लसुन-खुर्सानीको गुच्छा झुन्डचाउने र तामाका भाँडाहरू प्रयोग गर्ने ट्रेन्ड पनि आएको छ। कन्टिनेन्टल परिकारको आकर्षण बढ्दै गएकाले माइक्रोओभन, फुड प्रोसेसर, जुसर मेसिन र कफी मेकरको प्रयोग बढ्दै गएको छ। प्रेसर कुकरजस्तै राइस कुकर सामान्य भएको छ। कुकिङ रेन्जले ग्याँस स्टोभलाई विस्थापित गर्ने भएको छ।

आकर्षक घर बनाएर मात्र पुग्दैन, घरको परिसर आकर्षक भएन भने त्यो राम्रो घर पनि फिक्का लाग्छ। घर सजाउन लोभलाग्दो 'गार्डेनिङ' गर्न जान्नुपर्छ। अहिले सजावटकै लागि बाह्रैमास मौसमी फूलहरू फुलाइन्छ। आजभोलि घरको शोभा बढाउन तथा थाकेको शरीरलाई ताजगी दिलाउन 'ग्रिन प्लान्ट' लाई घर भित्र तथा बाहिर गमलामा रोपिन्छ। बोन्साई गरेका हरिया वृक्षहरूको उपस्थितिले मनलाई शान्त बनाउने भएकाले गार्डेनिङको कन्सेप्ट राम्रो घरका निम्ति अनिवार्य छ।

गार्डेनिङ गर्दा विभिन्न सेपका गमला राख्ने, गार्डेन बार राख्ने, ल्यान्डस्केपिङको कन्सेप्टअनुसार गार्डेन तयार गर्ने, पोखरी र पोखरीको पानीलाई फाउन्टेनिङ गर्ने विधिहरू लोकप्रिय मानिन्छन्। गार्डेनिङमा जापानिज रक गार्डेन र चाइनिज फेङसुई गार्डेन दुई शैली नेपालमा प्रयोग भएको पाइन्छ।

ढुङ्गाको पहाड बनाएर त्यसमा पानी बगाउनु, हरिया झ्याउहरूको प्रयोग गर्नु, बोन्साइ वृक्ष रोप्नु रक गार्डेनको विशेषता हो भने फेङसुई गार्डेनमा लेउको प्रयोग गरेर जंगलको अनुभूति गर्दै त्यसमा मन्दिर बनाउने, त्यही सानो पोखरी निर्माण गरिएको हुन्छ। पोखरी गार्डेनिङमा फाउन्टेन राखेर वरिपरि गमलामा राखिएका फूलहरूलाई भिजाउने तथा पोखरीमा जलकुम्भी, काइ, लेउ र कमलको फूल फुलाइन्छ। झाडी बनाएर त्यसलाई विभिन्न आकारमा सजाएइको गार्डेन पनि पाइन्छ।

राम्रो घरमा इन्डोर स्पोर्ट्सको अवधारणालाई पनि पहिले नै ध्यान दिइएको हुन्छ। थाकेको समयमा एक्लै बसेर सुसाउन स्थायी पिङ बनाइन्छ भने बालबालिकाहरूलाई ध्यानमा राखेर ढिकिच्याउ खेल्ने, चिप्लेटी आदि निर्माण गरिन्छ। आधुनिक घरमा सौखका रूपमा छुट्टै बिलियर्ड रुम पनि बनाइन्छ। जहाँ स्क्वास कोर्टका अतिरिक्त पुल हाउस पनि राखिएको हुन्छ। बिदाको दिन साथीभाइ बसेर रमाइलो गर्दै पुल खेल्न तथा रक्सी पिउन यो रुम प्रभावकारी हुन्छ। त्यस्तै गार्डेनमा बास्केटबल कोर्ट बनाउने, स्वीमिङ पुल बनाउने, स्केटिङ खेल्ने ठाउँको विकास गरिएको हुन्छ। स्पेस उपलब्ध भए टेनिस कोर्ट पनि बनाइन्छ।

होटल तालिम त्यो पनि छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

एच.आई.भी लगायत यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सबै जिज्ञासा तथा समस्याहरुको परामर्शको लागि
हटलाइन सेवा
फोन नम्बर १६६०-०१-४५०००
साधारण टेलिफोन, प्रिपेड, पोष्टपेड मोबाइल र सी.डी.एम.ए. बाट कुरा गर्दा शुल्क नलाग्ने
आइतबारदेखी शुक्रबारसम्म बिहान ९:०० बजे देखि राति ९:०० बजेसम्म ।
सार्वजनिक विदाको दिन यो सेवा बन्द रहनेछ ।
तपाईसँग भएका सबै कुराकानी पूर्ण रुपमा गोप्य रहनेछन् ।
नेपाल परिवार नियोजन संघ

# अब पालो एक्स्ट्रा स्टाइलको



**शिव शर्मा**

पोखरा- अमिर खानको जस्तो हेयर कट, कानमा कुण्डल, ग्रन्च पाइन्ट र पाखुरामा ट्याटु। फाट्टफुट्ट तन्नेरीले यस्तो फेसन गरेपछि अरू युवाहरू पनि त्यसकै अनुसरण गर्न उद्यत हुन्छन्। बदलिंदो फेसनमा हामफाल्ने तन्नेरीहरूलाई कसले रोक्ने ? अहिले कुन फेसन चल्दै छ त्यो कुरा चलचित्र हेरेर होस् वा फेसन च्यानल नै हेरेर किन नहोस् त्यसलाई फेसनप्रेमीहरूले अवलम्बन गरिहाल्छन्। अहिले युवाहरूको हेयर स्टाइल कर्ली स्ट्रेट होइन, अमिर खानले बनाए जस्तै छ जसलाई (लाइनिङ) ब्रस कट सेडो भनिन्छ। यो स्टाइलका युवाहरू अहिले बग्रेल्ती भेटिन्छन्।

अधिकांश युवाहरू लामो हेयर स्टाइल चेन्ज गरेर यही लुक्समा आफूलाई रूपान्तरण गर्न हेन्डसम पार्लर पुग्छन्। फेसनको ट्रेन्ड समात्न सिपालु हेयर डिजाइनर दिल सिंहलाई अमिर खान कट बनाउन आउने युवाहरूको चापले आत्थुआत्थु बनाएको छ। दुवै पाखुरामा ट्राबल सेडो टाटु खोपेका र कानमा कुन्डलसमेत लगाएका डिजाइनर सिंहले भने- 'यस्तो हेयर स्टाइल चलेको धेरै भएको छैन।' यस्तो हेयर स्टाइलले यतिबेला फेसनको वातावरण गर्मागर्म छ। अहिले लामो केशको फेसन पुरानो भैसकेको छ।

बलिउडमा देखिने फेसनको स्टाइल तत्काल क्याच गर्न पोखराका फेसनेबल तन्नेरी-तरुनी निकै सिपालु छन्। फेसनमा के चल्छ त्यसलाई ताकेर बस्छन् पारखीहरू। गैरापाटन पोखराका रमेशकुमार हिजोआज यस्तै न्यु फेसन लुक्समा भेटिन्छन्। उनको फेसन देखेर नजर नदौडाउने कमै हुन्छन्। अमिर खानको जस्तो हेयर कट, दुवै पाखुरामा टाटु अनि ग्रन्च पाइन्टका साथ आफूलाई बिल्कुलै भिन्न गेटअपमा परिवर्तन गरेका रमेश भन्छन्- ' जुन फेसन चल्छ त्यसैमा आफूलाई ढाल्न मन पराउँछु।'

नयाँ फेसनमा अरूभन्दा 'एक्स्ट्रा' देखिने हुनाले फेसनप्रेमीहरू हेयर स्टाइलदेखि आफ्नो लुक्स र पहिरनमा पनि त्यत्तिकै ध्यान पुर्‍याउँछन्। हेयर स्टाइलसँगै पहिरन र शैली बदल्न फेसनपारखीहरू त्यत्तिकै सिपालु छन्। फेरि यस्ता फेसनका लागि अन्यत्र पुग्नुपर्दैन। यहाँ एक से एक डिजाइनर भनेअनुसारका पहिरन तयार पार्न सिपालु हातहरू छन्। युवा हुन् वा युवती फेसनमा नयाँ रूप दिन भिन्न खालका ट्याटुहरू हातपाखुरादेखि शरीरका विभिन्न भागमा खोपाउँछन्।

पहिले जस्तो सामान्य खालको नभएर झट्ट हेर्दा जो कोहीलाई पनि आकर्षित गर्ने खालका ट्याटुको चलन फेसनप्रेमीमाझ व्यापक रूपमा प्रचलनमा आएको छ। यस्तै पहिरनको कुरा त झन् बेग्लै छ। शरीरमा लगाउने सर्ट, टिसर्टदेखि पाइन्टको स्टाइल नै बेग्लै हुन्छ। फेसनप्रेमी युवाहरूले लगाउने पाइन्ट अहिले ग्रन्च नगरिएको हुँदै हुँदैन भन्दा हुन्छ।

हल्का ग्रन्चको तुलनामा बाक्लो ग्रन्चपाइन्ट लगाउने चलन अलि बढी छ, बुद्ध विशाल बजारस्थित जिन्स अफ्यरका डिजाइनर अमुलदास भन्छन्- 'पछिल्लो समयमा पाइन्टमा बाक्लो ग्रन्च गर्ने स्टाइल निकै चलेको छ।' उनको पसलमा युवतीहरू ग्रन्च हाफ पाइन्टदेखि स्कटमा ग्रन्चको डिमान्ड गर्न त्यत्तिकै मात्रामा ओइरिन्छन्। ग्रन्चपाइन्ट माथि भीसेप टिर्सट अनि स्टाइलिस्ट सर्ट लगाएपछि युवाहरूलाई कसले भेट्ने ? फेसनेबल युवाहरू ५ हजारदेखि माथि मूल्य पर्ने जुत्ता लगाउँछन्। घाँटीमा चाँदीका नेकलेसले त झन बेग्लै देखाउँछ युवाहरूलाई। यति भएपछि नयाँ फेसन अनि एक्सट्रा नहुने त कुरै भएन, हिमालीटोलका शम्भु लिम्बू बताउँछन्।



उता फेसनको मामिलामा युवतीहरू युवाहरूभन्दा कयौ गुणा अघि छन्। टाँक, चेन आदि नभएको ओपन हाफ सर्ट बेली अनि चुज नभएको स्ट्रेट पाइन्ट र ग्रन्च गरिएको हाफ पाइन्ट अनि मिनी स्कर्ट अहिलेका स्टाइलिष्ट युवतीहरूको पहिलो रोजाइ बनेको छ। यस्तो फेसन पोखरामा मात्र होइन राजधानी, धरानदेखि लिएर अन्य सहरहरूमा पनि देखिन्छ। युवतीहरूमा हेयर स्टाइलको फेसन पनि भिन्न-भिन्न देखिन्छ। धेरैले कोरियन कट गर्छन् भने केहीले हेयर एक्सटेन्सन पनि गर्ने गरेका छन्।

पृथक् लुक्स अर्थात् र आफूलाई अरूभन्दा फरक देखाउन यस्तो स्टाइल धेरैको रोजाइमा पर्छ, गुरुङ ब्युटीपार्लरकी ब्युटिसियन चिनु गुरुङ भन्छन्- 'अहिले कोरियन लुक्समा थरी- थरीका हेयर स्टाइल चलेको छ।'स्ट्रेट कर्ली गर्ने चलन फेसनेबल युवतीहरूमाझ पुरानो भैसकेको छ।

माओवादी निकट अखिल नेपाल महिला संघ क्रान्तिकारीले सुन्दरी प्रतियोगिता र फेसन कार्यक्रमहरूमा रोक लगाइरहेका बेला फेसनेबल युवा पुस्ता भने आफ्नो फेसनको ट्रेन्डलाई भने अवलम्बन गरेर निर्धक्क हिंड्ने गरेका छन्। रोसनी कार्की भन्छिन्- 'चलेको फेसन कसैले रोकेर रोकिंदैन।' त्यही भएर त अहिलेको 'लेटेस्ट' फेसनलाई अँगाल्न युवायुवतीहरूले कुनै कसर बाँकी राखेका छैनन्।

# आधुनिकतामा युवाहरू



**सुमित्रा अञ्जान**

दुई दिनको जीवन रमाईलो गरेर बिताउनुपर्छ भन्दै सोमी लामा (नाम परिवर्तन) भ्याएसम्म धरान र इटहरीमा आयोजना हुने डान्सपार्टी, कन्सर्ट र फेसन सोमा पुग्छिन्। साथीहरूको पछि लागेर यस्ता पार्टीहरूमा पुग्ने लामा आफू मनोरञ्जन गर्न गएको परिवारलाई थाहा दिन्नन्। स्वतन्त्र भएर साथीहरूसँग पार्टीमा नच्न पाउँदा उनी आफूलाई भाग्यमानी मान्छिन्। सोनी भन्छिन्- 'यो उमेरमा पनि रमाइलो नगरेर बुढेसकालमा गर्ने त ?'

डान्सपार्टीमा उन्मुक्तताका साथ निष्फिक्री नाचेर थाकेपछि कुनै ब्रान्डको लाइट सिगरेटको सिप लिंदै चिसो बियर पिउँदाको आनन्द बेग्लै हुने कुरा सुनाउँदै सोमी भन्छिन्- 'रमाइलो गर्न पार्टीमा जान्छौं। मोजमस्ती नगरेर केचाहिं गर्नु ?' कुनै कारणले मन दुखेको बेला पनि पार्टीमा गएर नाच्दा सबै दुःख बिर्सने उनले बताइन्। 'त्यहाँको वातावरण नै बेग्लै हुन्छ। एकैछिन परिवारलाई पनि बिसिइन्छ। एक्लै जाँदा पनि समस्या हुँदैन, नाच्दा-नाच्दै आफैं जोडी पाइन्छ,' -उनी बताउँछिन्।

प्लस टु सिध्याएर त्यसै बसेकी लामाको नयाँ मोबाइलमा 'तुम बिन जिया जाए' रिङ्गटोन बारम्बार बजिरहेको थियो। मोबाइलको स्क्रिनमा हेरेर उनले हतारिंदै भनिन्- 'साथीहरूले बोलाइरहेका छन्। उनीहरूसँग आज एउटा कन्सर्टमा जानु छ।' उनका साथी कबिर पनि यस्तै पार्टीमा जान रुचाउँछन्। कोरियन पाराको हेयर स्टाइल भएका कबिर १२ को पढाइ सकेर बेलायत जाने सुरमा छन्।

हङकङमा बस्दा डान्सपार्टी तथा डिस्कोको लत बसेका किशोर राई अनगिन्ती पार्टीमा सहभागी भैसकेका छन्। उनकै भाषामा भन्दा किशोर 'टेन्सन फ्री' हुन पार्टीमा जान्छन्। पार्टीमा जाँदाजाँदै बियर पिउने बानी बसेको उनले पत्तै पाएनन्। बियर, चुरोटदेखि बढ्दै गएर सुईबाट लागूपदार्थ सेवन गर्ने, नाइट्रोजन खाने लत बसेको उनले बताए। किशोर भन्छन्- 'मेरा लागि पार्टी लागूपदार्थ सेवन गर्ने उपयुक्त ठाउँ बन्यो।' पार्टी खर्च उनी घर परिवारसँग वा साथीहरूसँग सापट लिन्छन्। पैसा नभए पनि उनका लागि पार्टी चैं छुट्दैन। किशोरले भने- 'पार्टीमा जाँदा एकछिन भए पनि सबै पीर भुल्न सकिन्छ।' उनी एकपल्ट पार्टीमा जाँदा कम्तीमा ५ सय खर्च गर्छन्। राई पार्टीकै लागि धरानबाहिर दमक, इटहरीसम्म पुग्ने गरेका छन्।

कुनै महिना जमघटको कार्यक्रम नपरे उनले नै साथीहरूसँग मिलेर कार्यक्रम राख्न गरेका छन्। जमघटले सम्बन्ध दिगो बनाउने उनको अनुभव छ। राईले पार्टीमा ठूलाको देखासिकी गर्दै चुरोट पिउन सिकेका हुन्। चुरोट सिकेको दिन सम्झँदै उनले भने- 'हल्लिँदै पार्टीमा ठूलाहरूले चुरोट खाँदै नाच्थे, मलाई पनि देखासिकी गर्न मन लाग्यो। बिस्तारै बानी पार्दै गएँ।' घर-परिवारबाट टाढा हुँदा स्वतन्त्र भएको अनुभूति हुने भएकाले युवाहरू पार्टीमा बढी रमाउने राईले बताए।

धरानकै अजिता राईले डान्सपार्टी तथा कन्सर्टको पूर्व जानकारी पाउँछिन्। हरेक पार्टीमा जाँदा उनले एक जोर नयाँ पहिरन तथा स्यान्डल किनेकै हुन्छिन्। अजिता भन्छिन्- 'पार्टीमा भन्दा पनि पार्टीमा लगाउने पहिरन किन्दा बढी खर्च हुन्छ।' उनले इटहरीमा भएको डान्स पार्टीमा बेस्ट ड्रेसको उपाधि जितेकी थिइन्। यो उपाधिले पनि नयाँ पहिरन लगाएर पार्टीमा जान हौसाएको उनी सुनाउँछिन्। अप्ठ्यारो मान्दै अजिताले भनिन्- 'चुरोट खाँदिनँ, बियर चैं पिउँछु तर पार्टीमा जाँदा मात्रै।'

साथीहरूसँग मिलेर गरिने जमघटमा साथीको ढिपीले एक बिर्कोबाट वाइन पिउन थालेकी पवित्र लिम्बूलाई अहिले दुई प्यागले पनि लाग्न छोडेको छ। मानिस मात्दा कस्तो हुन्छ भन्ने कौतूहलता अनि एकपल्ट चाखौं भन्ने सोचले पनि पिउने बानी बसेको पवित्रले बताइन्। वाणिज्यशास्त्रकी छात्रा लिम्बू साथीहरूसँग मिलेर पालैपालो जमघटको आयोजना गर्छिन्। उनको पालो भने चार महिनामा एक पटक आउने उनले बताइन्। उनीहरूले पार्टीमा खानेकुरालाई बढी प्राथमिकता दिने गरेका छन्।

समाजसेवीहरू भन्छन्– 'आधुनिकताको नाममा सहरका युवाहरू सिर्जनशील काम छोडेर डिस्को, डान्सपार्टी, कन्सर्टको वातावरणमा रमाउने गरेका छन्।' उनीहरू आफ्नो संस्कृति तथा पहिचानलाई बिर्सिएर विदेशी सस्कृति अँगाल्न थालेका छन्। देशका कर्णधारहरूको अवस्था यस्तै रहे भविष्यमा यसले नराम्रो असर पार्न सक्छ।



मोडलिङ तस्बिर : रोहन श्रेष्ठ

'अहिलेको समयमा डान्सपार्टी, डिस्को, कन्सर्ट नजाने कोही हुँदैनन्,' -इटहरीकी दुर्गा मगर भन्छिन्। जीवन बाँच्नु भन्नु नै रमाइलो गर्नु हो, -उनको तर्क छ। पार्टीमा बेग्लै पहिरन, मेकअपमा जाँदा सबैको ध्यान आफूतिर तान्न सकिने उनी बताउँछिन्।

दुर्गा एसएलसीपछि पहिलोपल्ट धरानमा भएको डान्सपार्टीमा गएकी थिइन्। केही महिनापछि काठमाडौं जादा डिस्कोमा पुगेको पहिलो अनुभव सुनाउँदै दुर्गाले भनिन्- 'सुरुमा केही गाह्रो भयो तर एक-दुई पटक गएपछि त्यहींको वातावरण मन पर्न थाल्यो। डिस्कोमा नाच्दै जाँदा कहिले अँध्यारोमा आफन्त पनि भेटिन्छन्। अहिले उनी सातामा एकपल्ट डिस्कोमा गएर नाचेकै हुन्छिन्। डिस्कोमा नाच्दानाच्दै प्रेम भएर पनि तीन महिनामा छुटेको उनले सुनाउन भ्याइन्।

बीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका मनोचिकित्सक प्रमोद स्याङ्बो सामाजिक बन्धनबाट टाढा रही रिफ्रेस हुन युवाहरू पार्टीमा जाने गरेको बताउँछन्। पार्टीमा जाँदा सकारात्मक-नकारात्मक दुवै पक्ष हुने बताउँदै उनले भने- 'तर युवाहरूले नकारात्मकतालाई पछ्याउँछन् जस्तै समूह बनाएर असामाजिक कियाकलाप गर्नु, कुलतमा लाग्नु आदि।' युवाहरू स्वतन्त्रताको नाममा स्वछन्द हुने स्याङ्बो बताउँछन्।

नयाँ पुस्ताका सहरिया युवाहरूमा पार्टीमा जाने ट्रेन्ड चलेको बताउँछन् धरानका डान्स एवं स्ट्रिट पार्टी आयोजक सुदीप राई। पार्टीमा बढी युवाहरूको भीड लाग्ने उनी स्वीकार गर्छन्। राई भन्छन्- 'पार्टीमा एउटा छुट्टै स्वतन्त्रता हुन्छ, प्रेम गर्नेहरू निर्धक्क भएर कुराकानी गर्न, नाच्न पाउँछन्। आजका युवाहरू त्यही चाहन्छन्।' पार्टीको वातावरण नकारात्मक र सकारात्मक दुवै हुने बताउँदै राईले भने- 'कसैले नकरात्मक तरिकाले प्रयोग गर्छन्। नाच्न नसक्नेहरू बियर, वाइनको सहारामा नाच्न सक्ने भएकाले पिउने गरेको उनले बताए।

चेतनशील र प्राचीन मान्यतासँग परिचित दुवै थरीका अभिभावकहरू नेपाली समाजमा रहेको महेन्द्र बहुमुखी क्याम्पसका प्राध्यापक तथा अभिभावक हरि दाहाल बताउँछन्। युवाहरूले विदेशी संस्कृतिलाई टेवा दिइरहेको प्रति गुनासो गर्दै उनले भने- 'यो राष्ट्रका निम्ति नकारात्मक कुरा हो।' नेपालको कला-संस्कृति नेपालीहरूका लागि अनमोल भएकाले विदेशीबाट सापटी लिनु आवश्यक नभएको उनको तर्क छ।



तस्बिर : साइबर संसार डटकम

# पिउनुको मज्जै बेग्लै

**साप्ताहिक समाचार**

काठमाडौं– खाने-पिउने नेपाली चाड दसैं भर्खरै बिदा भएको छ। दसैंमा पिउनेहरू प्रशस्त भेटिन्छन्। त्यसो त पिउनेहरूका लागि हरेक चाड रमाइलो हुन्छ। पिएरै मनोरञ्जन गर्नेहरूका लागि दसैं-तिहार आउनै पर्दैन। नेपाली चलचित्रका कतिपय कलाकार चाड-पर्व नआए पनि पिइदिन्छन्।


नेपाली नायिकाहरूलाई 'तपाईं कति पिउनुहुन्छ?' भनेर जिज्ञासा राख्यो भने अधिकांशले 'पिउँदिनँ' भन्ने जवाफ दिन्छन्। 'थोरै पिउँछु' भन्ने नायिकाहरू थोरै नै छन्, तर के उनीहरू आफैंले भनेजस्तै पिउँदै पिउँदैनन् त? दसैंअघि राजधानीमा सम्पन्न एउटा विवाहभोजमा भने अर्कै दृश्य देखियो। उक्त पार्टीमा आधा दर्जनभन्दा बढी नायिकाले धक फुकाएर पिए। पिउने नायिकाहरूको हातमा हल्का पेय 'रेड वाइन' देखिन्थ्यो। यसरी हार्ड ड्रिङ्क गर्ने नायिकाहरूचाहिँ छँदै छैनन् भन्दा पनि हुन्छ।

चलचित्र 'मौसम' की नायिका रञ्जना शर्मालाई कहिलेकाहीं मात्र पिउन मन लाग्छ। चाडपर्वको बेला वातावरण बन्यो भने उनी सुटुक्क वाइन पिउँछिन्, तर पार्टीमा मन मिल्ने साथीहरू भेला भए भने उनी मजाले पिउँछिन्। पार्टीमा रञ्जनाले कति पेग वाइन पिइन्, गन्न त सकिएन, तर पिएपछि उनले गरेको नृत्यले भने मजाले पिएको अनुमान लगाउन सकिन्थ्यो। पार्टीमा रञ्जनाको नृत्यको प्रशंसा गर्नेहरू पनि प्रशस्तै थिए। 'वाइनले होइन, खुसीले नचाएको हो,' रञ्जनाको प्रतिक्रिया यस्तै थियो।

नायिका अरुणिमा लम्साललाई नजिकबाट चिन्नेहरू 'वाइनपारखी' भन्न रुचाउँछन्। ककटेल पार्टीमा सहभागि भएपछि अरुणिमाले वाइन पिइनन् भने उनका साथीहरूसमेत छक्क पर्छन्। एक-दुई गिलास वाइन चढाएपछि खुलेर नाच्ने उनको बानी छ। पार्टीमा रञ्जनाको नृत्यबाट मुग्ध दर्शकहरू अरुणिमाको नृत्यबाट थप रोमाञ्चित हुन्छन्। 'म धेरैचाहिं पिउन सक्दिनँ, तर नपिई पनि बस्न सक्दिनँ', अरुणिमाको भनाइ उदृत गर्दै उनकै समकालीन एक नायिकाले भनिन्– 'वाइन र कोकमा फरक नै के छ र?'

अधिकांश नायिका वाइनलाई सफ्ट ड्रिंक्सकै रूपमा लिन्छन् र त्यसैगरी पिउँछन्। फरक यत्ति हो, सफ्ट ड्रिंक्स जति पिए पनि लाग्दैन, वाइन दुई-चार ग्लास पिएपछि नाच्न मन लाग्छ। अरुणिमा पनि यो कुरा स्वीकार गर्छिन्। उनका अनुसार धेरै पिएर अरूलाई दिक्क लाग्ने व्यवहार भने गर्नु हुँदैन।

पिउने प्रसंगमा नायिका उषा पौडेल पनि पछि पर्दिनन्। चलचित्रकर्मीहरूको साँझको जमघटमा पिउने कार्यक्रम बन्यो भने उषाको हातमा वाइनको ग्लास देख्न पाइन्छ। दसैंअघिको एक पार्टीमा समेत उषा वाइनसँगै झुमेकी थिइन्। अरुणिमा र रञ्जनाले वाइन पिएर रमाइलो गरेको देखिरहेकी उषाले पनि उनीहरूलाई वाइन पिएरै साथ दिएकी



तस्बिर : नेटनसा डटकम

थिइन्। 'म धेरैचाहिं पिउन सक्दिनँ,' उषाका अनुसार उनलाई पनि एक-दुई ग्लास वाइन नै पर्याप्त हुन्छ।

लामो समय जापानमा बसेकी नायिका गौरी मल्ल एक गिलास वाइनले सारा दिन कटाइदिन्छिन्। पार्टीहरूमा उनले एक-दुई गिलास वाइन पिएकै हुन्छिन्। त्यसो त उनले घरायसी जमघटमा पनि वाइन नपिएकी होइनन्, तर सार्वजनिक समारोहमा पिउनुको मज्जै बेग्लै भएकाले होला, ककटेल पार्टीमा उनको हातमा पनि वाइनको ग्लास देख्न पाइन्छ।

नायिका मेलिना मानन्धर भने वाइन तथा बियरकी पारखी हुन्। उनी पार्टीको वातावरण हेरेर वाइन अथवा वियरमध्ये के पिउँदा रमाइलो हुन्छ, त्यही छनौट गर्छिन्। घरायसी समारोहमा उनी बियर पिउन रुचाउँछिन् भने पार्टीहरूमा प्रायः वाइन नै रोज्छिन्।

रेजिना उप्रेती भने बियरपारखी हुन्। उनलाई बियरको स्वाद मन पर्दो रहेछ। कतिपय समारोहमा त उनी बियर पिएर रमाइला जोकहरू पनि सुनाउँछिन्। केही समयअघि वियरको नशामा उनले निर्देशँक सोभित बस्नेतसँग गरेको वादविवाद चलचित्र क्षेत्रमा चर्चाको विषय बनेको थियो।

नायिका ऋचा घिमिरे पनि पिउन मन पराउने नायिका हुन्। रेखा थापा पनि पिएर रमाइलो गर्न मन पराउँछिन्। यी दुवै नायिकाले गत फागुपूर्णिमामा गायिका कोमल वलीले आयोजना गरेको पार्टीमा धक फुकाएर पिएको प्रसंग लामो समयसम्म चर्चित रह्यो। त्यसो त गत दसैंको पूर्वसन्ध्यामा कोमलकै अर्को एक पार्टीमा नायिका निरुता सिंह, दीपाश्री निरौला र उषा पौडेल पनि धक फुकाएर डान्स फ्लोरमा रमाइरहेका देखिन्थे। रेखा र ऋचा पार्टीमा वाइन पिउन रुचाउँछन्।

निरुता र दीपा पनि वाइनमै रमाउन मन पराउने नायिकाको श्रेणीमा पर्छन्। त्यसो त नायिका ऋचा कहिलेकाहीं आफ्नै घरमा समेत पिउन रुचाउँछिन्। 'चाडपर्वको बेला घरमै साथीहरूलाई बोलाएर पिउनुको मज्जा नै बेग्लै,' ऋचाले यसपटकको दसैंको अन्तिम दिन अर्थात् कोजाग्रत पूर्णिमाको दिन केही साथीलाई घरमै बोलाएर दसैंलाई बिदा गरेकी थिइन्, तर यसपटक भने उनले साथीहरूलाई मात्र वाइन पिलाइन्, आफूले चाहिं कोकमै चित्त बुझाइन्।





# सेलिब्रिटी ड्रेस सेन्स

• कृष्ण भट्टराई

काठमाडौं– गएको दसैंको एक साँझ कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने सांगीतिक कार्यक्रम 'कल कान्तिपुर' मा चलचित्र अभिनेता भुवन केसी अतिथिका रूपमा प्रस्तुत भए। उनको नयाँ चलचित्र 'म तिमीबिना मरिहाल्छु' राजधानीमा प्रदर्शन भएकै भोलिपल्ट कान्तिपुर टेलिभिजनका प्रस्तोता सुरजसिंह ठकुरीसँगै बसेर दर्शकसँग टेलिफोनमा प्रत्यक्ष वार्ता गरिरहँदा दर्शकले उनको व्यक्तित्व तथा पहिरनको प्रशंसा गरिरहेका थिए। साढे एक घन्टा लामो उक्त कार्यक्रमका लागि कालो रंगको सुटमा ठाँटिएका भुवन आफ्नो उमेरभन्दा झन्डै २० वर्ष कान्छा कार्यक्रम प्रस्तोता ठकुरी जत्तिकै 'हेन्डसम' देखिएका थिए।

पहिरनले उमेर घटाउने कुरामा चलचित्र नायक केसी विश्वस्त छन्। चलचित्रको पर्दामा मात्र होइन, भुवन दैनिक जीवनमै पहिरनप्रति सचेत छन्। डिंगो जुत्ताका पारखी भुवन घरबाहिर निस्कँदा आफूलाई सुहाउने पहिरन मात्र लगाउँछन्। पहिरनका बारेमा राखिएको एक जिज्ञासामा उनले भने– 'विदेश गएका साथीहरूसँग पनि म पहिरन नै मगाउँछु।' भुवन स्वयं विदेश भएको बेला सपिङ गर्ने कुरा नै पहिरन हुन्छ। उनी आफूसँग कति जोडी पहिरन छन् भन्ने विषयमा त केही बताउन चाहँदैनन् तर हरेक दिन उनी अलग-अलग पहिरनमा भने अवश्य देखिन्छन्। भुवन केसीको ठीक विपरीत नायक राजेश हमाललाई भने पहिरनप्रति खासै रुचि छैन। संख्यात्मक हिसाबले सबैभन्दा बढी नेपाली चलचित्रमा अभिनय गर्ने नायक हमालले पहिरनप्रति ध्यान नै नदिएको अनुभव उनका चलचित्र हेर्ने सबैले गर्न सक्छन्। चलचित्रको पर्दामा समेत उनी कम्बिनेसन नमिलेका पहिरनमा देखिन्छन्। सामान्य जीवनमा पनि उनी डिजाइनर पहिरनलाई महत्त्व दिँदैनन्।

नायक दिलीप रायमाझीले चाहिं पहिरनको मामिलामा भुवन केसीको बाटो अपनाएका छन्। चलचित्रको पर्दामा मात्र होइन, सामान्य जीवनमा पनि उनी आफूले लगाउने पहिरन आफूलाई सुहाएको छ कि छैन, ख्याल गर्छन्। दिलीपलाई जुत्ता जस्तो भए पनि चल्छ तर टिसर्ट, पाइन्ट तथा ज्याकेटमा उनी पनि चुजी छन्। 'चलचित्रमा अभिनय गर्नुअघि पहिरनप्रति खासै रुचि थिएन,' दिलीपका अनुसार नायक भएपछि सामान्य जीवनमा समेत दर्शकहरूले आफूलाई 'हिरो' रूपले हेर्न चाहेकाले पनि उनी पहिरनप्रति सचेत भएका हुन्।

'तीतो-सत्य' का नायक तथा निर्देशक दीपकराज गिरीको पहिरन लगाउने शैली हेर्दा के अनुमान गर्न सकिन्छ भने उनलाई पनि फेसनप्रति खासै रुचि छैन। टेलिश्रृंखलामा अभिनय गर्ने क्रममा सुकिला देखिए पनि सामान्य अवस्थामा उनी 'टिप-टप' देखिँदैनन्। संगीतकार शम्भुजित बाँसकोटा पहिरनप्रति निकै सचेत छन्। उनी अवसर अनुसार ड्रेसअप गर्न पनि माहिर छन्। प्रायः विदेशबाटै झिकाइएका पहिरनमा ठाँटिने शम्भुजितलाई मौसमअनुसारको पहिरन मन पर्छ।



गायक आनन्द कार्की पनि पहिरनप्रति चुजी छन्। सामान्य अवस्थामा टिसर्ट तथा जिन्स लगाउन रुचाउने गायक कार्की कन्सर्ट तथा सार्वजनिक समारोहमा सहभागी हुँदा औपचारिक पहिरन लगाउँछन्। गायकद्वय रामकृष्ण ढकाल तथा यम बरालले पनि आफूलाई समयअनुसार अप टु डेट राख्ने प्रयास गर्दै आएछन्। यी दुवै गायक आधुनिक शैलीका पहिरनमा ध्यान दिन्छन्। रामकृष्ण त पहिरनअनुसारको हेयर स्टाइल बनाउन पनि माहिर छन्। उनीहरूका समकालीन गायक राजेशपायल राईलाई भने पहिरनप्रति खासै रुचि छैन। 'जस्तो पनि चल्छ' स्वभावका राई सार्वजनिक समारोहमा सहभागी हुँदाचाहिं औपचारिक पहिरनमै ठाँटिन रुचाउँछन्।

नायक निखिल उप्रेतीको रहनसहन हेर्दा लाग्छ उनी पहिरनप्रति सचेत छैनन्। प्रायः लुज सर्ट तथा जिन्स पाइन्टमा भेटिने निखिल पहिरनमा ध्यान दिने समय सिर्जनशील कार्यमा लगाउन इच्छुक देखिन्छन्। एक्सन नायकको छविका कारण पनि उनी प्रायः 'रफ' पहिरनमै भेटिन्छन्। चलचित्रको पर्दामा समेत उनले पहिरनप्रति ध्यान दिएको देखिँदैन।



नायिकातर्फ रेखा थापा पहिरनप्रति त्यति सचेत छैनन्, जति अरुणिमा लम्साल छिन्। चलचित्रको पर्दामा स्कर्ट लगाएर दर्शक लठ्याउन पल्किएकी रेखा सामान्य अवस्थामा भने जिन्समा देखिन्छिन्। त्यसो त रेखाले एउटा अन्तर्वार्ताका क्रममा आफूसँग सयौं जोडी पहिरन भएको बताएकी थिइन् तर कार्यव्यस्तताका कारण हो अथवा पहिरनप्रति सचेत नभएका कारण हो, उनले ड्रेसअपमा खासै ध्यान दिएको पाइँदैन। 'चलचित्रको पर्दामा राम्री देखिनैपर्छ,' रेखाका अनुसार नायिका भएपछि सामान्य जीवनमा पनि सजिएरै हिंड्नुपर्ने बाध्यता छ तर पहिरन छनौटमा आफू कमजोर भएको उनी स्वीकार गर्छिन्।

अरुणिमा लम्साल सामान्य अवस्थामा समेत सजिएर हिंड्न रुचाउँछिन्। अवसर तथा मौसमअनुसारका ड्रेसअप गर्न खप्पिस अरुणिमा पार्टीमा प्रायः औपचारिक पहिरनमा सजिएकी हुन्छिन्। लेहेंगा, कुर्ता-सलवार अथवा सारी उनलाई औपचारिक समारोहहरूमा देखिने पहिरन हुन्। नायिका रेजिना उप्रेती पहिरनप्रति सचेत छिन्। प्रायः स्कुटरमा हिंड्ने भए पनि उनी आफूलाई सुन्दर देखिने पहिरन छनौट गर्छिन्। प्रायः जिन्समा देखिने रेजिना पार्टीहरूमा भने औपचारिक पहिरनमा भेटिन्छिन्।

नायिका रञ्जना शर्मा पनि आफूलाई पहिरनप्रति सचेत भएको बताउँछिन्। सेलिब्रिटी भएपछि पहिरनमा सचेत हुनैपर्ने उनको धारणा छ। सार्वजनिक समारोहमा प्रस्तुत हुँदा आफू सुहाउँदो पहिरनमा देखिने रञ्जना मौसम तथा अवसर हेरेर पहिरन लगाउँछिन्। कुर्ता-सलवार मनपर्ने भएकाले उनी प्रायः नयाँ फेसन तथा शैलीका कुर्ता-सलवार लगाउन रुचाउँछिन्। नायिका दीपाश्री निरौलामा पहिरनप्रति रुचि देखिँदैन। त्यसो त उनी आफूलाई पहिरनप्रति सचेत भएको बताउँछिन् तर उनको ड्रेसअपसामान्य शैलीको छ। सार्वजनिक समारोहमा सारी लगाउने दीपा सामान्य अवस्थामा कुर्ता-सलवार तथा जिन्स र कुर्थीमा देखिन्छिन्।



गायक निमा रुम्बा पहिरनप्रति सचेत छन्। पहिरनप्रतिको सचेतताकै कारण उनलाई स्प्रिङडुलले उनले आफ्ना पहिरनहरूको प्रवर्द्धनका लागि ब्रन्ड एम्बेसडर नै बनाएको छ। निमा जिन्सका पारखी हुन्। उनले निकै कम अवसरमा मात्र सुट लगाएका छन्। जिन्सका पाइन्ट तथा टिसर्ट उनका रोजाइका पहिरन हुन्। कन्सर्टमा सहभागी हुँदा पनि उनी यही पहिरनमा ठाँटिन्छन्। पहिरनले व्यक्तित्व विकास हुने कुराका जानकार निमा सेलिब्रिटीहरू पहिरनप्रति सचेत हुनैपर्ने धारणा व्यक्त गर्छन्। 'सेलिब्रिटीहरू समाजका मार्गनिर्देशक पनि हुन्,' निमाका अनुसार आममानिसले सेटिब्रिटीको रहनसहन तथा वेशभूषाको नक्कल गर्ने परम्परा बसेकाले पनि उनी पहिरनप्रति सचेत भएका हुन्।

नायिका विपना थापाले पहिरनप्रतिकै रुचिले एकताका बुटिक नै सञ्चालन गरेकी थिइन्। उनी स्वयं त पहिरनप्रति सचेत छिन् नै, साथै अरूलाई पनि सचेत बनाउन बुटिक सञ्चालन गरेकी थिइन्। विभिन्न कारणले उनी बुटिक व्यवसायबाट अलग भइन् तर पहिरन छनौटमा उनको खुबी अन्य नायिकाको तुलनामा बढी नै छ। फेसन डिजाइनिङमा समेत रुचि राख्ने विपना अवसरअनुसारको पहिरन छनौट गर्न सिपालु छिन्। कस्ता पहिरन लगाउँदा व्यक्तित्व झल्कन्छ भन्ने उनलाई राम्रोसँग थाहा छ। 'चलचित्रको पर्दामा मात्र सुन्दर देखिएर हुँदैन, विपनाका अनुसार चलचित्रका नायक-नायिकाहरू चलचित्रको पर्दाबाहिर थप सुन्दर देखिने प्रयास गर्नुपर्छ। कुर्ता-सलवारकी पारखी विपना मौका पर्दा जिन्स पनि लगाउँछिन्। आफ्नो शरीरलाई सुहाउने पहिरन लगाउनुपर्ने उनको सुझाव छ।

मोडल तथा सञ्चारकर्मी कला सुब्बा आफू पहिरनप्रति सचेत भएको धारणा व्यक्त गर्छिन्। उनलाई मनपर्ने पहिरन मिनिस्कर्ट तथा टिसर्ट हो। पहिरनप्रति उनी कतिसम्म गम्भीर छिन् भने प्रत्येक दिन उनलाई भिन्दा-भिन्दै पहिरनमा देख्न सकिन्छ। सार्वजनिक समारोहमा सुट लगाउन रुचाउने कला दैनिक जीवनमा समेत आफूलाई सुहाउने पहिरनमा ठाँटिन्छिन्।

मोडल तथा नायिका नम्रता श्रेष्ठको पहिरन लगाउने शैली आकर्षक छ। उनी प्रायः क्याजुअल वेयर लगाउँछिन्। चलचित्र 'सानो संसार' को प्रदर्शनपछि सेलिब्रिटी बनेकी नम्रता फोटोसेसनका क्रममा होस् वा म्युजिक भिडियोको छायांकनका क्रममा आफ्नै रोजाइका पहिरन लगाउँछिन्। सामान्य दिनचर्यामा समेत उनी आफूलाई सुहाउने पहिरन नै रोज्छिन्। पहिरनले नै व्यक्तिलाई आकर्षक बनाउने यथार्थता बुझेकी नम्रता पार्टीहरूमा सहभागी हुँदा पार्टी वेयरमै देखिन्छिन्।

## खुलामञ्चमा छोटा चलचित्र

काठमाडौं– प्रायः राजनैतिक दलका नेताको भाषण सुन्नेहरूको घुइँचो लाग्ने टुँडिखेलको खुलामञ्चमा गत सोमबार साँझ भेला भएका सर्वसाधारणले मनोरञ्जन गर्ने अवसर पाएका छन्। आठवटा छोटा चलचित्र एउटै थलोमा प्रदर्शन गरिएपछि सर्वसाधारणले सित्तैमा मनोरञ्जन लिएका हुन्।

खुलामञ्चको रंगमञ्चमा तयार पारिएको प्रोजेक्टरमा एचआईभी एड्सका बारेमा जनचेतना जगाउने उद्देश्यले निर्माण गरिएका छोटा चलचित्रहरू प्रदर्शन गरिएको थियो। सार्वजनिक प्रदर्शन गरिएका ती चलचित्रमा नेपाली चलचित्र क्षेत्रका आठ जना लोकप्रिय कलाकार मेलिना मानन्धर, अरुणिमा लम्साल, गौरी मल्ल, नीर शाह, नम्रता श्रेष्ठ, दीपकराज गिरी तथा गायक सुदिन पोखरेलले अभिनय गरेका छन्।



प्रदर्शनीमा विज्ञान दीक्षितको 'वासनाको सिकार', अविनाशविक्रम शाहको 'हर्न प्लिज', पुर्नेन्दु झाको 'अपवाद', गणेशप्रसाद सुवेदीको 'भोक', अमितेश शाह तथा राजन उप्रेतीको 'कमला', आसिफ शाहको 'सोनम', प्रचण्डमान श्रेष्ठको 'वशमा छैन मेरो मन' तथा प्रशासा वाइबाको 'त्यारी' प्रदर्शन गरिएको थियो।

आयोजक संस्थाले दिएको जानकारीअनुसार ती सबै चलचित्र आगामी केही महिनाभित्र २२ वटा जिल्लामा समेत प्रदर्शन गरिनेछ। टुँडिखेलपछि यी चलचित्र गत मंगलबार जावलाखेल तथा बुधबार भक्तपुरमा प्रदर्शन गरिए। पूर्व-पश्चिम राजमार्गका विभिन्न स्थानमा गरिने ती चलचित्रको प्रदर्शनीमा त्यस्ता अभिनय गर्ने कलाकारहरू समेत उपस्थित हुने बताइन्छ।





# लहड परिवर्तनको

● सुव्रत आचार्य

रितुले आफ्नो 'च्याटिङ पार्टनर' रविलाई ठमेलको जाभामा बोलाउँछे। उनीहरू धेरै समयको 'च्याटिङ' पछि पहिलो पटक भेट्दै थिए। एक-अर्कालाई चिन्न सजिलो होस् भनेर रितु जाभामा स्पेनिस लेखक पाउलो फोयलोको दर्शनमा आधारित पुस्तक 'द आल्केमेस' पढेर बसिरहेकी हुन्छे। कुनै 'निग्रो' हिपहप गायकको जस्तो 'जिङ्रिङे स्टाइल' को केशलाई हेयरव्यान्डले अड्काएर, लुज सर्ट र जिन्स पाइन्ट लगाउने अनि दुवै कानमा इयरफोनका साथ मोबाइलको एफएम रेडियोबाट गीतहरू सुन्दै बरालिने रविले पनि रितुलाई रातो टाइ लगाएर आउने बताएको थियो।

आफ्नो ल्यापटपबाट राति सुत्नुभन्दा अघि रवि (नाम परिवर्तन गरेर) 'हट गाइ' का रूपमा काठमाडौंकै कुनै स्थानमा रहेकी रितुको परिवर्तित नाम 'लस्ट एन्जल' सँग निकै समयदेखि एमएसएन च्याट गरिरहेको हुन्छ। इन्टरनेटले मानिसको जीवनमा ल्याएको परिवर्तन र संसारका जुनसुकै कुनामा रहेका मानिसहरूको एक-अर्काको 'इन्टर कनेक्सन' लाई केही हदसम्म चलचित्रमा पनि समेटिएको छ।

निर्देशक आलोक नेम्वाङको चलचित्र 'सानो संसार' शीर्षक पनि यसैमा सार्थक भएको छ। इन्टरनेट र नेपालीहरूको जीवनशैलीमा आएको परिवर्तनलाई आलोकले आफ्नो चलचित्रमा देखाउन खोजेका छन्। आलोक भन्छन्- 'मात्र छ वर्ष जति भयो होला, नेपालीहरू आफ्नो गेटअप र लुकिङमा सतर्क हुन थालेको। त्यसमा पनि चार वर्ष जति मात्र भयो, यसले सबैलाई द्रुत गतिमा असर पारिरहेको छ। मेकअप, एसेसिरज, गेटअप, हेयर स्टाइल र पार्टी कल्चरमा मध्यम वर्गीय नेपालीहरू पनि सामेल भएका छन्।'

**मेकअप र हेयरस्टाइल**

छ वर्ष जतिअघि राजधानीको दरबारमार्गमा प्रसिद्ध भारतीय हेयर स्टाइलिस जावेद हबिबले नेपालमा आफ्नो पहिलो आउटलेट सञ्चालनमा ल्याएका थिए। त्यतिबेला उनी नेपाली सञ्चार माध्यमहरूमा निकै छाए। असर यस्तो पर्‍यो कि सामान्य सैलुनमा २५-३० रुपैयाँ तिरेर केश काट्नेहरू उनको सैलुनमा कम्तीमा २ सय ५० खर्चेर केश कटाउन पुग्न थाले।

अहिले राजधानीमा सञ्चालन भएका हबिबका दुई आउटलेट, हेयर डिजाइनर नील डेबिडको नील डेबिड्स सैलुनका तीन आउटलेट, हेयरस्टाइलिस तथा ब्युटिसियन सान्द्रा पुनको ब्युटिक्लब एस आदिले सामान्य नेपालीलाई पनि लुकिङ परिवर्तन गरेर फ्ट्ट हेर्दा सुकिलो बनाइरहेका छन्। सान्द्रा पुन भन्छिन्- 'काठमाडौंमा सैलुन सञ्चालन गरेपछि म र मेरा सहयोगीहरू यति विघ्न व्यस्त हुन्छौं भन्ने लागेको थिएन।'

नील डेबिड्सले काठमाडौं मलमा पहिलो हेयर सैलुन खोले लगत्तै नयाँ बानेश्वरमा पनि सैलुन सञ्चालन गरे तर त्यो सैलुनले खोजेजति ग्राहक पाएन र उनी केही समयअघि बन्द गर्न बाध्य भए। नीलले काठमाडौं मलमै अर्को सैलुन खोले जहाँ ग्राहकको घुइँचो लाग्ने गरेको छ। ललितपुरको कुमारीपाटीमा पनि उनले अर्को सैलुन सञ्चालनमा ल्याएका छन्, त्यहाँ पनि आफ्नो लुकिङ परिवर्तन गर्न चाहनेहरूको घुइँचो लाग्ने गरेको छ। 'विगत दुई वर्षमा पनि यो वर्ष अझ बढी मानिसहरू ग्रुमिङ हुनुपर्ने कुरामा कन्सस भएझैं लागेको छ'- डेबिड बताउँछन्।

'पहिलो पटक कपाल जोडेर लामो बनाउने ग्राहक अर्को साता छोटो हेयर स्टाइल बनाउन आउँछन्। कुनै पार्टीमा जानेहरू हामीकहाँ आएर सुहाउने मेकअप र हेयर स्टाइल बनाएपछि यतै ड्रेस चेन्ज गरेर पार्टीमा सहभागी हुन्छन्'- हेयर स्टाइलिस सान्द्राले बताइन्। उनका अनुसार महिलाहरू त पहिले पनि मेकअप र हेयर स्टाइलमा 'कन्सस' थिए, पुरुषहरू पनि अहिले त्यो दौडमा सामेल भएका छन्। 'फेसियल, मेनिक्योर, पेडिक्योर, हेयर ट्रिटमेन्टको सेवा लिनेहरूमा पुरुष पनि निकै छन्- सान्द्राले बताइन्।

ब्रान्डेड र स्टाइलिस पहिरन पुरुष परिधानको एउटा अन्तर्राष्ट्रिय ब्राण्ड 'स्प्रिङउड्स' को नेपालका लागि आधिकारिक उत्पादनकर्ता एवं बिक्रेता सर्य नेपालले एउटा खरिदमा एउटा सित्तैमा नारासहित एउटा 'स्किम एड' गरिरहेको छ। उक्त 'स्किम एड' का ब्रान्ड एम्बेसडर भएका छन्, चर्चित पपगायक निमा रुम्बा। निमा आफैं पनि 'स्टाइल र ब्रान्ड' को सौखिन भएको बताउँछन्। उनले विगत र वर्तमानलाई दाँज्दै भने- 'सानो छँदा कपडा किनेर दर्जीकहाँ सिलाएर नयाँ लुगा लगाइन्थ्यो। अहिले त्यस्तो छैन। धेरै भयो म त दर्जीकहाँ गएकै छैन।

विशेषगरी सहरिया पुस्ता ब्रान्डेड र रेडिमेड पहिरन लगाउन जान्ने भैसकेका छन्।' लिभाइजको जिन्स र नाइकीको जुत्ताबाट नेपालीहरूले ब्रान्डका बारेमा जान्न पाएका थिए। अहिले राजधानीमा पनि दर्जनौं अन्तर्राष्ट्रिय ब्रान्डका सोरुमहरू सञ्चालनमा छन्। महंगो हुन्छ तर ब्रान्ड भने प्रायः सबैजसो डिपार्टमेन्ट स्टोर, सपिङ मलमा खरिद गर्न सकिन्छ। निमा रुम्बाका अनुसार गीत-संगीत, टेलिभिजन, चलचित्र र इन्टरनेटले नेपाली सहरीया पुस्तालाई ब्रान्ड कन्सस बनाएको छ। 'म आफै पनि ब्राण्ड कन्सस छु'- निमाले बताए।

**आइपोडबाट आइफोन जेनरेसन**

फेसन र प्रविधिले सबैभन्दा पहिले प्रभाव पार्ने काठमाडौं, धरान र पोखराका युवापुस्तामध्ये कतिपय राम्रोसँग आइपोडको प्रयोग गर्ने विषयमा सोच्दैथिए, आइपोडको फेसन पुरानो भयो र त्यसको स्थान लियो आइफोनले। आइफोन पनि मोबाइल फोन नै हो तर यसमा धेरै नौला प्रविधि जोडिएका छन्। यसका प्रयोगकर्ताहरू भन्छन्- 'खल्तीमा सानो कम्प्युटर सेट बोकेजस्तो लाग्छ।'

काठमाडौंका युवामा एप्पल ब्रान्डको आइफोन चल्तीमा छ। साइबरसंसार डटकमका सञ्चालक अभिनव कसजु पनि आइफोनका प्रयोगकर्ता हुन्। कसजुले आइफोन यहाँको बजारमा आउनेबित्तिकै खरिद गरेका थिए। कसजू भन्छन्- 'अब त धेरैजनाको हातमा आइफोन देख्न थालेको छु। केही समयमा योभन्दा नयाँ प्रविधियुक्त सेलफोनको खोजी गर्न बजार चहार्छु।'

श्याम/श्वेत टेलिभिजनमा जोडिएको भ्याङ जस्तो एन्टेना घरको छतमाथि राख्दा गर्व गर्ने नेपालीहरूका घरमा अहिले प्लाज्मा होम थियटर पुगिसकेको छ। मोबाइलमै टेलिभिजन र चलचित्र हेर्नु त पुरानो हुन थालिसकेको छ। पहिले महिलाको पर्समा लिपस्टिक, पाउडर र ऐनाजस्ता सामाग्री हुन्थे भने अहिले ब्रान्डेड मेकअपका सामान, लेटेस्ट मोबाइल सेट, बडी स्प्रे, पेपर बिन्दी, माउथ स्प्रे जस्ता सामग्रीहरू भेटिन्छन्।

पुरुषहरू पनि खल्तीमा लेटेस्ट मोबाइल, आइपोड आदिका साथै काँधमा ल्यापटपका साथ भेटिन्छन्। कलेजका टिनएजर पुस्ताले भने प्रविधिलाई आफ्नो प्रयोगका लागि भन्दा पनि साथीभाइहरूलाई प्रभावित पार्न लिने गरेको पाइन्छ। बजारमा नयाँ किसिमको मोटरसाइकल आउन पाएका हुँदैनन्, उनीहरू पुरानो छाडेर त्यो खरिद गर्न उक्सिहाल्छन्। उनीहरू सेलफोन, ल्यापटप, गगल्स, क्याप आदि त फेरिरहन्छन्।

**नाच्न जान्नु राम्रो**

आफन्त वा साथीभाइको विवाहमा ब्यान्डबाजाको अघिल्तिर नाच्ने जमात विगत केही वर्षदेखि डिस्को संस्कृतिमा हराइरहेको छ। उनीहरू विभिन्न नाचको पनि जानकार भैसकेका छन्। रक एन्ड रोल, हिपहप अनि साल्सा। साल्सा सिक्नेहरू पनि उत्तिकै छन्। बिहानै उठेर नृत्यशालामा डान्स सिक्न जानेहरूमध्ये अधिकांशको इच्छा चलचित्रको पर्दामा देखिनु हुन्थ्यो भने अचेल केहीले व्यायामका रूपमा सिकेपछि परिआएको खण्डमा डिस्को वा डान्सपार्टीतिर नाच्न सजिलो हुने भएकाले नृत्य प्रशिक्षण लिने गरेको नृत्य प्रशिक्षक प्रदीप श्रेष्ठले बताए। पार्टीमा जानेर नाचियो भने प्रभाव जमाउन सकिन्छ।

तीज र रत्यौलीमा नाच्न अनकनाउने महिलाहरू अचेल पाँच तारे होटलको पार्टीमा आफ्ना श्रीमान् वा मित्रका साथ 'बलडान्स' वा डिस्को गरिरहेका देखिन थालेका छन्। पार्टीहरूमा मिलाएर गीत बजाउन खप्पिस मानिने डिजेहरूको प्रशिक्षण दिलाइरहेको संस्था बुम इन्टरनेसनलका एक सञ्चालक राजु थापा भन्छन्- 'विवाह, व्रतबन्ध, सेमिनार, पास्नी, जन्मदिन, पिकनिक आदिमा पनि साउन्ड सिस्टम र डिस्को लाइटसहितको डिजेको माग आउन थालेको छ जुन पहिले सभ्रान्तहरूको भोजमा मात्र सीमित थियो। सिजनमा डिजे सप्लाइ गर्न हामीकहाँ भ्याइ नभ्याइ हुने स्थिति पनि आउँछ।' डिजे राजुको विचारमा उच्च धनाढ्य हुन् वा मध्यमवर्गीय, अब त नाच्न जानेन भने पछाडि पर्छन्। उनले भने- 'पार्टीमा डिजेको संगीतमा नाच्न सक्नुलाई पनि अहिले कलाका रूपमा लिन थालिएको छ।'

**एट्टिच्युट र मेन्टालिटीमा पनि चेन्ज**

'नेपालमा धेरै परिवर्तन आइसकेछ र व्यवस्था भने उस्तै रहेछ'- एघार वर्ष अमेरिका बसेर ललितकलामा स्नातकोत्तर गरी दुई साताजति अघि स्वदेश फर्किएका कलाकार कपिलमणि दीक्षितले भने। दीक्षितका अनुसार अमेरिकाको दाँजोमा पुग्न अझै पनि गाह्रो छ। फेसन र ढाँचा मात्र नक्कल गर्दैमा र बाहिरी आवरण मात्र परिवर्तन गरेर केही हुँदैन। दीक्षितको भनाइप्रति समर्थन गर्दै अमेरिकाबाटै चलचित्र निर्माणको अध्ययन गरेका आलोक नेम्वाङले भने- 'एट्टिच्युट र मेन्टालिटी (व्यवहार र सोचाइ) मा पनि चेन्ज आउनुपर्छ अनि मात्र समाज परिवर्तन हुन्छ।'







# तिहारमा तपाईंलाई के राम्रो लाग्छ ? के नराम्रो ?

भाइटीका साह्रै राम्रो लाग्छ। भाइहरूको निधारमा लामो टीका लगाइदिएको क्षण तिहारकै सबैभन्दा राम्रो पक्ष हो। भैली खेलेको पनि मन पर्छ, तर लामो समयसम्म बसेर तास खेलेको चाहिं पटक्कै राम्रो लाग्दैन। अरूलाई झर्को लाग्ने गरी पटाका पड्काएको पनि मन पर्दैन।

**गरिमा पन्त (नायिका)**

स-साना दियोमा बलेको बत्तीको झिलिमिली तिहारको सबैभन्दा मन पर्ने कुरा हो। चलचित्रको छायांकनका क्रममा जत्ति नै उज्यालो प्रकाशमा काम गरे पनि तिहारको प्राकृतिक प्रकाश मनमोहक हुन्छ, तर तिहारकै क्रममा पड्कने पटाकाले भने ध्यान नै भंग गर्छ। ध्वनि प्रदूषण गर्ने पटाका मन पर्दैन।

**निखिल उप्रेती (नायक)**

तिहारमा मलाई राम्रो लाग्ने कुरा धेरै छन्। खासगरी लक्ष्मीपूजा गर्ने परम्परा राम्रो लाग्छ। देउसी-भैलो खेलेको पनि राम्रो लाग्छ, तर केटीहरूलाई लक्षित गर्दै पटाका पड्काएर तर्साएको चाहिं मन पर्दैन।

**सुजाता सिटौला (गायिका)**

मलाई दसैंभन्दा तिहार मन पर्छ। तिहारको वातावरण नै मनमोहक हुन्छ। तिहारमा सबैको घरमा झिलिमिली बत्ती बलेको देख्दा रमाइलो महसुस हुन्छ। भाइटीकाको दिन दाजु-भाइलाई टीका लगाएको क्षण पनि मन पर्छ। तिहारमा मलाई मन नपर्ने एउटै कुरा छ, अरूलाई तर्साउने गरि पटाका पड्काएको राम्रो लाग्दैन।

**जेनिशा केसी (नायिका)**

तिहार आउटडोर फेस्टिवल हो, त्यसैले चारैतिर झिलिमिली हुन्छ। यो पक्ष राम्रो लाग्छ, तर पटाकाको आवाज मन पर्दैन। यसको आवाज नै राम्रो लाग्दैन। पटाकाको आवाजले मैले घरमा पालेको कुकुर त बिरामी नै हुन्छ।

**राजु सिंह (संगीतकार)**

तिहारमा दाजु-भाइसँग बसेर भाइटीका मनाउँदाको क्षण असाध्य राम्रो लाग्छ। भैली खेल्नेहरू घरमा आएर नाच-गान गर्दा पनि रमाइलो हुन्छ, तर तिहारमा पटाका पड्काउँदै राति देउसी खेल्नेहरूले हल्ला गरेर सुत्न नदिएको क्षणचाहिं राम्रो लाग्दैन।

**अरुणिमा लम्साल (नायिका)**

वर्ष दिनमा एक पटक आउने तिहारको दाइ पूजा-भाइ पूजा मन पर्छ। यसबाहेक बत्तीको झिलिमिली मनमोहक हुन्छ, तर मलाई समय सीमा निर्धारण नगरी रातभरि देउसी-भैलो खेलेको मन पर्दैन। कति बजेसम्म देउसी-भैलो खेल्न पाइने हो त्यो निर्धारण हुनुपर्छ जस्तो लाग्छ।

**शोभा वर्मा (गायिका)**

तिहारमा दिदी-बहिनीहरूले भैली खेलेको साह्रै राम्रो लाग्छ। खासगरी हरियो गोबरले लिपेको...भन्ने वाक्यांश सुन्दा गाउँ-घरकै सम्झना आउँछ। तिहारको सबैभन्दा नराम्रो त नभनौं, तर नरमाइलो चाहिं भाइटीकाको दिन लाग्छ। आफ्ना दिदी-बहिनी कोही नभएकाले भाइटीकाको दिन पनि निधार खाली राख्नुपर्दा नरमाइलो हुन्छ।

**दिनेश डिसी (टेलिभिजनकर्मी)**

भाइटीकाको दिन देख्न पाइने दाजु-भाइ तथा दिदी-बहिनीबीचको प्रेम तथा स्नेह सबैभन्दा राम्रो लाग्छ। देउसी-भैलो खेलेको देख्दा आफ्नै बाल्यकालको स्मरण हुन्छ, तर जुवा-तास खेलेर समय बर्बाद गर्ने चलनचाहिं राम्रो लाग्दैन।

**जीवन लुइँटेल (नायक)**

तिहारले दाजु-बहिनीबीचको सम्बन्धलाई जोगाएको छ। यो तिहारको राम्रो पक्ष हो, तर धेरै खर्च गरेर टाढा-टाढाबाट भाइटीका लगाउन आउनैपर्ने चलनचाहिं राम्रो लाग्दैन। देउसी-भैलो खेलेर रमाइलो गरेको मन पर्छ, तर जुवा-तास खेलेर सर्वस्व गुमाएको पीडादायी खबर भने राम्रो लाग्दैन।

**यश कुमार (गायक)**



अरूलाई जस्तै मलाई पनि तिहारको सांस्कृतिक पक्ष राम्रो लाग्छ। जनावरदेखि दाजु-भाइसम्मको पूजा गर्ने परम्परा यही पर्वमा मात्र पाउन सकिन्छ। चारैतिर बत्तीको झिलिमिली देख्न पाउनु यो पर्वको अर्को सकारात्मक पक्ष हो, तर तिहार आउन तीन साता बाँकी छँदै पटाका पड्काएर रमाइलो गरेको चाहिं मन पर्दैन।

**दीपक श्रेष्ठ (चलचित्र निर्देशक)**

तिहारको भाइटीकाले दिदी-बहिनी तथा दाजु-भाइबीच आत्मीयता बढाएको, वर्षभरि मानिसको सेवामा जुट्ने जनावरहरूको पूजा गरेको राम्रो लाग्छ, तर कानै बहिरो हुने गरी पटाका पड्काएको, चन्दा माग्ने शैलीमा देउसी-भैलो खेलेर इच्छाविपरीत अरूलाई दबाब दिने क्रियाकलापचाहिं राम्रो लाग्दैन।

**सुरेश अधिकारी (संगीतकार)**

ओहो ! तिहारका अवसरमा घर-घरबाट आउने सेलरोटीको बास्ना साह्रै राम्रो लाग्छ। घरमा देउसी-भैलो खेल्न आएको पनि राम्रो लाग्छ। देउसी-भैलोले पुरानो संस्कृति जोगाइरहेकोमा खुसीसमेत लाग्छ, तर तिहारमा पड्किने पटाकाको आवाजचाहिं पटक्कै मन पर्दैन।

**सीताराम पोखरेल (गायक)**

तिहारको बेला देश-विदेशमा रहेका दाजु-भाइ तथा दिदी-बहिनीबीच हुने भेटघाट साह्रै राम्रो लाग्छ, तर पटाका पड्काएर शान्ति नै खलबल्याउने चलनचाहिं राम्रो लाग्दैन।

**योगेन्द्रमणि दाहाल (गीतकार)**

तपाईंलाई अचम्म लाग्ला, मलाई तिहारको मन नपर्ने कुरा केही पनि छैन। तिहारका सबै कुरा मन पर्छ, खासगरी भाइटीका ! टाढा-टाढा भएका दिदी-बहिनी तथा दाजु-भाइबीच भेट हुने भएकाले मलाई भाइटीका मन पर्छ।

**विश्व नेपाली (गायक)**

मलाई तिहारको झिलिमिली नै मन पर्छ। उज्यालोको चाड तिहारको हरेक साँझ बत्तीले आफ्नो घर धपक्क पारेको क्षण ज्यादै रमाइलो लाग्छ। देउसी-भैलो खेलेको पनि मन पर्छ। यसपटक हामी पनि भैली खेल्न जाँदैछौं, तर तिहारकै बेला जाँड-रक्सी खाएर हल्ला गर्दै हिंडेको चाहिं मन पर्दैन। बाटोमा हिंड्नै गाह्रो हुने गरी पटाका पड्काउने चलन पनि मन पर्दैन।

**जयन सुब्बा मानन्धर (कोरियोग्राफर)**

देउसी-खेलेर रमाइलो गरेको देख्दा बाल्यकालको सम्झना हुन्छ, त्यो क्षण रमाइलो लाग्छ, तर बढी जाँड-रक्सी खाएर हिंडेको, जुवा-तास खेलेर झैं-झगडा गरेको चाहिं राम्रो लाग्दैन।

**आनन्द राई (संगीतकार)**

देउसी-भैलो खेलेको रमाइलो लाग्छ। यसबाहेक भाइटीका र म्हपूजा राम्रो लाग्छ, तर अचेल देउसी-भैलोको नाममा धेरै पैसा उठाउन खोज्ने चलनचाहिं मन पर्दैन। यस्तो प्रचलनले तिहारको रमाइलो पक्षलाई नै नरमाइलो बनाइदिन्छ।

**पल्पसा डंगोल (हास्यकलाकार)**

तिहारका प्रायः सबै कुरा राम्रो लाग्छ। खासगरी संस्कृतिकै रूपमा विकास भएको देउसी-भैलो खेल्न तथा अरूले खेलेको हेर्दा रमाइलो लाग्छ। भाइटीकामा दिदी-बहिनीले दाजु-भाइलाई टीका लगाइदिएको क्षण पनि आत्मीय लाग्छ, तर तिहारकै अवसरमा आतिसबाजी गरेको, ठूल्ठूला पटाका पड्काएको चाहिं राम्रो लाग्दैन।

**सुमित खड्का (गायक)**



विश्व कण्डम दिवसका अवसरमा गत साता राजधानीमा आयोजित कार्यक्रममा सहभागी एक प्रदर्शनकारी। तस्विर : रासस



# खाने पिउने अनि तास खेल्ने



तस्बिर : नेटनसा डटकम

**सुब्रत आचार्य**

**न खेल्नु जुवा र तास,**
**धनको नाश, जीवनको वनबास ।**

कुनै बेला रेडियो नेपालमा निकै घन्किने यो लोकगीत, अचेल दसैं र तिहारका बेलामा फाट्टफुट्ट एफएम रेडियोहरूमा बज्ने गरेको छ । तबलाबादक नवराज गुरुङले पनि यो गीत सुनेका छन् । गीतको प्रभावले चाहिँ होइन, रहरै नलागेर उनी जुवातास खेल्दैनन् । नवराज भन्छन्- 'तास खेल्नै आउँदैन । बरु खान-पिउनमा रुचि छ ।' चलचित्र नायक निखिल उप्रेतीलाई पनि जुवातास सबैभन्दा मन नपर्ने खेल हो । 'तास खेल्न नआउने मात्र होइन, अरूले खेलेको पनि हेर्न सक्दिनँ । त्यसो गर्दा आफू निकै ठाउँबाट 'बाइकट' भएको छु ।' -नायक उप्रेतीले हाँस्दै बताए । यद्यपि चलचित्र क्षेत्रमा भने छायांकनका बेलामा फुर्सद भयो भने चलचित्रकर्मीहरू खाल जमाइहाल्छन् । त्यस्तो अवस्थामा निखिल भने खुसुक्क कतै हिँड्छन् ।

गायक सुगम पोखरेल पनि तास खेल्न मन पराउँदैनन् । उनलाई खेल्नै नआउने भने होइन । विद्यार्थी जीवनमा साथीहरूले खेलेको देखेर उनले किटी र फलास खेल्न सिकेका छन् । 'चाडबाडमा रमाइलोका लागि दाजुभाइ, श्रीमती र आफन्तसँग हल्काफुल्का खेलिन्छ । अरू बेला मनै लाग्दैन,' -पोखरेल बताउँछन् । फुर्सद डटकमका सञ्चालक नीरज कोइरालालाई पनि तासमा रुचि छैन । यद्यपि चाडबाडमा उनी तासको 'तीनपत्ते' खेल आफन्तसँग खेल्छन् । नीरज भन्छन्- 'त्यो पनि नखेल्दा हुन्छ भन्ने लाग्छ ।' मोडल असीमलाई पनि तासमा रुचि छैन । उनले भनिन्- 'खेल्नै नआउने चाहिँ होइन । फरास सिकेकी छु तर खेल्न मन लाग्दैन । दसैं-तिहारमा दाजुभाइ र मामा-माइजूहरू तास खेल्न बस्दा म सहयोगी मात्र बन्छु र जित्नेसँग जितौरी थाप्छु ।'

अरू बेला नखेल्नेहरूले पनि दसैं र तिहारमा जुवा-तास खेलेको पाइन्छ । कुनै बेला कलब्रेकले स्थान जमाएको काठमाडौंमा अहिले म्यारिजले स्थान पाएको छ । कुनै बेला सबैभन्दा धेरै खेलिने पप्लु र साइटिङको विकसित रूप म्यारिजपछि हालसालै त्यसमा पनि यसपालादेखि भित्रिएको नयाँ नियमको 'मर्डर'ले स्थान जमाउँदैछ ।

चाडपर्वका बेला आफन्तहरूसँग तास खेल्न रुचाउने विपुल भट्टराई उक्त खेलका बारेमा भन्छन्- 'यसलाई सबै क्यास भुस हुने खेलका रूपमा चिनिन्छ ।' यद्यपि नेपाली समाजमा किटी र फरासले भने अझै पनि स्थान जमाएकै छ । सिक्न सजिलो र छिटो जित-हारको निर्णय भैहाल्ने भएकाले किटी र फरास वा चलफरास चाडबाडका बेलामा खेल्न नजान्नेहरू पनि उक्सिन्छन् । तास खेल्न सिक्न खोज्नेहरूका लागि जुटपत्ति सजिलो खेल हो । बालबालिकाहरू पनि जुटपत्ति खेल्दा रमाउँछन् ।

नायिका सौजन्य सुब्बाले गएको दसैंमा १२ हजार हारिन् । बुबा-आमा, मामा-माइजू आदिसँग बसेर चाडबाड वा अन्य फुर्सदमा बेलामा उनी तास खेल्न रुचाउँछिन् । यसपटकको दसैंमा उनको घरमा 'म्यारिजको खाल' नै जम्यो । अरू बेलामा पाँच रुपैयाँ प्वाइन्ट खेले पनि



दसैं-तिहारमा उनी दस रुपैयाँ प्वाइन्ट, त्यसमा पनि अल्टर खेल्छिन् । 'त्यसैले त्यति धेरै हारें । तिहारमा चाहिँ सबै उठाउँछु,' -सौजन्यले तिहारमा फेरि तासको खाल जमाउने कुरा बताउँदै भनिन् ।


हास्यगायक तथा नायक प्रकाश ओझा पनि तासमा कहिल्यै नजितेको बताउँछन् । 'पैसा भएको बेलामा साथीभाइहरूसँग एक-एक हात जम्नुपर्‍यो भनेर खेल्न बसेपछि माग्ने हुने गरी हार्छु' -ओझाले आफ्नै शैलीमा बताए । उनलाई म्यारिजजस्तो लामो समय चल्ने खेल खेल्न मन लाग्दैन । ओझा भन्छन्- 'म्यारिजको एक्काइस पत्ताको झमेला मलाई वाक्क लाग्छ । बरु फरास नै बढी खेल्छु ।'

ओझा चाडबाडमा मात्र होइन, फुर्सद हुनेबित्तिकै साथीभाइहरूसँग खाल जमाउँछन् । हालसालै मुम्बईमा आयोजित एक कार्यक्रममा जाँदा



फुर्सद भएर तीन दिन बस्नुपरेपछि लोकगायक बद्री पंगेनीलगायतका साथीहरूसँग होटलको कोठामा लगातार ३६ घण्टासम्म तास खेलेछन् । 'त्यो अवधिमा मैले ७ हजार हारें,' -उनले बताए । 'राते काइँला' सुनिल थापा तासका सौखिन हुन् । उनलाई तास खेल्न बहाना मात्र चाहिन्छ । थापा भन्छन्- 'मलाई त बहाना जे-सुकै भए पनि हुन्छ । शुटिङ भएन, पानी पर्‍यो, चिसो बढ्यो यस्ता बहानाहरू पनि चाहिँदैन । कुनै पनि बेला साथीभाइहरूसँग भेला भएर तास खेल्न सक्छु ।' गएको दसैंमा चलचित्र निर्माता तथा स्टार एफ.एम.का सञ्चालक प्रदीप उदय सुनिलको निवासमा एक कार्टुन बियर लिएर पुगेछन् ।

संगीतकार महेश खड्का स्कच लिएर आएछन् अनि उनका मित्र श्याम लामाले एउटा सिंगै खसी नै



ल्याएछन् । बहाना राम्रै थियो । खसीको मासुसँग बियर र स्कचको चुस्की लिँदै उनको घरमा तासको खाल जमिहाल्यो । जहाँ गीतकार दयाराम पाण्डे, नायक विरेन श्रेष्ठ आदि पनि थपिए । 'खसीको मासु र खल्ती नरित्तिएसम्म तास खेलियो,' -थापाले सुनाए । तास खेल्नु उनको लत होइन, समय बिताउने रमाइलो बहाना मात्र हो ।

कान्तिपुर टेलिभिजनका समाचारवाचक विजय पौडेल पनि आफूलाई जुवातासको लत नलागेको बताउँछन् । यद्यपि कोजाग्रत पूर्णिमामा जुवातास खेल्नैपर्छ भन्ने मान्यताको कदर गर्दै उनी आफन्तसँग केही बेर तास खेल्छन् । 'यो कोजाग्रतमा पनि तास खेलियो । धेरै नखेल्ने भएकाले जित्ने र हार्ने बराबरै हुने गरेको छ । अब तिहारमा पनि खेलिन्छ,' -पौडेलले बताए । उनलाई म्यारिज नै रमाइलो लाग्छ ।

मोडल तथा नायिका निशा अधिकारीलाई भने म्यारिज खेल्न जाँगर चल्दैन । उनलाई फलास सबैभन्दा रमाइलो लाग्छ । 'तास सधैं खेलिँदैन । दसैं र तिहारमा मात्र हो । त्यो पनि दाजुभाइ, दिदीबहिनी र साथीभाइहरूसँग मात्र खेल्छु,' -उनले तास आफ्ना लागि लत नभएको बताइन् । एकपटक उनले १० हजार रुपैयाँ जितिन् । तासमा हारेको भन्दा जितेको रेकर्ड बढी भएको सुनाउन पनि उनी पछि परिनन् । 'चाडबाडमा धेरै पछि आफन्तहरूसँग भेटिन्छ । गफ गर्दै समय व्यतीत गर्ने एउटा रमाइलो माध्यम हो तास, तर जुवा खेल्नु ठीक होइन,' -उनको धारणा थियो । फरास खेल्न नपाए उनी कलब्रेक र किटीसम्म खेल्छिन् ।

जुवा-तास जीवनमा प्रायः एक न एक पटक सबैले खेलेकै हुन्छन् । यद्यपि धेरैले आफूलाई तास खेल्न नआउने बताउँछन् । गायिका रेश्मा सुनुवार भन्छिन्- 'जुवा-तास खेल्नुलाई हाम्रो समाजमा नराम्रो मानिन्छ । त्यसैले आफूलाई चरित्रवान् देखाउन जुवातास आउँदैन भन्ने धेरै हुन्छन् । अझ मिडियासँग त आउँदै आउँदैन भन्छन् ।' रेश्मा आफू दसैं-तिहार वा अन्य जमघटमा म्यारिज खेल्न रुचाउने बताउँछिन् । चाडपर्वमा रमाइलोका रूपमा तास खेले पनि आफू व्यावसायिक 'जुवाडे' नभएको उनले बताइन् ।

तास तथा जुवाका सौखिन कतिपय कलाकर्मीले नभने पनि दसैं-तिहारजस्ता चाडपर्वका बेला उनीहरूको घरमा 'खाल' नै जमेको पाइन्छ । यसलाई उनीहरूले 'टाइमपास'का रूपमा लिने गरेका छन् ।

## ककनीमा चङ्गाचेट

ककनी (नुवाकोट)- पर्यटन प्रवर्धन गर्ने उद्देश्यले ककनीमा भएको दोस्रो खुल्ला चङ्गाचेट प्रतियोगितामा काठमाडौं रानीबारीका सम्रित गुरुङले विजयी भएका छन् । जिल्ला खेलकुद विकास समिति नुवाकोटको सहयोगमा युथ भिजन क्लबले आयोजना गरेको प्रतियोगितामा काठमाडौं ज्याठाका रवि श्रेष्ठ दोस्रो तथा सामाखुसीका विक्रम महर्जन तेस्रो भए ।

तारागाउँ रिसोर्ट, ककनीमा आयोजित प्रतियोगितामा नुवाकोट र काठमाडौंका ४७ जना खेलाडीको सहभागिता थियो । एक मिटर क्षेत्रफलभित्र रहेर पाँच मिनेटभित्र चङ्गा उडाइसक्नुपर्ने नियम बनाइएको थियो । आफ्नो चङ्गाले भुइँ छाड्न नसकेपछि गत वर्षका विजेता मिलन परियारको यो वर्ष पनि च्याम्पियन बन्ने धोको अधुरै भयो ।

**-नवदीप अजनवी**

## पोखरामा अक्टुबर फेस्टको रौनक



तस्बिर : सुरज श्रेष्ठ

**शिव शर्मा**

पोखरा- फूलबारी रिसोर्टको खुला चौरमा बेग्लै चहलपहल देखियो । आगन्तुकहरूको ओइरो उस्तै । पर्यटकीय मौसम भएकाले होला, विदेशी पर्यटकहरू त झनै छ्यापछ्यापती देखिए । अघिल्ला वर्षहरूमा जस्तै फूलबारी रिसोर्टले यस पटक पनि अक्टुबर फेस्ट कार्यक्रम जुराएको हो । खुलेको नीलो आकाशमाथि रंगीबिरङ्गी चंगा र कार्यक्रमस्थलमा मनोरञ्जनका लागि विभिन्न प्रस्तुतिमा दर्शकहरू नझुम्ने कुरै थिएन ।

एकदिने उत्सवमा बियर पिउनेहरूको लहर अलि बढी देखिन्थ्यो । १ हजारको प्रवेश शुल्कमा बिहान ११ बजेदेखि ५ बजेसम्म आफूले पिउन सक्नेजति बियर पिउने छुट त्यहाँ थियो । एकातर्फ आकर्षक तवरले सजिएको स्टेजमा विदेशीहरूलाई आकर्षित रक ब्यान्डहरूले अंग्रेजी रिमिक्स गीतहरू प्रस्तुत गरिरहेका थिए ।

अर्कातर्फ स्वीमिङ पुल भित्रै हात हातमा बियर लिदै रमाइलो गर्ने विदेशी युवायुवतीहरूको चटकले उत्सवको रमझममा रौनक थपेको थियो । नेपालीहरू पनि बियरको नशामा झुल्दै स्वीमिङ पुलमा फाल हानेको दृश्य अझ रमाइलो देखिन्थ्यो । यस्तै कार्यक्रमलाई मनोरञ्जनात्मक तुल्याउन पिलो फाइट, घैटो फुटाउने आदि रमाइला प्रतियोगिताहरू पनि समावेश गरिएका थिए । कार्यक्रमको मुख्य आकर्षण भने चंगा चेट प्रतियोगिता रह्यो ।

## दार्जिलिङमा नेपालीपन



**छुट्टै राज्यको माग गर्दै दार्जिलिङमा अहिले नेपालीहरूले एउटा बेग्लै किसिमको आन्दोलन छेडेका छन्, जसमा बालबालिका, वृद्ध-वृद्धादेखि युवायुवतीहरूसम्म सबै जना नेपाली पहिरनमा देखिन्छन् ।**

**तस्बिर : बेनुप भट्टराई**

## अफबिट



नायिका र गायिकाहरू एक साथ : एक समारोहमा नायिका उषा पौडेल, गायिकाद्वय मौसमी गुरुङ तथा नलिना चित्रकार

**मोडलबाट** नृत्यांगना हुँदै चलचित्र नायिकासम्म बनेकी सुजाता सिटौला अब भने गायिकाका रूपमा चिनिने भएकी छिन्। उनले गाएका पप गीतहरूको पहिलो संग्रह 'घुमाइदेऊ' को भर्खरै मात्र विमोचन सम्पन्न भएको छ। भूषण दाहाल तथा सहेन्द्र श्रेष्ठद्वारा संयुक्त रूपमा विमोचित उक्त संग्रहमा बिजु बज्रद्वारा संगीतबद्ध गीताहरू समावेश छन्। विमोचन समारोहमा संग्रहको एउटा म्युजिक भिडियोसमेत प्रदर्शन गरिएको थियो।

**प्रदर्शनको** तयारीमा रहेको गोपीकृष्ण मुभिजको चलचित्र 'कुसुमे रुमाल' का गीतहरूको संग्रह यसै साता विमोचित भएको छ। २० वर्षअघि निर्माण गरिएको 'कुसुमे रुमाल' का नायक भुवन केसीले नयाँ 'कुसुमे रुमाल' को गीतिसंग्रह विमोचन गरेका हुन्। शम्भुजित बाँस्कोटाका छोरा सौर्यजित बासकोटाद्वारा संगीतबद्ध यो चलचित्रका गीतहरू आदित्यनारायण झा, राजेशपायल राई, स्वरूपराज आचार्य, सुगम पोखरेल, निमा रुम्बा, अञ्जु पन्त तथा सञ्जीवनीले गाएका छन्। चलचित्रका लागि डिजे राजुले एउटा गीत रिमिक्स गरेका छन्।

**तेह्रथुमका** गायक मन श्रेष्ठले आफ्नो पहिलो गीतिसंग्रह 'सपना' को विमोचन दमकस्थित सप्तरंगी एफएमबाट गरेका छन्। एफ.एम.बाट प्रत्यक्ष प्रसारणमार्फत उक्त संग्रह विमोचन गरिएको हो। छवटा गीत समेटिएको उक्त संग्रहको विमोचन लोकगायक एलपी जोशी तथा एफएमका अध्यक्ष मेहेरमान लिङ्देनले संयुक्त रूपमा गरेका हुन्।

**सांगीतिक** कार्यक्रमका क्रममा अमेरिका पुगी उतै बसोबास गरिरहेका गायक राजु लामा यति बेला नेपालमा छन्। दसैंमा इजरायलको तेलअबिबमा सम्पन्न 'तेलअबिब दसैं नाइट' शीर्षकको सांगीतिक कार्यक्रममा सहभागी भएपछि उनी स्वदेश फर्किएका हुन्। पुनः अमेरिका फर्कने गरी स्वदेश आएका मंगोलियन हार्ट समूहका यी गायकले स्वदेश आउनासाथ दाङमा सम्पन्न एउटा सांगीतिक कार्यक्रममा सहभागिता जनाएका छन्। दाङको उक्त कार्यक्रमपछि यतिबेला उनी मंगोलियन हार्टको चौथो गीतिसंग्रहको तयारीमा जुटेको फुर्सद डटकमले जनाएको छ। लामा अमेरिका फर्कने मितिसमेत निश्चित भैनसकेको बताइन्छ।

**एउटा** म्युजिक भिडियो निर्माण गर्न कति खर्च लाग्ला ? नेपालमा अहिले सामान्यतः १ लाख रुपैयाँमा एउटा म्युजिक भिडियो तयार हुन्छ, तर अमेरिकामा स्थापना भएको नेपाली सांगीतिक समुह 'द भाइब्ज' ले आफ्नो नयाँ गीतिसंग्रहको थाकिसकें गीतको म्युजिक भिडियो तयार पार्न १० हजार अमेरिकी डलर खर्च गरेको बताइन्छ। समूहका ड्रमर दिरेकलाल श्रेष्ठका अनुसार करिब सात महिनाको अन्तरालमा छायांकन सम्पन्न गरिएको यो भिडियो अहिलेसम्मकै सबैभन्दा महँगो नेपाली म्युजिक भिडियो हो। समूहको पहिलो गीतिसंग्रह 'द भाइब्ज जेनेरेसन' लाई रियाज म्युजिकले दसैंअघि बजारमा ल्याएको थियो। बजारमा आएको एक महिना नबित्दै २ हजार २ सय प्रति संग्रह बिक्री भैसकेको बताइन्छ।

**सांगीतिक** समूह १९७४ एडीले तिहारको अवसरमा सिंगापुरमा बसोबास गर्ने नेपालीहरूलाई मनोरञ्जन दिने भएको छ। द नेप्लिज सोसाइटी सिंगापुरले भोलि शनिबार आयोजना गर्न लागेको सांगीतिक कार्यक्रम 'म्युजिकल रक कन्सर्ट' मा यो समूहले आफ्ना गीत-संगीत प्रस्तुत गर्न लागेको हो। सांगीतिक कार्यक्रमकै क्रममा यसअघि अस्ट्रेलिया पुगेको '१९७४ एडी' ले त्यहाँको कार्यक्रममा आफ्नो जादू छर्‍यो।

**रामेछाप**-काठमाडौं सांस्कृतिक कला साहित्य समाजले रामेछाप बजारमा एउटा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा गायिका सन्ध्या सुनुवारले बजारमा आउन लागेको उनको एकल गीतिसंग्रह 'नमेटी नहुने' का दुईवटा गीत गाएकी थिइन्। कार्यक्रममा निर्मल लामा, लक्ष्मी कार्की, श्रीकृष्ण बम मल्ल, दीपक लाखे, धर्मराज खपांगी, सूर्य थानीमगर, रामप्रसाद पौडेल आदि गायक-गायिकाले आफ्ना लोकप्रिय गीत गाएर स्थानीय दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए।

**आफूले** गाएका गीतको म्युजिक भिडियो आफैं निर्देशँन गर्ने गायकहरूको संख्या बढ्न थालेको छ। नरेन लिम्बु, प्रकाश ओझा, प्रकाश पौडेल, राजीव लोहनी, सुरेन्द्रमान सिंहजस्ता गायकले आफ्ना गीतको भिडियोको निर्देशन आफैंले गरेका छन्। यसबीच गायक सुनिलसिंह ठकुरी पनि यही पंक्तिमा उभिएका छन्। गायक ठकुरी आफ्नो स्वरमा रेकर्ड भएको गीत 'मुटुमा तिमीलाई' को म्युजिक भिडियोको निर्देशँन आफैंले गरेका छन्।

**अमेरिकामा** रहेका गायक कर्ण दास, राजु लामा तथा मुक्ति एन्ड रिभाइवलका नयाँ संग्रहहरूले लोकप्रियता पाउन नसकेको संग्रह बजार व्यवस्थापन गर्ने कम्पनीहरूले जनाएका छन्। कर्ण दासको 'प्रीत', राजु लामाको 'मंगोलियन हार्ट भाग-४' तथा मुक्ति एन्ड रिभाइवलको 'देख्दै छु म' ले सोचेजस्तो बजारमा पाउन नसकेको बताइन्छ। 'तीनवटै संग्रहका स्रष्टाहरू स्वदेशमा नभएकाले उनीहरूको संग्रहले आशा गरेअनुरूप सफलता पाएका छैनन्, एउटा कम्पनीका बजार व्यवस्थापक भन्दै थिए– 'उनीहरूका संग्रह अभिभावक बिनाका सन्तानझैं भएका छन्।'

**डोरेमी** संगीतमा दुई वर्षसम्म संगीतको अध्ययन गरेका गोरखाका गायक प्रकाश लामाले आफ्नो पहिलो गीतिसंग्रह तयार पारेका छन्। 'सिंहासन' शीर्षकको यो संग्रह यसै साता बजारमा आएको छ। संग्रहको 'निरमाया...' शीर्षकको गीतको म्युजिक भिडियो भने विभिन्न टेलिभिजन च्यानलमार्फत प्रसारण भैरहेको गायक लामाले बताए।

**घरपालुवा** कुकुरहरूको संरक्षणमा व्यस्त प्रवीण बज्रँचार्य नेपाली सांगीतिक क्षेँत्रमा पनि चर्चित नाम हो। उनले करिब तीन वर्षको अन्तरालपछि भर्खरै मात्र एउटा गीतिसंग्रह 'कामता' श्रैंतामाझ ल्याएका छन्। एउटा केनल क्लबका सञ्चालक बज्राचार्यले आफ्नो नयाँ संग्रहको एउटा गीत 'सानो कुराले..'को म्युजिक भिडियोमा कुकुरलाई समेत अभिनय गराएका छन्। संग्रहका सबै गीतमा गायक बज्राचार्यकै एकल संगीत सुन्न सकिन्छ।

## लाइभ शो

• तिहारको उपलक्ष्यमा पर्सि आइतबार साँझ जोरपाटीस्थित नेवा गार्डेन रेस्टुराँमा एउटा सांगीतिक कार्यक्रम हुँदैछ। गायिका लसता जोशीले आयोजना गर्न लागेको उक्त कार्यक्रममा गायिका जोशीका अतिरिक्त शोभा बर्मा, आगन्तुक खरेल, शशी रावल, अराज केशव, निर्णय श्रेष्ठ, मोहित मुनाल, भरत सिटौला, प्रकाश घिमिरे आदि गायक-गायिकाको सहभागिता रहनेछ।

• तिहारको अवसर पारेर नारायणघाटस्थित पोखरा बसपार्कमा आगामी कात्तिक १२ गते अर्थात् लक्ष्मी पूजाको दिन 'तिहार म्युजिक फेस्ट- २००८' आयोजना हुँदैछ। द क्रिएटर तथा मिराकल फाउन्डेसनले आयोजना गर्ने उक्त कार्यक्रममा नरेन लिम्बु, दिब्य सुब्बा, फुरस्याङ लामा, स्टोन्ड एम्प तथा सांगीतिक समूह नेप्सेड्याजले गीत-संगति प्रस्तुत गर्नेछन्।

• 'कला र संगीतको संरक्षण गरौं, नेपाली संगीतलाई उचाइमा पुर्‍याऔं' भन्ने नारासहित आगामी कात्तिक १८ गते मोरङको पथरीस्थित कञ्चन टाकिजमा सांगीतिक कार्यक्रम 'पूर्वाञ्चल सांगीतिक भेट-२०६५' आयोजित गरिने भएको छ। पथरी युवा परिवारले आयोजना गर्न लागेको उक्त कार्यक्रममा सुगम पोखरेल, रेश्मा सुनुवार, प्रकाश ओझा, रोशन पराजुली, आगन्तुक खरेल तथा दीपक लिम्बूले गीत-संगीत प्रस्तुत गर्नेछन्।

• दीपावलीको अवसर पारेर बुद्धनगर युवा समूहले आगामी सोमबार बुद्धनगरमा लाइभ कन्सर्ट आयोजना गर्ने भएको छ। साँझ प्रारम्भ हुने उक्त लाइभ कन्सर्टमा ख्यातिप्राप्त कलाकारहरूले आफ्ना लोकप्रिय गीत प्रस्तुत गर्नेछन्। दिपावलीलाई लक्षित गरेर शुभकामना आदान-प्रदान गर्न प्रत्येक वर्ष यस्तो कर्न्सट आयोजित गरिँदै आएको समूहका अध्यक्ष सतिश तण्डुकारले बताए। कन्सर्टमा दीपेशकिशोर भट्टराई, सुरज श्रेष्ठ, सञ्जयकिशोर श्रेष्ठ, अविनाश घिसिङ, बाबु बोगटी, प्रतीक थापा, रोज मोक्तान, अर्जुनकुमार, सुरेश अधिकारी, भरत सिटौला, धर्मेन्द्र सेवान, मिङ्मा शेर्पा, डीए सिक्स्टी नाइन, अम्बेश शाही आदिले आफ्ना लोकप्रिय गीत प्रस्तुत गर्नेछन्।

## फिल्मी खबर

• निर्देशक सोभित बस्नेतले निर्देशन गरेको चलचित्र 'जंगबाज'को सम्पादन कार्य सकिन लागेको छ। आफ्नै निर्माण संस्था सलोन फिल्म्सबाट निर्माण भैरहेको उक्त चलचित्रको छायांकनका दौरान नक्कली बन्दुक पट्किँदा नायक राजेश हमालको एउटा कानको जाली फुटेको थियो। चलचित्रमा धेरैपछि नायिका गौरी मल्लले अभिनय गरेकी छिन् भने यसमा रुश्मा राई, सुनिल थापा, अशोक शर्मा, युवराज लामा, जयकिशन बस्नेत, उत्तम केसी, हरि ढुंगेल, गोपाल छन्देका साथै नवनायक राहुल श्रेष्ठ र नवनायिका रञ्जिता गुरुङको पनि मुख्य भूमिका छ।

• द्वन्द्व निर्देशक राजेन्द्र खड्गी तथा उनका छ जना सहायकले संयुक्त रूपमा निर्माण गरिरहेको चलचित्र 'रणसंग्राम'को निर्माण कार्य सकिएको छ। सेभेन ब्रदर्सको यो प्रस्तुतिमा शिव श्रेष्ठ फेरि एकपटक एक्सन भूमिकामा देखिँदैछन्। श्रेष्ठका अतिरिक्त चलचित्रमा सुमन सिंह, अमृत लामा, उषा पौडेल, सम्झना खड्का आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रका निर्देशक ज्ञानेन्द्र देउजा हुन् भने यसमा राजेन्द्र खड्गीको द्वन्द्व निर्देशन तथा वसन्त श्रेष्ठ, शान्ता नेपाली र विश्वबन्धुको नृत्य निर्देशन हेर्न पाइनेछ।



• तहल्का डटकम, तेजाब आदि चलचित्रको निर्देशन गरिसकेका निर्देशक निर्देशक दीपक परिकोटीले निर्देशन गरेको अर्को चलचित्र 'धमाका'को छायांकन कार्य सम्पन्न भएको छ। द्वन्द्वप्रधान चलचित्र 'धमाका' मा तीनजना नायक राजेश हमाल, निखिल उप्रेती र सुमन सिंहले अभियन गरेका छन् भने नायिकामा उषा पौडेल छिन्। यो चलचित्रका द्वन्द्व निर्देशक रोशन श्रेष्ठ हुन्।

• एनिमेटर तथा म्युजिक भिडियो निर्देशक सिमोस सुनुवारको निर्देशनमा निर्माण भएको चलचित्र 'मिसन पैसा'को प्रचार-प्रसार आरम्भ भएको छ। चलचित्रमा निखिल उप्रेती, निशा अधिकारी, आयुषा बस्नेत, सुनिल थापा आदि कलाकारको अभिनय हेर्न पाइन्छ। निर्देशक सुनुवारले प्रचार-प्रसारमा र्‍याप गायन समूह 'द युनिटी'लाई प्रयोग गरेका छन्। समूहका गायकहरू आसिफ, डीए ६९ र एड्रेले अभिनय गरेको चलचित्रको प्रमोसनल म्युजिक भिडियोलाई सिमोस आफैंले निर्देशन गरेका छन्। एनिमेटेड एक्सनको निकै प्रयोग भएको यो चलचित्र प्रदर्शनका लागि तयार भैसकेको छ।

• नायक रमित ढुंगाना आफ्नै दाजु अमित ढुंगानाको निर्माणमा बनेको चलचित्र 'माया नमार'मा पहिलो पटक अभिनय गरी चर्चामा आएका थिए। हाल चर्चामा रहेका नायक ढुंगाना दाजुसँग मिलेर निकट भविष्यमा अर्को एक चलचित्रको निर्माण गर्ने योजना बनाइरहेका छन्। हालै एक भेटका क्रममा रमितले चलचित्र फरक शैलीको हुने बताए।

• मुम्बईमा वर्षौंदेखि व्यवसाय गर्दै आएका केही व्यवसायीको संयुक्त लगानीमा निर्माण भैरहेको चलचित्र 'गुरुदक्षिणा' को सुटिङ काठमाडौंपछि यतिबेला तनहुँको बन्दीपुरमा भैरहेको छ। चलचित्रको एउटा गीतको छायाङ्कन मुम्बईमा हुने र त्यसका लागि चर्चित नायक राजेश हमाल, नायिका सञ्चिता लुइँटेल मुम्बई आउने बताइन्छ। गायिका दीपानारायण झाले पहिलो पटक संगीत दिएको यो चलचित्रमा राजेश हमाल, सञ्चिता लुइँटेल, रमित ढुंगाना, रवि गिरी, सरिता गिरी, राजबल्लब आदि कलाकारले अभिनय गरेका छन। विगत चार वर्षदेखि काठमाडौंमा रहेर टेलिसिरियल तथा म्युजिक भिडियोहरू निर्माण गर्दै आएको क्रिएटिभ मनकामना फिल्म्सको ब्यानरमा पहिलो पटक बन्न लागेको गुरुदक्षिणा एउटा बेग्लै कथा बोकेको चलचित्र हो। ७० प्रतिशतभन्दा बढी छायांङ्कन सकिएको यो चलचित्रका गीतमा उदितनारायण झा, दीपा झा, मौली आदि गायक-गायिकाको स्वर सुन्न सकिन्छ।

## सानो पर्दा

• हास्यश्रृंखला 'तीतो-सत्य' की नायिका दीपाश्री निरौला श्रृंखलामा अभिनय तथा सहायक निर्देशँन गरेर बचेको समय छोटा चलचित्रलाई पनि दिन थालेकी छिन्। उनले अभिनय गरेको एउटा चलचित्र 'बदिनीको व्यथा' केही समयअघि मात्र भिसिडीका रूपमा बजारमा आएको छ। पश्चिम नेपालका बदिनीहरूको सामाजिक अवस्थाको चित्रण गरिएको उक्त भिसिडीमा दीपाश्रीका अतिरिक्त गायक बाबु बोगटी, पुष्प श्रेष्ठ, कविता शर्मा, सामना सिटौला आदि कलाकारले अभिनय गरेका छन्। यो चलचित्रका निर्देशक मोहन साह हुन्।

• कान्तिपुर टेलिभिजनले आज साँझ आयोजना हुन लागेको चलचित्र एवार्ड वितरण समारोहको प्रत्यक्ष प्रसारण गर्ने भएको छ। चलचित्र प्राविधिक संघले आयोजना गर्न लागेको उक्त एवार्ड समारोहको प्रँरम्भदेखि अन्त्यसम्मका दृश्यहरू कान्तिपुर टेलिभिजनमा प्रत्यक्ष हेर्न पाइनेछ।

• चलचित्र निर्देशक विमल पौडलले नेपाल टेलिभिजनका लागि एउटा टेलिश्रृंखला निर्मँण गरेका छन्। 'देश' शीर्षकको यो श्रृंखलाको प्रसारण आगामी दसैंलगत्तै प्रारम्भ हुनेछ। राष्ट्रप्रेम झल्कने कथा समेटिएको यो श्रृंखलामा गणेश उप्रेती, सरोज केसी, सीमा ढकाल आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। श्रृंखला ५० भाग लामो हुने निर्मँण पक्षँले जनाएको छ।

• नेपाल टेलिभिजन-टुबाट प्रसारण भैरहेको मनोरञ्जनात्मक कार्यक्रम 'तातो-पिरो' ले प्रसारणको एक वर्ष पूरा गरेको छ। हास्यश्रृंखला 'जीरे खुर्सानी' का निर्देशक तथा हास्यकलाकार जितु नेपालले सञ्चालन गर्ने यो कार्यक्रम प्रत्येक आइतबार राति ८:४० बजे प्रसारण हुन्छ। यो कार्यक्रममा एंकरका रूपमा प्रस्तुत हुने जितु नेपालले रमाइला कुराकानी गर्दै पप तथा आधुनिक गीतका म्युजिक भिडियोहरू प्रसारण गर्छन्।



तस्बिर: नवराज बाग्ले

• एकताका च्यानल नेपालमा 'हेलो' शीर्षकको कार्यक्रम सञ्चालन गरेर दर्शकमाझ लोकप्रियता हासिल गरेका टेलिभिजनकर्मी सरोज केसी पछिल्लो समय सगरमाथा टेलिभिजनसँग आबद्ध भएका छन्। उक्त च्यानलबाट प्रसारण हुने दुई मनोरञ्जनात्मक कार्यक्रममार्फत उनी दर्शकमाझ पुगिरहेका छन्। सरोजलाई दर्शकले प्रत्येक बुधबार साँझ ६:३० बजे प्रसारण हुने 'मुभी एक्सप्रेस' तथा शनिबार साँझ प्रसारण हुने 'मनोरञ्जन एकसाथ' मार्फत देखिरहेका छन्। सरोजका अनुसार मुभी एक्सप्रेस नेपाली चलचित्रका गतिविधिहरूमा आधारित कार्यक्रम हो, जसमा उनले चलचित्र क्षेँत्रका अनौपचारिक गतिविधिलाई बढी प्राथमिकता दिन्छन्। मनोरञ्जन एकसाथमा भने उनी हरेक साता एक जना चलचित्रकर्मीसँग रमाइलो अन्तर्वार्ता लिन्छन्।

# नाता रगतको होइन







चलचित्रको पर्दामा उनीहरू प्रेमी-प्रेमिका अथवा लोग्ने-स्वास्नी भएका छन्। एक-अर्कालाई अंकमाल गर्दै, सँगै नाच्दै उनीहरूले चलचित्रका गीतहरूमा रोमान्स पनि गरे। अहिले नेपाली चलचित्र क्षेत्रमा यी दुवैको चर्चा छैन। उनीहरू चलचित्रको अभिनयकर्मबाट निकै टाढा भैसकेका छन्। सम्भवत: उनीहरूले त्यतिबेला गाँसेको नाता अहिले पनि कायमै होला। उनीहरू अर्थात् नायिका जल शाह र रमेश उप्रेती। कुनै बेला नेपाली रजतपटको यो सुपरहिट जोडीले त्यतिबेला गाँसेको नाता थियो- दाइ र बहिनीको।

नायिका बिपना थापाले संघर्षका बेला एउटा दाइ भेट्टाइन्, ग्ल्यामर फोटोग्राफर राजभाइ सुवाल। तस्बिर खिच्ने क्रममा उनीहरूको सम्बन्ध दाजु र बहिनीको नातामा परिणत भयो। गत वर्षसम्म उनी फोटोग्राफर सुवाललाई घरमा निम्तो गरेर सप्तरंगी टीका लगाइदिन्थिन्। विवाहपछि यो वर्ष बिपना आफ्ना श्रीमान्सँग भारतको मथुरामा छिन्। राजभाइ भन्छन्- 'टीका लगाइदिन आउँछिन् कि ?' बिपनाले हास्यकलाकार किरण केसीलाई बुबाको दर्जा दिएकी छिन् भने उनका सुपुत्र सूदन केसीलाई भाइ बनाएकी छिन् ।





**सुव्रत आचार्य**

चलचित्रको पर्दामा उनीहरू प्रेमी-प्रेमिका अथवा लोग्ने-स्वास्नी भएका छन्। एक-अर्कालाई अंकमाल गर्दै, सँगै नाच्दै उनीहरूले चलचित्रका गीतहरूमा रोमान्स पनि गरे। अहिले नेपाली चलचित्र क्षेत्रमा यी दुवैको चर्चा छैन। उनीहरू चलचित्रको अभिनयकर्मबाट निकै टाढा भैसकेका छन्। सम्भवत: उनीहरूले त्यतिबेला गाँसेको नाता अहिले पनि कायमै होला। उनीहरू अर्थात् नायिका जल शाह र रमेश उप्रेती। कुनै बेला नेपाली रजतपटको यो सुपरहिट जोडीले त्यतिबेला गाँसेको नाता थियो- दाइ र बहिनीको। हरेक तिहारमा जलले रमेशको निधारमा सप्तरंगी टीका लगाई मखमलीको माला सिउरिदिन्थिन्। चलचित्रकर्मबाट उनीहरू झन्डै सँगसँगै पलायन भए। रगतले बनेको नाता नभए पनि उनीहरूलाई कर्मले बढाएको सम्बन्धको त्यो नाता अहिले पनि कायम छ होला। समय परिस्थितिले अमेरिका पुगेका जल र रमेशबीच भाइटीका भैरहेको वा नभैरहेको हुनसक्छ, यो बेग्लै कुरा हो।

दुई दशकभन्दा अघि चलचित्र 'कान्छी'बाट उदाएकी शर्मिला शाह (हाल मल्ल) लाई चलचित्रमा अभिनय गर्न संघर्षरत अशोक शर्माले भेटे। उनीहरूबीचको सौहार्द्र सम्बन्धलाई पछि उनीहरूले नातामा परिवर्तन गरे, दाजु र बहिनीको नातामा। भाइटीकामा बहिनी शर्मिलासँग धेरै वर्ष दाजु अशोकले टीका थापे र समस्या वा आपत् परे रक्षक भएर उभिने वचन पनि दिए। कालान्तरमा दाजु अशोक चलचित्र निर्माण र निर्देशन अनि चलचित्रवृत्तको 'राजनीति'मा व्यस्त रहन थाले। बहिनी पनि घरव्यवहार अनि अन्य पेसागत कार्यमा व्यस्त रहिन्। 'केही वर्ष भयो, उनीसँग टीका लगाउन पाएको छैन, तर दाजुबहिनीको सम्बन्ध अझै सुमधुर छ,' -शर्माले बताए। त्यसो त शर्माले शर्मिलाका पति अभिनेता कृष्ण मल्लसँग मात्र होइन, अर्का अभिनेता नीर शाहसँग पनि भिनाज्युको सम्बन्ध गाँसेका छन्। विगत १७ वर्षदेखि उनले शाहपत्नी उषा शाहसँग भाइटीका थाप्दै आएका छन्। 'यो वर्ष पनि टिका लगाउन जान्छु।'-शर्मा बताउँछन्।

उदियमान गायक रोशन पराजुलीले तीन वर्षअघि सौन्दर्यविज्ञ अञ्जना भुजेललाई गीत गाउने क्रममै भेटेका थिए। गुनगुनाउन रुचि राख्ने भुजेल गायक पराजुलीको गायनशैलीबाट प्रभावित थिइन्। उनी रोशनसँग आफूलाई पनि गीत गाउन मन लागेको बताउँथिइन्। रोशनका लागि अञ्जना सहयोगी सरह भइन्। कुनै दिदीले भाइका लागि गर्ने सहयोग वा सल्लाह उनी हरदम रोशनलाई दिइरहन्थिन्। यो सम्बन्ध यही तिहारदेखि नातामा परिवर्तन हुँदैछ। रोशन यस पटकको भाइटीका तिनै दिदी अञ्जनासँग (पहिलो पटक) लगाउँदै छन्। 'रगतको नाता नभए पनि मैले उहाँमा आफ्नी दिदी देखेको छु।'-रोशन बताउँछन्।

यी नाता भन्ने कुरा रगत, थर, खलकमा मात्र सीमित हुँदैन भन्ने कुराको उदाहरणहरू हुन्। व्यक्तिगत स्वार्थमा अल्झिएको वर्तमान समाजको स्वरूपमा कहीँकतै आफ्नो स्वार्थभन्दा माथि उठेर जो-कोही पनि तपाईंका सहयोगी हुनसक्छन्। जोससँग तपाईंको सम्बन्ध रगतको नाताको सम्बन्धझैं वा त्योभन्दा पनि असल हुनसक्छ। त्यस्तो सम्बन्ध विवाहयोग्य पुरुष र महिलाबीच भए एउटा सम्बन्धले प्रेम वा विवाहको रूप लिन सक्ला, असल मित्रका रूपमा पनि त्यो सम्बन्ध बाँचिरहन सक्छ। नभए त्योभन्दा पनि माथि उठेर त्यस्तो सम्बन्धलाई भाइटीका लगाएर दाजु-बहिनी तथा दिदी-भाइको नातामा परिणत



गरिन्छ। एउटै कोखबाट वा रगतको नातामा दाजुभाइ नभएका महिला तथा दिदीबहिनी नभएका पुरुषहरूले पनि तिहारको भाइटीकामा निधार खाली राख्नु हुँदैन भन्ने मान्यताका कारण पनि कुनै सामाजिक सम्बन्धमा रहेकासँग भाइटिका गरेर दाजु-बहिनी तथा दिदी-भाइको नाता जोड्नेहरू पनि छन्।

गायक यशकुमारले पनि विगत केही वर्षदेखि पत्रकार एवं गीतकार सिर्जना दुवाललाई बहिनी मानेर उनको हातबाट भाइटीका थाप्ने गरेका छन्। गएको वर्ष सांगीतिक कार्यक्रमका सिलसिलामा विदेशमा रहनुपरेकाले बहिनी सिर्जनाको हातबाट टीका लगाउन नपाएको गुनासो सुनाउँदै यशले भने- 'यो वर्ष जसरी भए पनि टीका लगाउन उनको घर पुग्छु।' नाम कहलिएका कलाकारहरूका हकमा कतिपय उनीहरूका प्रशंसकहरू पनि भाइटीका लगाइ माग्ने वा लगाउन इच्छुक हुने भेटिएको छ। गायक यशकुमारलाई पनि अहिलेसम्म दर्जनौं महिला प्रशंसकले भाइटीका लगाइदिने प्रस्ताव गरिसकेका छन्। 'अरू बेला भन्छन्, तिहारमा निम्तो गर्दैनन्, अनि कसरी लगाउनु भाइटीका ?'-यशकुमारले सुनाए।

नायिका बिपना थापाले संघर्षका बेला एउटा दाइ भेट्टाइन्, ग्ल्यामर फोटोग्राफर राजभाइ सुवाल। तस्विर खिच्ने क्रममा उनीहरूको सम्बन्ध दाजु र बहिनीको नातामा परिणत भयो। गत वर्षसम्म उनी फोटोग्राफर सुवाललाई घरमा निम्तो गरेर सप्तरंगी टीका लगाइदिन्थिन्। विवाहपछि यो वर्ष बिपना आफ्ना श्रीमान्सँग भारतको मथुरामा छिन्। राजभाइ भन्छन्- 'टीका लगाइदिन आउँछिन् कि ?' बिपनाले हास्यकलाकार किरण केसीलाई बुबाको दर्जा दिएकी छिन् भने उनका सुपुत्र सूदन केसीलाई भाइ बनाएकी छिन्। सूदनलाई पनि उनले भाइटीका लगाइदिने गरेकी छिन्। नायिका उषा पौडेलले पनि अभिनेता तथा निर्देशक रमेश बुढाथोकीलाई विगत केही वर्षदेखि दाइ मानेर भाइटीका लगाइदिने गरेकी छिन्।

संगीतकार बिजु बज्रलाई विगत १० वर्षदेखि उनको पुर्ख्यौली थलो गुल्मीकी विष्णु सापकोटाले तिहारका बेला काठमाडौं आएर भाइटीका लगाइदिने गरेकी छिन्। यो पङ्क्तिकारले पनि १० वर्षअघिसम्म रंगकर्मी तथा पत्रकार शोभा चन्दसँग बर्सेनि भाइटीका लगाउने गरेको थियो। बहिनी शोभा हाल रंगकला अध्ययनका क्रममा फ्रान्समा रहेकीले १० वर्षदेखि यो क्रम टुटेको छ। टीकाको क्रम टुटे पनि दाजुबहिनीको नातामा कुनै परिवर्तन आएको छैन। आगामी कुनै न कुनै वर्ष टीका लगाउने क्रमको पुनरारम्भ हुने नै छ।

# आज केटिभी फिल्म एवार्ड




**साप्ताहिक समाचार**

काठमाडौं- तीसवटा विधा र हरेक विधामा पाँच-पाँच मनोनयन, कुल गरेर १ सय ५० मनोनयन। कसले पाउने हो, वर्षभरिको सर्वोत्कृष्टको एवार्ड ? कुन चलचित्र वर्षभरिको सर्वोत्कृष्ट दरिने हो ? को हुन् सर्वोत्कृष्ट अभिनेताका दावेदार ? दिलीप रायमाझी, विराज भट्ट, निखिल उप्रेती कि दुईवटा चलचित्रबाट मनोनयनमा परेका राजेश हमाल ? अभिनेत्रीहरूमा पनि झरना थापा, रेखा थापा, निरुता सिंह, तृप्ति नाडकर र सञ्चिता लुईंटेलमा कसले पो बाजी मार्ने हो ? अनि नवअभिनेताहरूमा प्रकाश ओझा, आर्यन सिग्देल, राज तिमिल्सिना, ध्रुव कोइराला र राजबल्लभ कोइरालामध्ये कसको काम सर्वोत्कृष्ट मानिने हो ? रञ्जना शर्मा, युना उप्रेती, प्रेरणा शर्मा, आशा पौडेल र कञ्चन रेग्मीमध्ये कसलाई वर्षकै सर्वोत्कृष्ट खोज मानिने हो ? किस्मत, डर, दाइको ससुराली, देवरबाबुमध्ये कुन चलचित्रले सबैभन्दा बढी विधागत एवार्ड बटुल्ने हो ?

यस्ता अनेकौं खुल्दुलीको निवारण हुने दिन आइपुगेको छ। गत साउन महिनामै मनोनयन सूची सार्वजनिक भए पनि आज अर्थात् ०६५ सालको कात्तिक ८ गते शुक्रबार साँझ साढे चार बजेदेखि होटल सोल्टी क्राउन प्लाजामा आयोजना गरिने भव्य समारोहमा पुरस्कार वितरण गरिने भएको छ। जसलाई कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्दैछ। मनोनयन सूची सार्वजनिक गर्दासम्म पुरस्कारको शिर्षक 'फिल्म एवार्ड-०६५' मात्र थियो। वितरण गर्ने बेलासम्म यसको शीर्षक 'फेम बोटानिका केटिभी फिल्म एवार्ड' भएको छ। फेम बोटानिकाको मूल प्रायोजन तथा कान्तिपुर टेलिभिजन सहयोगीका रूपमा रहेको यो फिल्म एवार्डको आयोजना नेपाल प्राविधिक संघले गर्दैछ।

# ब्राण्डेड सपिङ गन्तव्य

रोजिन शाक्य

व्यक्तिको जीवनशैलीमा पहिरनले मत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। लगाउँदा सजिलो, सुविधाजनक एवं आरामदायी भएकाले रेडिमेड पहिरनप्रतिको क्रेज नेपाली फेसन बजारमा अनुभव गर्न सकिन्छ। खास गरी असन, कमलाक्षी, त्यौड, भोटाहिटी, प्युखा, गुच्चाटाटोल, आदि साँघुरा सडक छेउमा दुई वा दुईभन्दा बढी कवलमा पसलहरूले यस्तो पहिरनको व्यापारलाई निरन्तरता दिएको देखिन्छ। न्युरोड, खिचापोखरी, धर्मपथ, पाको, दरबारमार्ग, कुमारीपाटी, जावलाखेल, मंगलजार, चावहिल, टुसाल नयाँबानेश्वर आदि स्थानमा पनि सोरुममा विकसित हुँदै गएको देखिन्छ।



वि.स. २०३९ सालमा सुपरमार्केटको अवधारणा लिएर भित्रिएको विशाल बजारसँगै फैलंदै गएको सुपरमार्केट, सपिङ कम्प्लेक्स, सपिङ मल, आर्केड, प्लाजा, सपिङ सेन्टर, डिपार्टमेन्टल स्टोर आदिको विकास क्रमले अन्तर्राष्ट्रिय ब्रान्डका पहिरन तथा एक्सेसरिज नेपाली बजारमा भित्रिने क्रम बढ्दो छ। उच्च वर्गको पहुँच र रुचिको विषय बनेको ब्रान्डेड फेसन अहिले मध्यम वर्गका लागि पनि सहज तथा सुगम बन्न पुगेको छ।

नेपालमै पहिलो पटक युरोपेली स्तरको सपिङ सेन्टरका रूपमा सन् १९८५ मा स्थापित ब्लुबर्ड डिपार्टमेन्टल स्टोर सन् २००६ देखि ब्लुबर्ड मलका रूपमा चिनिएको छ। ब्लुबर्डले ब्रान्डेड सामानको गन्तव्यकै रूपमा आफ्नो अलग परिचय बनाएको छ। घडीको संसारमा छुट्टै परिचय बनाएका ब्रान्डहरू टिसोट, रोमान्सन, टाइटन होस् वा पुरुष फेसनशैलीको परिचय बनेका पिटर इङ्ल्याण्ड, जोन प्लेयर, ह्याङ टेन, स्पोर्ट्स वेअरमा ख्याति कमाएका रिबोक, एडिडास, नाइकी आदि स्पोर्ट्स ब्रान्डहरू यो मलको परिचय बनेका छन्। ब्लु बर्ड मलमा बोसिनी, पेपेजिन्स, र्‍याङ्लर, ली, ड्युक, कुसन, टमीहिल फाइजर, बलिनो आदि जिन्स तथा युनिफेसनका ब्रान्डसँगै सर्टिङ-सुटिङको रेमण्ड सप लगायत अन्य एक्सेसरिजका ब्रान्ड पनि समेटिएका छन्।

पुरुष फेसनशैलीको फर्मल लुकलाई अझ बढी प्रोफेसनल ढंगबाट अघि लाने क्रममा रेमण्ड, डिकजाम, ओसीएम, विमल, ग्राभिएरा, रिड एन्ड टेलर जस्ता भारतीय ब्रान्ड, ब्रिटिस कम्पनीका ह्युगो कलेक्सन, स्केबल, चार्ल्स क्लेटन, नोबेल मेन तथा मारियो जेना, मार्कोपोलो, डोरमियुल, भिटाली बारबेरिज, जियानी, भरसाची जस्ता इटालियन कपडाका साथै हङकङ, स्पेन तथा जापानबाट आयातित कपडाको नेपाली बजारमा उपस्थितिले पुरुष फेसनमा फर्मल शैलीलाई अर्थपूर्ण बनाएको देखिन्छ।

**वि.स. २०३९ सालमा सुपरमार्केटको अवधारणा लिएर भित्रिएको विशाल बजारसँगै फैलंदै गएको सुपरमार्केट, सपिङ कम्प्लेक्स, सपिङ मल, आर्केड, प्लाजा, सपिङ सेन्टर, डिपार्टमेन्टल स्टोर आदिको विकास क्रमले अन्तर्राष्ट्रिय ब्रान्डका पहिरन तथा एक्सेसरिज नेपाली बजारमा भित्रिने क्रम बढ्दो छ। अन्तर्राष्ट्रिय ब्रान्डका कपडाको विविधताप्रति बढी लगाव राख्नेहरूका लागि विशाल बजारको भुइँतला, बागबजार, पुतलीसडक, नयाँबानेश्वर, कुमारीपाटी, मंगलबजार, युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको भुइँतला आदि दरिलो गन्तव्य बनेको देखिन्छ।**

अन्तर्राष्ट्रिय ब्रान्डका कपडाको विविधताप्रति बढी लगाव राख्नेहरूका लागि विशाल बजारको भुइँतला, बागबजार, पुतलीसडक, नयाँबानेश्वर, कुमारीपाटी, मंगलबजार, युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको भुइँतला आदि दरिलो गन्तव्य बनेको देखिन्छ। तीमध्ये पनि सर्टिङ-सुटिङमा बागबजारको आराधना कम्प्लेक्सको आफ्नै छुट्टै पहिचाहन देखिन्छ। यो कम्प्लेक्समा श्रेष्ठ टेलरिङ सेन्टर, ह्युमेन फिट टेलर, हिल टप, मेरिना इम्पेक्स जस्ता टेलरिङ क्षेत्रमै ब्रान्ड बनेका सर्टिङ-सुटिङ सम्बन्धित नामहरूको उपस्थिति छ। श्रेष्ठ टेलरिङ सेन्टरले आराधना कम्प्लेक्सको अधिकांश भाग ओगटेको छ। सर्टिङ-सुटिङसँगै यसले आफ्नो सेवालाई फ्यामेली सपिङ सेन्टरकै रूपमा विकसित गरेको छ। चाबहिल चोक, चुच्चेपाटी, वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वरमा पनि आफूलाई विस्तार गरेको छ। भारतीय ब्रान्ड रेमन्डकै नामबाट सञ्चालित रेमन्ड सपको सर्टिङ-सुटिङमा अलग्गै पहिचान देखिन्छ। पुतलीसडक, ब्लुबर्ड मल एवं वर्ल्ड ट्रेन्ड सेन्टरमा यसको उपस्थिति छ। यिनका अतिरिक्त डोरम्युल, पार्क एभिन्यु, टेक्स वर्ल्ड, टिप-टप, द ह्यारी कलेक्सन, मोनालिसा, जेबी टेलर्स जस्ता थुप्रै नामहरू सर्टिङ-सुटिङमा ब्रँन्डका रूपमा परिचित छन्।

सन् २००३ देखि नेपाली बजारमा भित्रिएको पुरुष फेसनसँग सम्बन्धित ब्रान्ड हो- जोन प्लेयर। विभिन्न डिजाइन तथा शैलीका फर्मल सर्ट, पाइन्ट, क्याजुएल टि-सर्ट एवं ट्राउजरको कलेक्सन रहेको जोन प्लेयर प्रायः सबै डिपार्टमेन्टल स्टोर, सपिङ मल सेन्टरमा उपस्थिति रहे पनि यसको एक्सक्लुसिभ ब्रान्डेड आउटलेट्स भने ब्लुबर्ड मल, युनाइटेड वर्ल्ड ट्रेड सेन्टर, पुतलीसडकक्को राधाकुटी आर्केड, कुमारी पाटी र दरबारमार्गमा छ। जोन प्लेयरसित मिल्दोजुल्दो डिजाइन अँगालेको 'स्प्रिङ उड' ब्रान्डको कलेक्सनको लोकप्रियता पनि कम छैन। 'स्प्रिङ उड ब्रान्ड भने मध्यमवर्गीय समूहप्रति लक्षित देखिन्छ। नेपाली बजारमा पिटर इङल्यान्ड, एस काल्भर, क्रोकोडाइल, आदिका फर्मल सर्ट, टि-सर्टका ब्रान्डको पनि उपस्थिति छ। यी बाहेक पुरुष फेसनसँग सम्बद्ध इन्डियन टरान, मोनटेकार्लो, जोडियाक, ह्याङ्टेन जस्ता ब्रान्डका सोरुमहरू क्रमशः कमलादी, दरबारमार्ग, पाको न्युरोडमा छन्। जोडियाक र ह्याङ्टेन भने ब्लुबर्ड मलमा पनि छ।

मेल, फिमेल एवं किड्स वेयरलाई एउटै छातामुनि उपलब्ध गराइरहेको चर्चित नाम हो पिनट्स। न्युरोडको धर्मपथस्थित रत्न प्लाजामा रहेको पिनट्स आफैमा एउटा सपिङ मार्केटका रूपमा विकसित भएको छ। पिनट्सको मेल एन्ड किड्स वेअर कलेक्सन काठमाडौं मलमा समेत विस्तारित छ। मेल-फिमेल एवं किड्स वेअर कलेक्सन रहेको कुमारीपाटीस्थित मेस्मोराइजमा मूलतः बैंकक र चीनबाट आयातित ब्रान्डेड फेसन वेअरहरू समेटिएका छन्। किड्स वेअर एवं किड्स एक्सेसरिजका लागि दरबारमार्गस्थित टिनटिन, एटिन, वर्ल्ड ट्रेड सेन्टरस्थित किड्स वर्ल्ड आफै ब्रान्डका रूपमा विकसित भएको पाइन्छ। यसैगरी लिलिपुट, पोरिविन्की, किङकाउ जस्ता ब्रान्डका सोरुमहरू पनि किड्स वेयरका प्रमुख गन्तव्य हुन्।

युवती एवं महिलावर्गको फेसन स्टाइललाई केन्द्रविन्दु मानेर थुप्रै अन्तर्राष्ट्रिय ब्रान्डका पहिरन एवं फेसनशैलीहरू अधिकांश क्याजुएल स्टोर, सोरुम, मल, मार्केट, कम्प्लेक्समा उपलब्ध छन्। धेरैजसो यस्ता सोरुममा मूलतः क्याजुएल वेअरले बढी प्राथमिकता पाएको देखिन्छ। लेडिज वेअरका लागि परिचित नामहरूमा काठमाडौं मलस्थित फेसन प्लस, फेन बलग, विशालबजारस्थित गपिस, न्यूरोडस्थित टु अल गर्ल, गर्ल्स स्टेसन, टुबी क्युट, ब्लोसम, उडल्याण्ड कम्प्लेक्सस्थित ब्लु बेरी वार्डरोब, पिन्क, नागपोखरीस्थित ट्याकसी आदि ब्रान्डकै रूपमा परिचित छन्।

## कम छैन स्पोर्ट्स वेयरको बजार



मर्निङ वाक, जागिङ जानेहरू, एरोबिक्स, जिम एवं फिटनेस सेन्टर धाउनेहरू तथा विभिन्न खेलका स्टार खेलाडीहरूलाई आफ्नो स्टाइल आइकन मान्नेहरूका लागि स्पोर्ट फेसन सदैव प्रिय रहँदै आएको छ। स्पोर्ट्स फेसनप्रति लगाव राख्नेहरूका लागि दरबारमार्ग प्रमुख गन्तव्य बनेको छ। नेपाली बजारमा भित्रिएको स्पोर्ट्स फेसनसम्बन्धी पहिलो ब्रान्ड हो- रिबोक। करिब ८ वर्षअघि भित्रिएको 'रिबोक' ब्रान्डले पहिलो आउटलेट पुतलीसडकस्थित सेयर मार्केट कम्प्लेक्समा सञ्चालनमा ल्याएको थियो। यसको लोकप्रियतासँगै रिबोक आउटलेट दरबारमार्ग, ब्लुबर्ड मल र कुमारीपाटीमा पनि विस्तार भएको छ।

करिब ६ वर्षअघि दरबारमार्गमा स्थापना भएको लोकप्रिय स्पोर्ट्स ब्रान्ड हो- नाइकी। यसका अन्य सोरुमहरू ब्लुबर्ड मल र काष्ठमण्डप बजारमा विस्तारित छन्। स्पोर्ट्स फेसनमा नै पहिचान बनाएको एडिडास ब्रान्ड भने दरबारमार्ग, काष्ठमण्डप बजार, ब्लुबर्ड मल, सेयर मार्केट, कम्प्लेक्स आदि स्थानमा उपलब्ध छ। फेसन स्पोर्ट्स वेअरमा परिचय बोकेको जापानी ब्रान्ड मेजुका भने कमलादीस्थित होटल रोयल सिंघीको कम्प्लेक्स हुँदै काठमाडौं मलमा समेत विस्तारित भएको छ। काठमाडौं मलमा 'पुमा' र 'फिला' बान्डका स्पोर्ट्स वेअर नेपाली बजारमा भित्रिएका छन्। स्पोर्ट्स फेसन वेअरका लागि मात्र नभएर दरबारमार्ग ब्रान्डेड फेसन वेअरका लागि नै प्रमुख सपिङ गन्तव्यका रूपमा विकसित भएको छ। उडल्याण्ड कम्प्लेक्स, अन्नपूर्ण आर्केड, शेर्पा मल, तीनधारा पाठशाला कम्प्लेक्सको सञ्चालनबाट दरबारमार्गले ब्रान्ड सपिङका लागि आफूलाई परिचित गराएको अनुभव हुन्छ।

## क्रेज युनिस्टाइलको



युनिस्टाइल फेसन अन्तर्गत नै ब्रान्डका रूपमा विगत १२ वर्षदेखि परिचय बनाउँदै आएको नाम हो 'बेन्ट्ली'। 'बेन्ट्ली' को सोरुम दरबार मार्गमा छ। तीन वर्षअघि दरबारमार्गमा खुलेको हङकङको युनस्टिाइल ब्रान्ड हो, बोसिनी। बोसिनीले महिला-पुरुष दुवैका लागि दर्जनौं भेराइटीका क्याजुयल वेअरसँगै फर्मल सेमी फर्मल, स्पोर्ट्स वेअर, अफिस वेअर पहिरन उपलब्ध गराइरहेको छ। युनस्टिाइल अन्तर्गत नै परिचय बोकेको बलिनो र एस एन्ड केको सोरुम भने दरबारमार्गस्थित उडल्याण्ड कम्प्लेक्समा छ। दरबारमार्गमै युनाइटेड कलर अफ बेनेटन, जोरडियानो जस्ता ब्रान्डको सोरुम पनि छन्। यस बाहेक ली, र्‍याङ्गर, बिग एप्पल, टिनटिन, एटिन जस्ता ब्रान्डेड सोरुमको उपस्थिति पनि त्यहाँ छ। युनिस्टाइल फेसन अन्तर्गत नै ड्युक ब्रान्डको सोरुम ब्लुबर्ड मल र पुतलीसडकमा छन् भने मोन्टेकार्लो ब्रान्डका लागि भने कमलादी र कुमारीपाटी गन्तव्य हो।

युनिस्टाइल क्याजुएल वेअर कलेक्सनमा आफ्नो नामलाई ब्रान्डका रूपमा विकसित गरेको नाम हो- युएफओ। सन् १९९५ देखि सञ्चालनमा आएको युएफओ राजधानी लगायत पोखरा, वीरगन्ज, चितवनमा गरी १५ स्थानमा विस्तारित छ। पुमा, फिला र हङकङ इसियन ब्रान्डका कलेक्सन युएफओको राजधानीस्थित नयाँबानेश्वर, काठमाडौं मल, कुमारीपाटी तथा पोखराको आउटलेटमा उपलब्ध छ।

युनिस्टाइल वेअरका थुप्रै आउटलेटहरूको उपस्थिति छ नेपाली बजारमा। त्यस्तै कलेक्सनहरूमा फेसन, न्युएन्जेल, ब्लु, जुजु, रेडिमेड सेन्टर, ताम्राकार हाउस, थिम, ओरान्जी, लाइफ, एएनएफ, स्प्लास, न्यू स्टाइल कलेक्सन, गर्ल्स एन्ड गाइज, ब्ल्याक एन्ड ह्वाइट, नेक्स्ट, डट फेसन, उप्स आदि युवायुवतीमाझ लोकप्रिय छन्। आयातित ब्रान्डेड वेअरको कलेक्सनका रूपमा परिचय बोकेका 'उप्स' को नेपाली फेसन बजारमा आफ्नै उपस्थिति छ।

## जुत्ताको संसार



आकर्षक व्यक्तित्वको पहिचानमा सुगन्ध सञ्चार गर्ने ब्रान्डेड फुटवेअरको बजार पनि कम छैन नेपालमा। नेपाली उत्पादनका रूपमा ख्याति कमाएको बाँसबारी, फिटराइट, स्काइ सुज, शिखर सुज, बिएफ डियर हिल सुज आदि ब्रान्डका जुत्ताहरूसँगै बजारमा लिबर्टी, बाटाजस्ता भारतीय ब्रान्डको पनि उपस्थिति छ। यी ब्रान्डका जुत्ताहरू विशेषगरी भोटाहिटी जुत्ता भण्डार, असनदेखि कमलाक्षीको बाटो, भोटाहिटीबाट कमलाक्षी जाने बाटो, प्युखा, न्युरोड आदि स्थानमा उपलब्ध छन्।

हिपहप स्टाइल अँगाल्नेहरूका लागि कन्भर्स जुत्ताको आकर्षण बेग्लै छ। यसका लागि काठमाडौं मलस्थित कन्भर्स, फ्याबुल्स आदि स्टोरहरू प्रमुख गन्तव्य हुन्। अन्तर्राष्ट्रिय ब्रान्डमा फर्मल लुकका लागि भने दरबार मार्गस्थित बेन्टली, सिग्नेचर, उडल्यान्ड वसन्तपुर प्लाजास्थित 'बेली' जुत्ताका सोरुम गन्तव्य हुन्। यसैगरी महंगा जुत्ताको ब्रान्डमा भने अन्डर ग्राउन्ड र म्याडिसन प्रचलित छन्। जसका लागि विशालबजारस्थित म्याडिसन सुजको सोरुम, वर्ल्ड ट्रेड सेन्टरस्थित फोर एभर, सेलेक्ट, काठमाडौं मलस्थित प्लानेट स्पोर्ट्स हाउस परिचित छन्।

लेडिज फुटवेअरतर्फ दरबारमार्गको तीनधारा पाठशालाको सपिङ आर्केडमा रहेको एन्भी ब्रान्डेड फुटवेरका लागि चर्चित देखिन्छन्। एन्भीमा टिनएजरदेखि हरेक उमेर समूहका महिलाका लागि सबैखाले पहिरन सुहाउँदा क्याजुएल, पार्टी, फुटवेअरसँगै स्यान्डल, पम्पस, हाइहिल, वेजेज, फ्ल्याट्स, स्किन बुट उपलब्ध छन्। लेडिज फुटवेयर ब्रान्डको परिचय बनेको आइ सि इट फस्ट अन्नपूर्ण आर्केडको दोस्रो तलामा छ। मलेसियाको 'प्ले' ब्रान्डको फुटवेअर मन पराउनेका लागि वर्ल्ड ट्रेड सेन्टरको भुइँतलामा रहेको 'ब्ले' ब्रान्डको सोरुम गन्तव्य बन्न सक्छ। यी फुटवेरका अतिरिक्त पेल्ज, प्राडा, म्याडम, मिस, बेले, चार्ल्स एन्ड किथ आदि ब्रान्डका फुटवेअर पनि नेपाली फेसन बजारमा उपलब्ध छन्। लेडिज ब्यागहरूका लागि भने त्रिदर्शनी, बेन्टली, आइसिइट फस्ट, ग्लोबस, यु एन्ड अस, क्युट ब्याग कलेक्सन, वाल्क इन आदिका स्टोरहरू प्रमुख गन्तव्य बनेका देखिन्छन्।

# हरायो रंग पोखराको



तस्बिर : लभ्ली पोखरा डटकम

शिव शर्मा

कजरारे कजरारे...

यो र यस्तै रोमान्टिक गीतहरूमा केही महिनाअघिसम्म रातभर पोखराका डिस्कोथेगहरू जागा रहन्थे। गीतको तालमा मस्त हुनेहरूले रात बितेको पनि पत्तो पाउँदैनथे। दिनभर कामको बोझले थाकेकाहरू रातभर यसरी नै झुम्न कुनै कसर बाँकी राख्दैनथे। अहिले भने रातभर यसरी मनोरञ्जनमा लिप्त हुने दिन गएजस्तो देखिन्छ। यसले मनोरञ्जनपारखीहरूलाई निराश तुल्याएको छ। नेपाली युरोपको उपमा पाएको फेवा नगरीमा रात्रि जीवन चौपट भएको छ। अबेरसम्म झलमल्ल हुने यहाँको रात्रिव्यवसायको लाली हराएको छ। अहिले राति मुस्किलले ११ बज्दा नबज्दै डान्स रेष्टुराँ, पसल र डिस्कोथेगहरू सामसुम हुन्छन्। स्वयम् सुरक्षकर्मी नै ग्वारग्वार्ती होटल-रेष्टुराँमा पसेर बलजफती बन्द गराउन लगाउँछन्। यसरी जबरजस्ती गर्दा पर्यटकहरूलाई समेत नकारात्मक असर पुगेको छ, एक रेष्टुराँ व्यवसायीले भने- 'हाम्रो व्यवसाय अहिले ओरालो लागेको छ।' रात छिप्पिएपछि जम्ने यी मनोरञ्जनस्थलहरू बेसमय बन्द हुन थालेपछि यहाँको रात्रि मनोरञ्जनमा अवरोध पुगेको छ। मनोरञ्जनस्थलहरू मात्र नभै बजार नै सामसुम हुन्छ। यसले गर्दा पोखरा आउने योजना बनाउनेहरूले पनि त्यसलाई स्थगन गर्न थालेका छन्।

पर्यटकीय केन्द्र लेकसाइडको बजार राति चाँडै नै बन्द भएपछि यहाँको व्यपार-व्यवसाय सुस्त भएको छ। त्यसो त लेकसाइडको बजार दिउँसोभन्दा राति चम्कन्छ। व्यापारिक कारोबारसमेत राति नै बढी हुन्छ। कुनै समय राति २ बजेसम्म खुल्थे यहाँका पसलहरू। पर्यटक पनि रातभर लेकसाइडको वातावरणमा रम्थे। अहिले आएर व्यापारिक चहलपहल सुरु हुनुअगावै बजार बन्द भएपछि पर्यटक पनि अन्यौलमा परेका छन्। आजभोलि पहिलेको जस्तो रंगीन वातावरण देखिंदैन। लेकसाइडमा रात्रि मनोरञ्जन र व्यापारिक चहलपहल घट्दै गएपछि पोखरा बसाइको लामो योजना बनाएका पर्यटकहरूले आफनो बसाइलाई छोट्याउन थालेको दाबी व्यवसायीहरूको छ। त्यसो त अहिले पर्यटकीय सिजन पनि हो। रात्रिजीवनमा आएको बन्देजले पर्यटक आगमनमा समेत असर पुगेको क्लब एसियानाका सुमन श्रेष्ठले बताए।

गृहमन्त्री वामदेव गौतमले सुरक्षा व्यवस्था कडा गर्ने नाममा यस्तो बन्देज गरेपछि लेकसाइड मात्र होइन, समग्र पर्यटन व्यवसाय नै तहसनहस हुन पुगेको व्यवसायीहरूको गुनासो छ। राति अबेरसम्म दोहोरीमा रमाउन र गेट टुगेदर गर्न आउनेहरू स्वात्तै घटेका छन्, महेन्द्रपुलस्थित दीपशिखा दोहोरीका चित्र अधिकारी भन्छन्- अबेरसम्म रम्न नपाएपछि पाहुनाहरू रेष्टुराँ आउने क्रममा कमी आएको छ।

राजधानी लगायतका विभिन्न ठाउँबाट होलीडे मनाउन आउने आन्तरिक पर्यटकहरू पनि रनभुल्लमा परेका छन्। अहिले रातिको खाना रेष्टुराँमा बसेर आरामसँग खान नपाई उठेर जानुपर्ने समस्या उत्पन्न भएको छ।

विदेशी पर्यटकहरू यति चाँडै सहर सुनसान हुन्छ भने केका लागि यहाँ आउनु भन्ने गुनासो गर्छन्। राति इन्टरनेट क्याफेमा बसेका पर्यटकलाई धक्का दिँदै क्याफेबाट निकालिन्छ। पाहुनाहरूले सुरक्षाकर्मीको यस्तो दुर्व्यवहार लेकसाइडमा समेत खेप्नुपरिरहेको छ। भर्खर मात्रै पोखरा आएका एक क्यानेडियन जोडीले साप्ताहिकसँग भने- 'रात्रिजीवनमा रम्न नपाएपछि यहाँ आउनुको कुनै अर्थ रहेन।' यो अवस्थाले तंग्रिन लागेको यहाँको पर्यटन व्यवसायलाई धक्का पुगेको छ। पर्यटन व्यवसायी गोपी भट्टराई विकृति निर्मूल पार्ने नाममा गृहमन्त्रीको ठाडो आदेशले मनोरञ्जनस्थलहरूमा तगारो लगाइएको आरोप लगाउँछन्। विकृति दिउँसो पनि हुन्छ, दिउँसैदेखि बन्द गरे भयो नि उनले भने- 'रात्रिजीवनमा अवरोध खडा गरेर सरकारले विकृतिलाई थप प्रश्रय दिएको छ।' यति मात्र होइन, धेरैको रोजीरोटीसमेत गुमेको छ। डान्स रेष्टुराँमा नृत्य गरेर आफ्नो पेट पाल्ने नृत्याङ्गनाहरू बेरोजगार बनेका छन्। आफनो नाम नबताउने शर्तमा एक नृत्याङ्गनाले भनिन्- नाच्न नदिने हो भने हामीलाई सरकारले अरू नै रोजगारी खोजिदिनुपर्छ।

यसभन्दा अघि यस्तो समस्या नभोगेका पर्यटन व्यवसायीहरूलाई अहिले सरकारको चालामालाले हैरान तुल्याएको छ। केही ठूला होटलहरूलाई यो समस्याले नछोए पनि रात्रिजीवनमा रम्ने पाहुनाहरूलाई भने समयको थुनछेकले असर पारेको छ। पोखरा पर्यटन परिषद्का अध्यक्ष सुन्दरकुमार श्रेष्ठ भन्छन्- 'विकृति रोक्ने नाममा व्यवसायमाथि नै व्यवधान खडा गर्नुभन्दा वैकल्पिक उपायहरू खोज्नु राम्रो हो।'

# सुस्तायो फेसन गतिविधि पनि



तस्बिर : लभ्ली पोखरा डटकम

पोखरा- फेसन गतिविधिका कारण पनि चर्चित फेवा नगरी यतिखेर सेलाएको छ। अखिल नेपाल महिला संघ क्रान्तिकारीले महिलासँग सम्बन्धित फेसन कार्यक्रम गर्न नदिने भनेपछि यतिखेर यहाँका फेसनकर्मीमा एक खालको नैराश्यता उत्पन्न भएको छ।

गएको साउन २५ गते द लुक्स फेसन होम्सले गर्न लागेको मिस हङकङ कल्चरल सोमा क्रान्तिकारी महिलाहरूले हस्तक्षेप गरी कार्यक्रमस्थलमै तालाबन्दी गरेपछि उक्त कार्यक्रम स्थगित भएको थियो। जातीय पहिरनमा सजिएका प्रतिस्पर्धीहरूमाथि नै क्रान्तिकारी महिलाहरूले हातपात गरे। २१ औं शताब्दीमा आएर परिवर्तनलाई रोक्न खोज्नु कहाँसम्मको न्यायोचित काम हो, प्रतिस्पर्धी लक्ष्मी गुरुङले भनिन्- 'सस्तो लोकप्रियताका लागि मात्र कार्यक्रम रोक्न खोजिएजस्तो लाग्छ।'

उक्त कार्यक्रममा केही समय दुईतर्फी झडप पनि भएको थियो। प्रत्येक वर्ष द लुक्स फेसन होम्सले मिस पश्चिमाञ्चल सुन्दरी प्रतियोगिता गर्दै आएकोमा क्रान्तिकारी महिलाहरूको दबाबका कारण त्यसको नाम परिवर्तन गरी आयोजकहरूले हङकङ कल्चरल सो राखे। मिस पश्चिमाञ्चल गरे जुनसुकै कारबाही हुने र त्यसको विकल्प कल्चर सो गर्न उनीहरूले नै आयोजकहरूलाई सुझाव दिएका थिए।

हामीले मिस पश्चिमाञ्चलको नाम परिवर्तन गरी सांस्कृतिक पहिरनमा कार्यक्रम गर्न लागेका थियौं, द लुक्स फेसन होम्सका रवीन्द्र बज्रचार्यले भने- कल्चरल सोमाथि नै उनीहरूले हस्तक्षेप गरे।' यसरी कार्यक्रम गर्न नदिएपछि आयोजकहरूले पुनः कार्यक्रम गर्न फेसनकर्मीहरूलाई जमघट गराएर सुझाव-सल्लाह संकलन गरिरहेका छन्। फेसनकर्मीहरू एकजुट हुन एउटा विस्तृत सञ्जाल नै गठन गर्ने तयारी पनि भैरहेको छ।

अखिल नेपाल महिला संघ, क्रान्तिकारीद्वारा कल्चरल सोमा हस्तक्षेप भएपछि यहाँ फेसनसँग सम्बन्धित धेरै कार्यक्रम ओझेलमा पर्दै गएका छन्। डान्स पार्टी, फेसन सो तथा मोडलिङसँग सम्बन्धित अन्य थुप्रै क्रियाकलाप सुस्ताएका छन्। द लुक्स फेसन होम्सले पोखरामा फेसनसँग सम्बन्धित थुप्रै कार्यक्रम गर्दै आएको थियो तर क्रान्तिकारी महिलाहरूले उक्त संस्थालाई महिलासँग सम्बन्धित कुनै पनि कार्यक्रम नगर्न चेतावनी दिएका छन्। धेरैले यस्तो कार्यको विरोध पनि जनाएका छन्। डर-त्रासकै कारण आयोजकहरूले मौ मिस, लिटिल सन साइन बिनाप्रचार कुनै एक होटलमा सम्पन्न गरे। जुन कार्यक्रमसम्बन्धी समाचार कुनै मिडियामा आएन।

नाङ्गो नाच हुने डान्स रेष्टुराँ, अन्य विभिन्न विकृति र विदेशमा बेचिएका नेपाली चेलीहरूलाई फर्काउन कुनै पहल नगर्ने तर खुबी देखाउने कार्यक्रमलाई रोक्नुको कुनै औचित्य नभएको बताउँदै फेसन डिजाइनर बबिता अधिकारीले भनिन्- समयको मागका रूपमा आएको फेसन कसैले रोकेर रोकिँदैन। यहाँ हुने सौन्दर्य प्रतियोगिता र फेसनसँग सम्बन्धित कार्यक्रमहरूले धेरै युवतीलाई अघि बढ्ने अवसर पनि प्रदान गरेको छ। कोही चलचित्रको क्षेत्रमा जमेका छन् त कोही रंगमञ्चकै क्षेत्रमा। उता अखिल नेपाल महिला संघ क्रान्तिकारीले भने सौन्दर्य प्रतियोगिता नारी अस्मिताको खेलवाड हो भन्दै विरोध जनाउँदै आएको छ। नारीलाई विज्ञापनको साधन बनाइनुहुँदैन, एक क्रान्तिकारी महिलाले भनिन्। चेतावनीकै कारण तयारीमा रहेका फेसन कार्यक्रमहरू पनि स्थगित भएका छन्।

पोखरा एक्सपोज मोडलिङ एजेन्सीका अध्यक्ष केदार बास्तोला यस्तो क्रियाकलाप विरोधका लागि विरोध मात्र भएको बताउँछन्। सुन्दरी प्रतियोगिताको विरोध गर्नेहरूले चलचित्र, विज्ञापन, इन्टरनेट तथा टेलिभिजन आदिबाट हुने अङ्ग प्रदर्शनको किन विरोध गर्दैनन् ? बाँस्तोला भन्छन्- यस्तै प्रतियोगिताबाट धेरै युवतीको करिअर बनेको तर्फ उनीहरूको पनि ध्यान जानुपर्छ। प्रतियोगिताको नकारात्मक मात्र नभई सकारात्मक पक्षको पनि विश्लेषण गर्नुपर्ने उनको मान्यता छ।

# भारतीय मोडल नेपाली कारागारमा

काठमाडौं- सुन्धारास्थित केन्द्रीय कारागारको महिला बन्दीगृहमा एउटी सुन्दरी देखिन्छन्। पहिरन र व्यक्तित्व नियाल्दा उनलाई गम्भीर अपराधको अभियुक्त स्वीकार गर्न गाह्रै हुन्छ, तर प्रहरीले हेरोइन कारोबार गरेको अभियोगमा उनीविरुद्ध ५ देखि १५ वर्षसम्म कैद र ५ देखि २५ लाख रुपैयाँसम्म जरिवानाको माग गर्दै जिल्ला अदालतमा मुद्दा दायर गरेको छ। उनी हुन्- भारत मणिपुर इम्फालकी २४ वर्षीया अमराबती लांगाम।

लागूऔषध नियन्त्रण कानुन कार्यान्वयन एकाइले वैशाख २३ मा नयाँ बानेश्वरस्थित डीएचएल कुरियर नेपाल प्रा.लि.बाट ७ सय ५० ग्राम सेतो हेरोइनसहित अमरावतीलाई पक्राउ गरेको थियो। उनले स्पेन पठाउन लागेको पाँच थान पुस्तकको अगाडि पछाडिको गाताभित्र लुकाएर हेरोइन राखेको प्रहरी जाँचमा फेला परेको थियो।

'मैले अहिलेसम्म बुझ्न सकेकी छैन, मलाई किन फसाइयो ?,' मुद्दाको पुर्पक्षका क्रममा पाँच महिनादेखि कारागारमा रहेकी अमरावतीले भनिन्- 'सुरक्षाकर्मीले जाँच गर्दा मैले पहिलो पटक पुस्तकमा लुकाएर राखिएको वस्तु सेतो हेरोइन भएको थाहा पाएँ, यसअघि मलाई यस विषयमा केही थाहा थिएन।'

'थुप्रै सपना बोकेर घर छोडेकी थिएँ, अहिले कारागारमा छु,' मस्त जीउडाल, सुन्दर हाउभाव र ५ फिट २ इन्च अग्ली अमरावतीले भनिन्- 'मलाई यो पुस्तक दिने मानिस फरार भयो, म फसें।' उनले दुई वर्षअघि प्राणीशास्त्र 'जुलोजी' मा स्नातकोत्तर (एमएससी) गरिन्। त्यसपछि कामको खोजीमा भारतीय राजधानी नयाँदिल्ली पुगिन्। राम्रो कामको खोजी र संघर्षका क्रममा थुप्रै प्राइभेट संस्थामा जागिर खाएको उनी बताउँछिन्। उनले विभिन्न कार्यक्रमको संयोजन अर्थात् इभेन्ट अर्गनाइजेरका रूपमा काम



गरिन्। आयात-निर्यातको काम गरिन् अनि आफ्नो सुन्दर व्यक्तित्वलाई ल्याम्प मोडलिङमा समेत उतारिन्।

'मैले अब यी सब भनिरहनुको कुनै औचित्य छैन, सामान मसँग भेटिएकाले कानुनअनुरूपको सजाय भोग्नबाट मलाई ईश्वरले मात्र बचाउन सक्छन्,' अमरावतीले बताइन्।

पाँच दाजुभाइमा ठाहिँली अमराबतीलाई साठी वसन्त पार गरेका पूर्वइन्जिनियर पिता तथा पूर्वशिक्षिका आमाको चिन्ता छ। 'एक जना भाइ मात्र मलाई यहाँ बसेर सहयोग गरिरहेको छ, घरका अन्य सदस्यलाई म व्यवसायका क्रममा देशबाहिर छु भन्ने थाहा छ,' उनले रुँदै भनिन्– 'खै, भाग्यले मसँग कुन खेल खेलिहेको छ ?' सानैदेखि नेपालका सम्बन्धमा सुनेकाले थलमार्गबाट तेस्रो पटक घुम्न र किनमेल गर्न यहाँ आएको उनले बताइन्। 'म दुई पटक पुस्तक लिएर नेपाल आएकी हुँ, मलाई एकपटक पुस्तक ल्याएबापत २० हजार भारतीय रुपैयाँ दिइन्थ्यो,' अमराबतीले भनिन्– 'मलाई त यो कुनै बहुमुल्य पुस्तक होला भन्ने लाग्थ्यो, यो रकमले किनमेल गर्न र घुम्न पुग्ने हुनाले मैले खासै खोजबीन गरिन्।'

आपराधिक समूहले नयाँदिल्लीमा आफूसँगै बस्ने एक सोझी साथीलाई समेत यस कार्यमा प्रयोग गरेको उनले बताइन्। 'अपराधी समूहले ती साथीलाई पनि केही थाहा हुन दिएन, उसले मलाई नेपाल घुम्न आइरहेको बेला यो पुस्तक लगेर त्यहाँबाट युरोप कुरियर गरेबापत यति रकम पाउँछेस् भन्थी,' अमराबतीले भनिन्– 'उसले लान कर छैन, मन लाग्छ भने मात्र लग भन्थी।' विवेकशील भएर नसोच्दा अहिले कारागारको दुर्गन्धयुक्त र कोलाहलपूर्ण जीवन बिताउन बाध्य भएको अमराबतीले बताइन्। इकाइका एसपी हेमन्त मल्ल ठकुरीका अनुसार सम्पूर्ण प्रमाण अमरावतीको विरुद्ध भएकाले उनले मुख्य व्यक्तिलाई पक्राउ नगराएसम्म कानुनी रूपले राहत पाउन नसक्ने अवस्था छ।

**जितेन्द्र साह**

## सन्देश

परिवर्तनशील समयसँगै नयाँ नेपालको पहिलो विजयादशमी एवं दीपावलीको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूलाई हार्दिक शुभकामना। साथै साथीहरू पूजा, सोना, कमला, सोनु, लक्ष्मी, विमला, कतारमा रहनुहुने मामा अनि रिसाएको मान्छे ई. लाई नरिसाउन आग्रह गर्दै एकपटक फोन गर्न अनुरोध गर्छु। नवदुर्गा भवानीले सबैको रक्षा गरुन्, लक्ष्मी माता दाहिने हुन्।

**सविन वियोग**

साथीहरू राजकुमार, राजेश, विराज, हीरा, दिलीप, अन्जन, युवराज, चन्द्र, नीरज, पेम्बा, लक्ष्मी, पेमा, राधिकालगायत भूमेदेवीमा अध्ययन गर्ने तमाम सहपाठीहरू अनि भविष्यकी मेरी उनीलाई विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना।

**सेल्कर तामाङ**

किरणजी, नम्बर गलत भै तपाईंको मोबाइलमा फोन गर्न पुगेछु। हामीबीच जति पनि कुराकानी भयो त्यसलाई त्यतिमै सीमित राख्न चाहन्छु। म तपाईंसँग माफी माग्दै विजयादशमी एवं दीपावलीको शुभकामना व्यक्त गर्दछु। सुनेकी छु तपाईं अहिले मोरङ जानुभएको छ रे, कहिले फर्कनुहुन्छ ? हाम्रो भेट होला-नहोला तर तपाईंको जीवन सफल रहोस्।

**आकृति**

सुजिता, ह्यापी विजयादशमी, तिम्रो मात्र चाहना पूरा होस्। सबैले तिम्रो प्रशंसा गरुन्। टाढा भए पनि म सदा तिम्रो सम्झना गरिरहनेछु। पाउनु मात्र के थियो र ? गुमाउनु पनि त माया हो। मलाई जस्तै अरू कसैलाई भुल्ने प्रयास नगर, आई मिस यू।

**सुजना**

शारदा, आस्था, विश्वास, त्याग र समर्पणले भरिएको हाम्रो सुन्दर मित्रतालाई पुनर्जीवन दिने चाहनासाथ विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना। छोटो मित्रताको अवधिमा तिमीले मेरा लागि जे गर्‍यौ, त्यो जीवनभरि अरूले गर्न सक्दैन। दुःख र पीडाको क्षणमा तिमीले गरेको सहयोग र हरक्षण दिएको साथलाई म कहिल्यै बिर्सन सक्दिनँ। मबाट जानी नजानी भएको गल्तीका लागि माफी माग्दै हाम्रो टुटेको सम्बन्धलाई जोड्ने प्रयास गर्दैछु।

**jitendrasah19@hotmail.com**

विजयादशमी तथा दीपावलीको पावन अवसरमा मेरा सम्पूर्ण चिरपरिचित एवं माननीय वर्ग, गुरुहरू, इष्टमित्र, आफन्तका साथै हितैषी मित्रहरूलाई यही विजयादशमी तथा दीपावलीको पावन अवसर हार्दिक शुभकामनाका साथै नवदुर्गा भवानीले सबैमा सुःख, शान्ति एवं खुसीयाली प्रदान गरुन्।

**राजेन्द्र थापा**

हाम्रो देशका सम्पूर्ण युवावर्ग तथा अन्य संघ-संस्थाका विभिन्न पदाधिकारी, विदेसिएका दाजुभाइ-दिदीबहिनीहरूका साथै देशका सर्वहारा जनसमुदायमा महान् चाड विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना।

**विरेन लिग्थेप**

सबु, आराम रही आरामको कामना, बाबा, तपाईंको मायाले मलाई यसरी तड्पाउँछ जसरी पानीबिना



माछा तड्पिन्छ त्योभन्दा बढी यो मनलाई तड्पाउँछ। जुन रूपले हाम्रो माया फुलिरहेको छ, त्योभन्दा बढी गाढा रूपमा हाम्रो माया फुलिरहोस्। जसरी चन्द्रमाले चाँदनीलाई आकाशले धर्तीलाई माया गरेको छ, त्योभन्दा बढी हाम्रो माया-प्रेमको नशा छाओस्। तपाईंको हरेक पाइलामा सफलताले चुमिरहोस्– विजयादशमी तथा दीपावलीको मंगलमय शुभकामना।

**वाई.एस.**

सुष्मा, काजोल, किरण, रोशन, दीपकिरण, एन्जिला, दीपा, श्वेता, विनिता, वरदान, रिंकु (सन्जना), रीता (सोनिया), विष्णुदाइ, मैयाँ भाउजू, दीपक दीपा, ओमप्रकाश सन्जु, सुनिता, रामअवतार, हीरा, अर्जुन तथा सम्पूर्ण दाजुभाइ-दिदीबहिनीमा विजयादशमी एवं दीपावलीको मंगलमय शुभकामना।

**amit-lohani200@yahoo.com**

बबितालाई मीठो सम्झना अनि माया। गल्ती त भएको छ तर एकपटकलाई माफ गरिदेऊ। धोका नदेऊ, साथ देऊ, म सधैं तिमीलाई माया गरिरहनेछु।

**हरि**

रीता, तिमी सामु हुँदा कति खुसी थियो मन ? तिमीलाई त थाहै छ कि म तिमीलाई कति धेरै माया गर्छु र सधैं गरि नै रहनेछु। जब तिमीबाट छुट्टिएर काठमाडौं आएँ तबदेखि तिम्रो सम्झनाले साह्रै सताइरहेको छ। तिमीबिनाको जीवन पानीबिनाको माछाजस्तै भएको छ मेरो जीवन।

**मुस्कान**

विजयादशमी तथा दीपावलीको पावन अवसरमा घरपरिवार तथा साथीहरू विशेषगरी सपना, सीता, गौरी, सम्झना, गीता, दीपक, चन्द्र, वीरेन्द्र, दिलीप, राजु अनि जीवनलाई खुसी, उमंग, स्नेह, एवं समृद्धिको मंगलमय शुभकामना।

**ईश्वर थापा**

सुन्धारामा बस्ने बहिनी-ज्वाइँलाई परिवारका साथ अनि पोखरा बस्ने दिदी-भिनाजु तथा छोरी लक्ष्मीको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दै दीपावलीको मंगलमय शुभकामना।

**अमिषा**

पत्रमित्रहरू, राम, जग, प्रेम, दीपक, मोहन, तेजेन्द्र, भरत एवं विवेकलाई विजयादशमी तथा दीपावलीको मंगलमय शुभकामना।

**बाग्लुङकी बहिनी**

दीपावलीको पावन अवसरमा रोजी, पदम, सानु, विजय, सजना, अनमोल, कविता, शरण, ईश्वरी, मनिष, गीता लगायत सम्पूर्ण साथीहरूमा सुस्वास्थ्य, दीर्घायु एवं प्रगतिको मंगलमय शुभकामना।

**दीपक**

लक्ष्मी, दीपावलीको हार्दिक शुभकामना।

**दीपक**

एन्जल, विजयादशमी एवं दीपावलीको हार्दिक शुभकामना।

**समिर**

मिस नम्रताजी, ढिलै भए पनि जन्मदिनको शुभकामना अनि विजयादशमी तथा दीपावलीको पावन अवसरमा मंगलमय कामना। म तपाईंसँग भेटन चाहन्छु।

**दीपक**

स्नेही बहिनी शशी र ज्वाइँ रोशनलाई पहिलो सन्तानका रूपमा पुत्री प्राप्त भएकोमा हार्दिक बधाइ तथा शुभकामना।

**दिदी लक्ष्मी आलेमगर एवं परिवार, हङकङ**

विजयादशमी तथा दीपावलीको अवसरका ठगेन, प्रकाश, दीपेन, सुना, अमृता, प्रेम, मदन, देव, अनिता, अञ्जना, दुर्गा, टीका, शुभाष, रूपा, विनु, अनिता, दिदीहरू विष्णु जितमाया, उमा दाइ, प्रेम एवं सन्तोषको उत्तरोत्तर प्रगतिको शुभकामना।

**दीप राना**

प्रिय अमर, अनगिन्ती मायाका सौगातहरू बाचा गरेर साथ दिन सकिनँ, हाम्रा अतीत अनि मलाई भुलिदेऊ सदाका लागि। मैले कसरी भुल्न सक्छु र तर बाध्य छु भुलेजस्तो गर्न। यो समाज र मलाई केही गरेर देखाइदेऊ, दुर्गा भवानीले सधैं तिम्रो कल्याण गरुन् विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना।

**दीप राना**

दले दाइ, थलमान दाइ, राकेश काका, पूर्ण काका-काकी, तेज, भिनाज्यू, सुनिता दिदी, बम दाइ-भाउजु, छन्दे मामा-माइजू, सिद्धवीर मामा-माइजू, हिमाल मामा-माइजू, हर्के काका, फुपूहरू कल्पना, पूर्णिमा, रुवी, मुक्ति, जय काका-काकीका साथै गएको तिहारमा म बिरामी हुँदा सहयोग गर्नुहुने आफन्तहरू तथा सबै साथीभाइहरू विशेषगरी केशमाया फुपूलाई विजयादशमी एवं दीपावलीको हार्दिक शुभकामना।

**शेरबहादुर गुरुङ**

दाइहरू मुक्ति, कृष्ण, वासु, नारायण र काठमाडौंकी दिदी उर्मिलाका साथै टीकापुरकी ठूलममी, भिमाद, दुलेगौडा एवं विभिन्न स्थानमा रहेका सम्पूर्ण इष्टमित्रहरूप्रति बडादसैं एवं दीपावलीको मंगलमय शुभकामना।

**दिनेश शर्मा**

भानुभक्त बहुमुखी क्याम्पस बेलचौतारामा अध्ययनरत दुर्गा, सिर्जना, केशु, जुना, वेद, अमृत, सुवास, रूपा, लीला, शुष्मा, सरस्वती, मीना, दीपा, अनु, रामु, राजेश, महेन्द्र शिक्षकहरू, खिम, तेज प्रतीक्षा पुनम, मितज्यू लगायत सबैलाई दीपावलीको हार्दिक मंगलमय शुभकामना।

**दिनेश**

साथीहरू सरस्वती, रविना, प्रमिला, प्रतिभा, मुकेश, शान्ति, नवीना, विष्णु, गंगा, गीता, मनिषा, जितकुमारी, शान्ता, विष्णुकुमारी, रश्मी, निर्मला, सीता, बालिका, अञ्जु, लक्ष्मी, स्मृति, फूलमाया, इच्छा, अनुषा, लक्ष्मी, निलमलाई उहाँहरूले चालेका हरेक पाइलाले सफलताको शिखर चुमोस् भन्दै हार्दिक शुभकामना।

**नरबहादुर बुढा**

विजयादशमी तथा दीपावलीको पावन अवसरमा दाजु हाङकन, तम्सेन, विष्णु तथा मोहनमा हार्दिक शुभकामना। साथै यो विजयादशमी तथा दीपावलीको आगमनसँगै दुःख-कष्ट ढाटा भै खुसी र उमंगले जीवन रंगीचंगी होस् भन्ने प्रार्थना गर्दछु।

**नरेश थापा**

## जनजाति सांस्कृतिक महोत्सवको तयारी



**माधव अर्याल**

पाल्पा– नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्, पाल्पाले कात्तिक २० गतेदेखि २६ गतेसम्म आदिवासी जनजाति सांस्कृतिक महोत्सव-०६५ गर्ने भएको छ। महासंघले तीन वर्षअघि जिल्लास्तरको महोत्सव आयोजित गरेको थियो। यसपटक राष्ट्रिय स्तरको महोत्सव आयोजित गर्न लागिएको अध्यक्ष गमबहादुर थापाले बताए।

अध्यक्ष थापाका अनुसार महोत्सवका लागि पाल्पा, बुटवल, नारायणघाट, नेपालगन्जमा प्रचार-प्रसार तीव्र पारिएको छ। नेपालभरिका आदिवासी, जनजातिहरूलाई एकै थलोमा राखेर महोत्सव गर्ने लक्ष्य छ। महासंघका सल्लाहकार अशोककुमार शाहीका अनुसार कात्तिक २० गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ। सोही अवसरमा आदिवासी जनजातिहरूका विविध पक्षलाई मध्यनजर गर्दै सांस्कृतिक, सामाजिक, आर्थिक, राजनैतिक, संघीयता एवं महिलासम्बन्धी गोष्ठीहरू पनि हुनेछन्।

महोत्सवका अवसरमा सात दिनको नमुना संसदसमेत सञ्चालन हुनेछ। संसदपछि पाल्पाको घोषणपत्र जारी हुनेछ। सोही घोषणापत्रलाई संसदमा पेस गरिनेछ। आदिवासी जनजातिहरूको जल, जंगल र जमिन आदि प्राकृतिक स्रोतमा अग्राधिकारको ग्यारेन्टी सहितको जाति, भाषा, धर्म, संस्कृति, भौगोलिक विशेषतालाई समेत ध्यानमा राखे राज्यदेखि केन्द्रीय राज्यसम्म सम्पूर्ण अधिकारको ग्यारेन्टीको माग महोत्सवले गर्नेछ।

## वीरगन्जमा मोडल प्रतियोगिता

**साप्ताहिक समाचार**

वीरगन्ज– सात वर्षदेखि १२ वर्ष उमेर समूहका ३० जना बालबालिका 'लिटिल क्विन तथा मास्टर किङ वीरगन्ज-२००८' उपाधिका लागि भोलि शनिबार प्रतिस्पर्धा गर्दैछन्। राजधानीको द एरो मोडलिङ एजेन्सीले स्थानीय टाउन हलमा आयोजना गर्न लागेको प्रतिस्पर्धाका लागि बालबालिकाहरू पछिल्लो दुई सातादेखि प्रशिक्षणमा व्यस्त छन्। सपन जे. शर्माको संयोजकत्वमा आयोजना हुन लागेको यो प्रतिस्पर्धाको कोरियोग्राफी सिद्धान्त घिमिरेले गर्दैछन्। पाँचवटा सिक्वेन्समा विभाजन गर्न लागिएको यो प्रतिस्पर्धात्मक कार्यक्रममा स्थानीय गायक-गायिकाहरूले गीत-संगीत प्रस्तुत गर्नेछन्।

## ज्याजमान्डुको रौनक

**साप्ताहिक समाचार**

काठमाडौं– पाश्चात्य संगीतमा लोकप्रिय ज्याज संगीतले नेपालमा पनि आफ्नो प्रभाव विस्तार गर्दैछ। ज्याजलाई नेपाली श्रोतामाझ लोकप्रिय बनाउने उद्देश्यले विगत छ वर्षदेखि काठमाडौंमा ज्याज फेस्टिवलकै आयोजना गरिन्छ। यसपटक पनि गत बुधबारदेखि आगामी सोमबारसम्म 'ज्याजमान्डु-२००८' शीर्षक राखेर संगीतको यो परिष्कृत स्वरूपलाई सर्वसाधारणमाझ प्रस्तुत गरिँदैछ।

महोत्सवको पहिलो दिन गत बुधबार ह्यात रिजेन्सीमा 'ज्याजमान्डु पिस फ्लाग पेन्टिङ' शीर्षकमा संगीतमार्फत् शान्तिको कामना गरियो। पहिलो दिनको कार्यक्रममा नेपालका सांगीतिक समूह कुटुम्ब तथा केडेन्जा बाहेक बाँकी तीन विदेशी समूह सहभागी थिए। सोही दिन राजधानीको अप स्टेयर्स ज्याज बारमा 'अपस्टेयर्स जाम' शीर्षकमा महोत्सवलाई अघि बढाइयो। बिहीबारका दुई कार्यक्रम 'ज्याज फर स्कूल स्टुडेन्स' तथा 'भ्याली जाम्स' भने विभिन्न विद्यालय एवं राजधानीका विभिन्न स्थानमा सम्पन्न भयो। महोत्सवको तेस्रै दिन आज शुक्रबार गोकर्ण रिसोर्टमा 'गोकर्ण ज्याज बजार' शीर्षकको कार्यक्रम आयोजित हुँदैछ। यो कार्यक्रममा नेपालका केडेन्जा, कुटुम्बलगायत प्रस्तर तथा गन्धर्व समूहले ज्याज संगीत प्रस्तुत गर्दैछन्। त्यसपछि शनिबार लाजिम्पाटमा पिस परेड, ह्यात रिजेन्सीमा रेड हट ल्याटिन ज्याज, आइतबार काठमाडौं ज्याज कन्सजरभेटरीमा 'ज्याजमान्डु मास्ट क्लास' तथा पाटन दरबार स्क्वारमा 'ज्याज एट पाटन' तथा सोमबार होटल साँग्रिलामा 'अल स्टार फिवर एन्ड ज्याजमान्डु आर्ट एक्जिविसन' शीर्षकमा कार्यक्रम प्रस्तुत हुनेछ। ज्याज संगीत महोत्सवमा नेपालबाहेक जर्मनीको टेरेन्स बोउरी, बेलायत तथा अस्ट्रेलियाको ग्रेग लायन्स ट्रियो, होन्डुरसको बानेरन एन्गेरर ल्याटिन ज्याज ट्रियो तथा भारतको ग्लोब युनिटी समूहको सहभागिता छ।

## सकियो पशुपति महोत्सव

**विमल खतिवडा**

काठमाडौं - पहिलो पटक पशुपति क्षेत्र विकास कोष एवं मानवधर्म समितिको संयुक्त आयोजनामा धर्मको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोजित तीनदिने पशुपति महोत्सव आइतबार सम्पन्न भएको छ। 'पशुपति जाऔं पुण्य कमाऔं' भन्ने मूल नारका साथ आयोजना गरिएको महोत्सवमा सामेल हुन र महोत्सवको अवलोकन गर्न भारतको सिलगुडी, सिक्किम, उत्तराञ्चल प्रदेश तथा नेपालको पूर्वाञ्चल, पश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल आदि क्षेत्र तथा स्थानबाट धार्मिक पर्यटकहरू सहभागी भएका थिए। पशुपति क्षेत्र विकास एवं मानवधर्मको झन्डै १ करोडको लगानीमा आयोजित महोत्सवको उद्घाटन राष्ट्रपति डा. रामवरण यादवले गरेका थिए। महोत्सवको मुख्य आकर्षण भने काङ्ग्रेस आईका नेता एवं पूर्वमन्त्री सद्‍गुरुदेव सतपालजी महाराज बनेका थिए। उनले वृन्दावनबाट ल्याएका आफ्ना कलाकारहरूलाई कृष्णलीला प्रस्तुत गर्न लगाई उपस्थित सर्वसाधारणहरूलाई सँगै नचाउन सफलता प्राप्त गरेका थिए। महोत्सवमा युवा पुस्ताको सहभागिता भने न्यून थियो। विशेषगरेर धर्म र शास्त्रीय संगीतको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोजित महोत्सवमा ख्यातिप्राप्त कलाकारहरूको सहभागितामा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने भनी प्रचार-प्रसार गरिए पनि कुनै किसिमको सांस्कृतिक कार्यक्रम भएन। महोत्सवको पूर्वसन्ध्यामा विभिन्न



समुदायका सर्वसाधारणहरूले आ-आफ्नै वेशभूषामा सजिई झाँकी प्रदर्शन गरेका थिए। महोत्सव अवधिभर पशुपति क्षेत्रभित्र विशेष चाडपर्वमा मात्र देखाइने पुराना र प्रसिद्ध जात्राहरू- खड्ग जात्रा, छेमा पूजा, गंगा माई जात्रा, वछलेश्वरी जात्रा, नवदुर्गा नाच तथा छायाँ दर्शन प्रस्तुत गरिएको थियो।

कडा सुरक्षाका साथ सम्पन्न महोत्सवमा चर्चित गायक फत्तेमान राजभण्डारीले भजन एवं आफ्ना चर्चित गीत गाएर उपस्थित हजारौं संगीतपारखीलाई नचाउनुका साथै विदेशी पर्यटकहरूलाई समेत लठ्याएका थिए भने नेपालकै प्रथम तबलावादक महिला सरिता मिश्रले एकल रूपमा तबला बजाई सबैलाई तबलाको संगीतमा झुलाइन्।

महोत्सवमा घरेलु उत्पादनबाट उत्पादित वस्तु तथा धर्मसम्बन्धी सामान तथा ग्रन्थहरूलाई २ सय स्टल बनाएर प्रदर्शनीमा राखिने भनी आयोजकले स्टल राख्ने ठाउँ बनाए पनि स्टलमा राख्ने सामानको अभावमा ३७ वटा स्टलमा मात्र देखियो। प्रदर्शनीमा रेसम कीराको फूलबाट बनाइएका बहुमूल्य माला, आयुर्वेदिक औषधीहरू, रुद्राक्षका माला, पित्तलका भाँडावर्तन, विभिन्न देवीदेवताका मूर्ति, नक्कली गहना, धार्मिक ग्रन्थका पुस्तक, विभिन्न परिकार राखिएको थियो। पर्याप्त पूर्वतयारीको कमीले गर्दा महोत्सव प्रभावकारी नबनेकाले पनि स्टलहरूमा भनेजति सामान राख्न नसकिएको पशुपति क्षेत्र विकास कोषका निर्मल कुइँकेलले बताए। कुइँकेलले यसपालिको महोत्सव पहिलो भएकाले धेरै कमी-कमजोरी भए पनि आगामी वर्षहरूमा आयोजना हुने महोत्सवमा यसलाई सुधार गरेर थप नयाँ ढङ्गले महोत्सव आयोजित गरिने दाबी गरे। मानव धर्म समितिले यही महोत्सवको अवसर पारेर पशुपतिको वनकाली क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको खुलामञ्च निर्माण गर्ने घोषणा पनि गरेको छ।



# विदेशमा नेपाली यायावर



**अश्विनी कोइराला**

नेपालमा १० वर्षभित्र वार्षिक १० लाख पर्यटक भित्र्याउने सरकारी योजना जोडतोडका साथ चलेको छ। प्राकृतिक सम्पदाको खानी मानिने नेपालमा विश्वभरबाट १० लाख पर्यटक भित्र्याउने योजना धेरै महत्त्वाकांक्षी लाग्दैन। कारण नेपालजस्तो गरिब मुलुकबाट ट्राभल एजेन्सीको सहायताबाट पर्यटक भएर विभिन्न देश चहार्नेहरूको संख्या ५० हजार नाघ्न थालेको पर्यटन व्यवसायीहरू बताउँछन्। नेपालीहरू पर्यटक भएर घुम्ने देशहरूको सूची उति लामो छैन। नेपालीहरू करिब १ दर्जन देशमा पर्यटकीय यात्रामा जाने गरेको पाइएको छ। पर्यटक भएर घुम्ने नेपालीहरूमध्ये अधिकांशमा आम्दानीको केही प्रतिशत घुमेर खर्च गर्नुपर्छ भन्ने मान्यता पनि स्थापित भएको पाइन्छ।

नेपालीहरू पर्यटकका रूपमा विदेश जाने प्रचलनको प्रारम्भ भएको धेरै भएको छैन। पर्यटन व्यवसायीहरूका अनुसार एक दशकयता मात्र नेपालीहरूमा विदेश घुम्नुपर्छ भन्ने मान्यता बढेको हो। थोरै आम्दानी भएका कारण धेरैजसो नेपालीले भारत पुगेर आफ्नो विदेश घुम्ने रहर मेट्ने गरेका छन्। भारत जाने नेपाली पर्यटकमध्ये आधाजसो धार्मिक पर्यटक छन्। धेरैजसो नेपाली बद्री, केदार, गया, बनारस, पुट्टपर्ती तथा हरिद्वार गएर आफ्नो धार्मिक यात्राको तिर्खा मेटाउँछन्। केही नेपाली भारतका सबैजसो धार्मिक स्थल पुग्ने गरेको पाइन्छ। ट्राभल एजेन्टको सहायतामा गाइड तथा दर्जनौं गाडी रिर्जभ गरेर भारत जाने तीर्थालुहरूको संख्या ३० हजारको हाराहारीमा छ। यद्यपि ट्राभल एजेन्सीको सहायता नलिई भारत जाने समूह तथा पारिवारिक सदस्यहरूको संख्या पचासौं हजार हुने अनुमान गरिएको छ।

धार्मिक पर्यटनबाहेक अन्य यात्रामा भारत जाने नेपालीहरूको संख्या पनि हजारौं छ। रोजगार, अध्ययन एवं भेटघाटका लागि भारत जाने नेपालीलाई पर्यटकको कोटीमा राखिँदैन। शुद्ध पर्यटक भएर भारत जानेहरूको संख्या हजारौं हुने अनुमान गर्न सकिन्छ। यस्ता नेपालीहरू भारतमा द्रुत गतिमा हुन थालेको विकास, ताजमहलजस्ता मानवनिर्मित आश्चर्यजनक वस्तु एवं विभिन्न किसिमका जानकारी लिन पनि पर्यटकीय यात्रामा निस्कने गरेका छन्। भारतसँग नेपालीहरूको भाषा, संस्कृति, धर्म, वर्ण आदिमा समानता छ। छिमेकी भएका कारण भारतको यात्रा अन्य देशको तुलनामा सस्तो हुने गरेको छ। त्यसैले पनि कुल नेपाली पर्यटकमध्ये आधाभन्दा बढी भारत जाने गरेका छन्।

दुई रातभन्दा बढी बिताउने तथा २० हजार रुपैयाँभन्दा बढी खर्च गर्नेलाई भारतमा पर्यटकको दर्जा दिइन्छ। पर्यटकका रूपमा भारत जाने नेपालीहरूले दैनिक ३ हजार रुपैयाँ खर्च गर्ने अनुमान गरिएको छ। ट्राभल एजेन्सीहरूका अनुसार काठमाडौंबाट भारत जाने नेपालीहरूले दैनिक ५ हजार रुपैयाँसम्म खर्च गर्छन् भने नेपालका अन्य स्थानबाट धार्मिक पर्यटनमा निस्कने नेपालीहरू दैनिक १ हजार ५ सय रुपैयाँ खर्च गर्छन्। भारतमा सस्तो तथा महँगो दुवै खाले यात्रा गर्न सकिने भएकाले पनि पर्यटनका लागि भारत पहिलो रोजाइ भएको हो। एजेन्सीहरूका अनुसार नेपालबाट भारतमा समूहगत यात्रा गर्न सस्तो पर्छ। १० दिने सामूहिक यात्रामा भारतका महत्त्वपूर्ण धार्मिक स्थलहरूको यात्रा गर्न सकिन्छ भने थप पाँच दिनमा भारतको मुम्बई, दिल्लीलगायत ताजमहलको यात्रा गर्न सकिन्छ। खर्चको हकमा प्रतिदिन ५ हजार रुपैयाँ खर्च हुने अनुमान गरिन्छ। खर्चको लागत यात्रा गर्ने स्थान, समय एवं आफू बस्न चाहने होटलको स्तरमा भर पर्ने साई ट्राभल्स पशुपतिका दीपक क्षेत्रीले बताए।

## समुन्द्र पारको यात्रा



भारतबाहेक नेपाली पर्यटक थाइल्यान्ड, सिंगापुर, मलेसिया, श्रीलंका, म्यानमार, चीन, हङकङ तथा दुबई पुग्छन्। यी देशमा ट्राभल एजेन्सीहरूले ५ देखि २२ दिन प्याकेज दिँदै आएका छन्। यी देशबाहेक थोरै संख्यामा युरोपका स्वीजरल्यान्ड, न्युजिल्यान्ड, इजिप्ट, एसियाको जापान तथा दक्षिण कोरियातर्फ पनि आकर्षित हुन थालेका छन्। ती देश जान चाहने नेपाली पर्यटकलाई नेपालकै ट्राभल एजेन्सीहरूले गाइडसहितको सुविधा उपलब्ध गराउँदै आएका छन्।

समुन्द्रपारिका देशमध्ये नेपाली पर्यटकले सबैभन्दा बढी रुचाउने देश थाइल्यान्ड हो। एजेन्सीहरूका अनुसार प्रत्येक वर्ष थाइल्यान्ड जाने नेपालीहरूको संख्या झन्डै ५ हजार पुग्न थालेको छ। थोरै खर्च, खुला यौन वातावरण, अत्यधिक विकास एवं समुन्द्री किनारको मज्जा लिन पाइने हुँदा नेपालीहरूले थाइल्यान्डलाई रुचाएको अनुमान एजेन्सीहरूको छ। नेपाली पर्यटकलाई समुन्द्रपारिको देशमा घुमाउने योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्दै आएको ललित मन्डप ट्राभल्स एन्ड टुर्सले थाइल्यान्ड घुमाउने ५ दिने प्याकेज तयार पारेको छ। पाँचदिने थाइल्यान्ड यात्रामा उक्त ट्राभलले एउटा गाइडसमेत दिने गरेको छ। थाइल्यान्डको पहिलो दिन बैंककमा उत्रिएका नेपालीहरू त्यहाँको चर्चितसहर पतैया पुग्न सक्छन्। उक्त दिन त्यही सहरको होटलमा बास बसेर समुन्द्रका किनारमा हूलका हूल महिलासँग रमाइलो गर्न सक्छन्। त्यहाँका कोरल आइसल्यान्ड यात्राको महत्त्वपूर्ण उपलब्धि हुने धेरैको अनुभव छ। तेस्रो दिन बैंकक फर्किएका नेपालीहरू दिनभर बैंकक सहरको परिक्रमा गर्न सक्छन्। चौथो दिन खरिददारी गरेर बैंककमै बस्ने तथा पाँचौं दिन नेपाल फर्कने योजना बनाउन सकिने एजेन्सीहरूले बताएका छन्। यसका लागि ७० हजार रुपैयाँ खर्च हुने ललित मण्डपका प्रमुख अमोघ शाक्यले बताए।

आजभोलि समुन्द्र किनारका देशहरूमा लामो बिदा मनाउने नेपालीहरूको संख्या बढिरहेको एजेन्सीहरूको अनुभव छ। यस्तो बिदाका लागि एजेन्सीहरूले १० देखि १३ दिनसम्मको प्याकेज बनाएका छन्। यो प्याकेजभित्र थाइल्यान्ड, मलेसिया तथा सिंगापुर गरी तीनवटा देशको भ्रमण गर्न सकिन्छ। यो प्याकेजअन्तर्गत थाइल्यान्ड, मलेसिया तथा सिंगापुरका सबै महत्त्वपूर्ण सहर, पर्यटकीय स्थल एवं समुन्द्री किनारको मज्जा लिन सकिन्छ। यो प्याकेजमा थाइल्यान्डको समुन्द्री किनार, पतैयाको यौन, बैंककका सबै महत्त्वपूर्ण स्थल, सिंगापुरको राजधानी क्वालालाम्पुरको भ्रमण, विश्वकै चर्चित चिनिया शैलीको मन्दिर अर्थात् पेट्रोनस टावर, क्वालालाम्पुको बुकिट बिन्टाङ क्षेत्र, बेटु क्याभ्स आदिको भ्रमण गर्न सकिन्छ। त्यसैगरी १० देखि १३ दिने यात्रामा सिंगापुर सहर तथा सान्तोसा आइल्यान्डजस्ता स्थानको भ्रमण गर्न सकिन्छ।

एजेन्सीहरूका अनुसार १० देखि १३ दिने यात्राका लागि १ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। एजेन्सीहरूले समूहगत यात्रामा एक जना गाइड उपलब्ध गराइने बताएका छन्।

नेपाली पर्यटकहरूले थाइल्यान्ड, सिंगापुर तथा मलेसियापछि चीन घुम्न रुचाएको पाइन्छ। छिमेकी भएर पनि चीनका बारेमा धेरै कौतूहल भएका कारण चीन जान चाहने नेपालीहरूको संख्या बढ्दै गएको अनुभव एजेन्सीहरूले गरेका छन्। यही कौतूहल मेटाउन ट्राभल एजेन्सीहरूले नौदिने चीन भ्रमणको प्याकेज तयार गरेका छन्। नौदिने यात्रामा चीनका प्रमुख सहरहरू संघाई, उसी तथा बेइजिङका दर्शनीय स्थलहरूको भ्रमण गराइन्छ।

चीनको उसी सहरमा संसारकै सबैभन्दा अग्लो बुद्धको मूर्ति छ। उसी संसारका चर्चित बौद्ध धर्मावलम्बीहरूको सहर भएका कारण नेपालीहरूलाई उसी लाने गरिएको एजेन्सीहरूले बताए। उसीपछि नेपाली पर्यटकहरूलाई चीनको सबैभन्दा विकसित सहर संघाइको भ्रमण गराइन्छ। त्यसपछि बेइजिङ पुग्ने नेपाली पर्यटकहरूले त्यहाँ माओत्सेतुङको विभिन्न केमिकल हालेर ताजा राखिएको शव हेर्ने अवसर पाउँछन्। तियानभेन स्क्वायर अर्को कौतूहलपूर्ण भवन हो। त्यसपछि दुई घण्टाको यात्रामा विश्वकै चर्चित स्थल ग्रेटवाल पुग्न सकिन्छ। नौ दिनको उक्त यात्रामा करिब ९० हजार रुपैयाँ खर्च हुने ललित मण्डप ट्राभल्स एन्ड टुर्सले जनाएको छ। उक्त रकममा एक जना गाइड पनि उपलब्ध हुन्छन्।

नेपालका बौद्ध धर्मावलम्बीहरूले यात्रा गर्ने देशहरूमध्ये म्यान्मार तथा श्रीलंका पनि हुन्। यी दुवै देशमा बुद्ध धर्मसँग सम्बन्धित चर्चित स्थान भएकाले वार्षिक ३ सय नेपाली ती देश जाने गरेको अनुभव एजेन्सीहरूसँग छ। यी दुवै देशको यात्राका लागि ८-८ दिनको प्याकेज बनाइएको छ। यी दुवै देशमा जान करिब ८०-९० हजार रुपैयाँ खर्च हुन्छ।

रोजगार

प्रतिष्ठित प्रा.लि. दिपावलीको उपलक्ष्यमा शाखा विस्तार गर्नकोलागि १७ महिला कर्मचारी विभिन्न पदमा चाहियो, तलब रु १०,०००। २०७३६१३, ९८४१६६११२४, ९८४११९९११९

अफिसलाई १३ कर्मचारी आवश्यकता तलब ८५००। ३०७३८४४, ९८४१९८८१७४

शिक्षित अशिक्षित महिला पुरुष आवश्यकता, रु.८,०००। कौशलटार, ६६३५४०१, ९८०३४२१५२६

अफीसलाई १३ कर्मचारी आवश्यकता। तलब ८५००, २०७३८४४, ९८४१९८८४७४, कोटेश्वर

कम्प्यूटर/भाषा तालिम

१२ बर्ष पुरानो राज टेक्नीकलमा ३०% छुटमा मोवाइल, टेलिभिजन, हार्डवेयर, इलेक्ट्रिकल्स, एसिप्रीज तालिम नयाँबानेश्वर, ४४९५५८१ कालिमाटी, ०१६२२४७९८ (टुल्सहरु निशुल्क)

सम्पर्क

सिमित सिटमा एस.एल.सि. पास केटीहरुकोलागि जर्मनीमा Child Care को शुवर्ण अवशर सम्पर्क: ICATS Bagbazar, ०१६९१३७८९, ९८४१३८९९७५

स्तन घटाउन बढाउन ९८४१९८१९७६

यौन सन्तुष्टि तथा लिङ्ग बढाउन ९८०३५०२२५९

स्तरिय खाना तथा पारिवारिक वातावरणकोलागि अवश्य पाल्नुहोस, रातोभाले, बबरमहल

सेफटीटैंकी मिनेटमै मेसिनद्धारा सफाई, ९८५१०९३०७०

मर्मत

कम्प्युट मर्मत तथा बिक्री 16,000, home service@450, ९८४१९२८७०९, कालिमाटी

Key House पुतलीसडक, न्युप्लाजा, ४४३०८११। ९८४१८८८२४२

उपचार

यहाँ जण्डिस, पिनास, छातिकोदाग, पथ्थरी युरीकएसिड साथसाथै सम्पूर्ण रोगको ग्यारेण्टीकासाथ जडिबुटिबाट उपचार गरिन्छ, जण्डिस उपचार केन्द्र, कालिमाटी, सालिकको दक्षिणपट्टी, ९८४१७४४५९८, मान ब. थिङ्ग

अल्काई (पाइल्स) पीडित विरामीहरुलाई खुशिको खबर, कुनैपनि खानपिनमा बार्न नपर्नेगरि ग्यारेन्टीकासाथ अल्काई रोगको सफल उपचार गरिन्छ, ग्यारेन्टी अल्काई उपचार केन्द्र सोह्रखुट्टे, नयाबजार ९८४१४०८४५४



# सम्भावना खेल पर्यटनको

शिव शर्मा

**पोखरा–** स्वदेशी हुन् वा विदेशी पोखरा भ्रमणका लागि पहिलो गन्तव्य बनेको छ। अन्नपूर्ण पैदलयात्रा विश्वकै उत्कृष्ट पैदलयात्रामध्ये एक हो। पोखरा आउने ७० प्रतिशत पर्यटक पदयात्रामा जाने गरेका छन्। पर्यटकहरू यहाँको सौन्दर्यबाट मोहित भएर आफ्नो बसाइ लम्ब्याउँछन्। यही भएर पोखरा पर्यटकीय स्थलका रूपमा विकसित हुँदै गएको हो। सौम्य वातावरण अनि थुप्रै पर्यटकीय सम्भावनाले गर्दा पनि पर्यटकहरूको रोजाइ बनेको छ पोखरा।

पोखरामा धेरैजसो युरोपियन मुलुकका पर्यटक नै आउँछन्। दृश्यावलोकनसँगै रमणीय स्थलहरूका कारण पनि पोखरा पर्यटकीय नगरीका रूपमा विकसित हुँदै गएको छ। पर्यटकहरूको बसाइ लम्ब्याउन र उनीहरूलाई आकर्षित गर्न पर्यटन व्यवसायीहरूले नयाँ–नयाँ प्याकेजहरू पनि ल्याएका छन्। पर्यटकीय गतिविधिहरूको केन्द्र पोखरामा खेल पर्यटनको सम्भावना पनि प्रचुर रहेको यहाँका पर्यटन व्यवसायीहरूले बताएका छन्।

**प्याराग्लाइडिङ**

खेल पर्यटनमा प्याराग्लाइडिङको सबैभन्दा महत्त्वपूर्ण स्थान छ। प्याराग्लाइडिङकै माध्यमबाट बर्सेनि हजारौं विदेशी पर्यटक पोखरा आइपुग्छन्। प्याराग्लाइडिङका लागि पोखराको सराङकोट महत्त्वपूर्ण मानिएको छ। पोखराको सराङकोटबाट एक नजरमा धवलागिरि, अन्नपूर्ण हिमश्रृंखलाको दृश्यालोकन गर्दै यो खेलमा रमाउन पर्यटकहरू लालयित हुने गरेका छन्। केही स्वदेशी पर्यटकले पनि हिजोआज यो खेलप्रति अभिरुचि देखाउन थालेका छन् तर विदेशी पर्यटकहरूको तुलनामा उनीहरूको संख्या न्यून छ। साहसिक हवाई खेल प्याराग्लाइडिङले पर्यटकहरूलाई आकर्षित गरिरहेको छ, –प्याराग्लाइडिङका पाइलट राजेश बम्जनले बताए।

त्यसो त पोखराको प्याराग्लाइडिङ खेल विश्वको पाँचौं स्थानमा पर्छ। नेपालको हकमा प्याराग्लाइडिङका लागि सराङकोट र पोखरा आसपासको भूभाग महत्त्वपूर्ण मानिँदै आएको छ। यहाँको आकाशमा बत्तिँदै प्याराग्लाइडिङमा रमाउनुको मज्जा बेग्लै हुने पर्यटकहरू बताउँछन्। लेकसाइडको रमणीय दृश्यलाई आँखैमा राखेर प्याग्लाइडिङको आनन्द लिनुको बेग्लै अनुभव हुन्छ, –ब्लुस्काई प्याराग्लाइडिङका सञ्चालक नारायण पराजुलीले बताए। त्यसो त प्याराग्लाइडिङको मौसम सुरु भएपछि यही खेलका लागि मात्र भनेर विदेशी पर्यटकहरूको आगमन हुने गरेको छ।

पोखराबाट ८ हजार मिटरका तीनवटा हिमाल देख्न सकिने र फेवातालमाथिको उडान ज्यादै रोमाञ्चकारी हुने भएकाले विदेशी पर्यटकका लागि पोखरा प्याराग्लाडिङको केन्द्र बन्दै गएको स्थानीय पर्यटन व्यवसायीहरूको धारणा छ। साहसिक हवाई खेलकुदका रूपमा लिइने यो खेलका लागि पहाडी भूभाग उपयुक्त मानिन्छ। यो खेललाई व्यवस्थित ढंगले सञ्चालन गर्न सकेको खण्डमा पर्यटकहरूलाई अझ बढी आकर्षित गर्न सकिन्छ, पर्यटन व्यवसायी सुन्दरकुमार श्रेष्ठ भन्छन्– 'पोखराको प्याराग्लाइडिङले खेल पर्यटनलाई बढावा दिएको छ।' पर्यटकहरूलाई बढीभन्दा बढी सहभागिता गराउने उद्देश्यले बर्सेनि पोखरामा अन्तर्राष्ट्रिय स्तरको प्याराग्लाइडिङ प्रतियोगिता आयोजित हुँदै आएको छ। १९९९ मा टान क्षेत्रीय च्याप्टर पोखरा र सनराइज प्याराग्लाइडिङले नेपालमै पहिलो पटक यस्तो प्रतियोगिताको थालनी गरेपछि प्याराग्लाइडिङ खेलको विस्तार भएको हो।

**गल्फ**

सबैले सहजै खेल्न सक्ने गल्फलाई धेरैले सौखिन र धनाढ्यहरूको खेलका रूपमा लिने गरेका छन् तर गल्फ सबै वर्गका मानिसले खेल्ने गरेको पाइन्छ। पोखरामा विशेष गरी भूपू लाहुरेहरूले अभिरुचि देखाएकोमा पछिल्लो क्रममा विदेशी पर्यटकहरूको पनि रुचि देखिएको छ। स्थानीय मझेरीपाटन र फूलबारी रिसोर्टमा गल्फ कोर्स छन्। होटल फूलबारीमा आएपछि पर्यटकहरू गल्फ नखेली फर्कंदैनन्। मनमोहक वातावरणमा गल्फको मज्जा लिन पर्यटकहरू हानथाप गर्छन्। यहाँ बेलाबेलामा राष्ट्रिय स्तरका गल्फ प्रतियोगिताहरू पनि हुने गरेका छन्। यही भएर पनि गल्फ खेलतर्फ पोखरा भित्रिने विदेशी पर्यटकहरू आकर्षित हुने गरेका छन्। गल्फकै रमझमले महिनौं यतै बिताउने पर्यटकहरू पनि हुन्छन्। अन्यत्रभन्दा भिन्न प्राकृतिक छटाले भरिपूर्ण गल्फ कोर्सका कारण पनि पर्यटकहरू यहाँ रमाउन सक्छन्।

**र्‍याफ्टिङ**

र्‍याफ्टिङ पनि साहसिक एवं रोमाञ्चकारी खेल हो। नदीको छालमा खेलिने यो खेलमा विदेशीहरू मन्त्रमुग्ध हुने गरेका छन्। र्‍याफ्टिङ खेलका लागि पोखरा पनि सम्भावनाको क्षेत्र हो। आक्कलझुक्कल माथिल्लो सेती हेम्जानजिक पर्यटकहरू र्‍याफ्टिङमा रमाएको पाइन्छ। यहाँ अन्यत्र भने सरकारले यो खेल खेल्न अनुमति प्रदान गरेको छैन। यो खेल केही जोखिमपूर्ण हुने भएकाले पनि जहाँतहीं खेल्न सकिँदैन।

रोमाञ्चसँगै जोखिम मोल्नुपर्ने भएकाले पनि नदीका सबै छालमा यो खेल सम्भव हुँदैन, र्‍याफ्टिङ व्यवसायी हर्क गुरुङ भन्छन्– सरकारले अनुमति दिएको खण्डमा पोखरामा यो खेलको पर्याप्त सम्भावना छ। र्‍याफ्टिङका लागि त्रिशूली नदी लोकप्रिय मानिन्छ। पोखरा आउने पर्यटकहरू मादीमा र्‍याफ्टिङका लागि जाने गरेको पाइन्छ। सरकारले परमिट दिने हो भने पोखराको सेती नदीमा र्‍याफ्टिङको प्रचुर सम्भावना रहेको व्यवसायीहरू बताउँछन्। जसले यहाँको खेल पर्यटनलाई टेवा दिनेछ, –र्‍याफ्टिङ व्यवसायी गुरुङले भने।

**फुटबल र म्याराथन**

यहाँ बर्सेनि आयोजना हुने फुटबल र म्याराथनले पनि खेल पर्यटनलाई बढावा दिइरहेको छ। सहारा क्लबले गर्दै आएको अन्तर्राष्ट्रिय स्तरको आहा गोल्ड कपले विशेष रूपमा यहाँ पर्यटकहरूलाई आकर्षित गरिरहेको छ। बहुप्रतिष्ठित आहा गोल्ड कप हेर्न पोखरा रंगशालामा पर्यटकहरूको उपस्थिति हुने गरेको छ। अन्तर्राष्ट्रिय स्तरको यो प्रतियोगिताले सबैलाई आकर्षित त गरेको छ नै, खेल पर्यटनको सम्भावनालाई पनि थप ऊर्जा प्रदान गरेको छ। यही फुटबलले पोखरालाई अन्तर्राष्ट्रिय स्तरसम्म परिचित गराउने काम गरेको छ। जुन प्रतियोगितामा केही विदेशी टिमको पनि हरेक वर्ष सहभागिता हुँदै आएको छ। पोखरालाई पर्यटकीय सहरका रूपमा विकास गर्न सेभेन ए साइड महासंघले २०६५ सालको आगमनसँगै पोखरामा अन्तर्राष्ट्रिय स्तरको सेभेन ए साइड फुटबल प्रतियोगिता आरम्भ गरेको छ।

यसैगरी बर्सेनि हुने राष्ट्रिय म्याराथनले पनि खेलपर्यटनमा आकर्षण थपेको छ। भूतपूर्व खेलाडी मञ्चले गर्दै आएको यो म्याराथनमा स्वदेशी धावक मात्र होइनन् विदेशी धावकको पनि सहभागिता रहने गरेको छ। प्रत्येक वर्ष यो खेलमा विदेशी पर्यटकहरूको संख्या अघिल्ला वर्षहरूको तुलनामा बढ्दै जाने गरेको आयोजक भूतपूर्व खेलाडी मञ्चले जनाएको छ।

यसैगरी हेली स्की, हाइकिङ तथा साइकलिङ आदिको पनि उत्तिकै सम्भावना देखिएको छ, तर यी खेलहरू त्यति फस्टाउन सकेका छैनन्।




# स्काई डाइभमा नयाँ सम्भावना



**पिलाटस पोटरको ढोका खोल्नेबित्तिकै निकै उत्साहित भएँ। विश्वच्याम्पियन विण्डी स्मिथले गुड लकको संकेत गरिन्। 'सुरुमा चराजस्तै अनुभव भयो,' उनले भनिन्– 'स्काइ डाइभका गाइड टोमले आवाज सुनिएको छ ? भनेर सोध्यो र हिमाल हेर भन्यो। उसले सगरमाथा देख्यौ ? भनेर सोध्यो। मैले ऊ त्यो हो सगरमाथा भनेर औंल्याएँ।'**

सगरमाथामा भर्खरै सकिएको स्काई डाइभमा माया गुरुङले २२ हजार ५ सय फिट उचाइबाट हाम फालेर अर्को कीर्तिमान बनाएकी छिन्। गएको वसन्त ॠतुमा उनले समावेशी सगरमाथा आरोहण गरेकी थिइन्। संसारको सबैभन्दा उचाइमा स्थित स्याङ्बोचे विमानस्थललाई आधार बनाएर ३२ जना विदेशीसहित दुई जना नेपालीले स्काइ डाइभ गरे। निमा तामाङ र माया गुरुङ पहिलो नेपाली स्काइ डाइभर भएका छन्।

सिन्धुपाल्चोकको भोटेनाम्लाङमा २९ वर्षअघि जन्मिएकी माया सानैदेखि साहसिक काम गर्न रुचाउने बताउँछिन्। खासमा उनी बलिङकी राष्ट्रिय खेलाडी हुन्, जहाँ महिलाहरू कमै छन्। त्यसबाहेक कायकिङ तथा र्‍याफ्टिङमा पनि रुचि राख्ने मायाले सगरमाथामा भएको स्काई डाइभमा पहिलो पटक २२ हजार ५ सय फिटमाथिबाट हाम फाल्दा निकै उत्साहित भएको बताइन्। 'सगरमाथामा पाइला राख्दा शिखरवरिपरि मात्रै देखेकी थिएँ।' स्काइ डाइभ गर्न जाँदा हिमतालहरू, अरू हिमाली चुचुराहरू देखेको मायाले बताइन्। पाँच दिन लगाएर स्वीजरल्यान्डबाट आएको पिलाटस पोटर जहाजले सबै स्काई डाइभरलाई आकाशतर्फ बोकेको थियो। अक्टोबर ३ देखि ११ सम्म भएको पहिलो सगरमाथा स्काई डाइभ नेपालमा पहिलो पटक आयोजना भएको हो। माया आगामी दिनमा साहसिक खेलमै रम्ने योजनामा छिन्।

पिलाटस पोटर जहाजमा उड्दा सुरुमा हिमालमा रमाए। उनले टेन्डम जम्प गरेकी थिइन्। मायालाई टोमले गाइड गरेका थिए। 'आमादब्लममाथि आएपछि टोमले यो कुन हिमाल हो ? भनेर सोध्यो, मैले सजिलै बताएँ,' उनले भनिन्। 'सगरमाथा, लोत्से, मकालु थामसेर्कु हिमाल पिलाटसपोटर जहाजबाट नियाल्न पाउँदा आनन्द आयो। पिलाटस पोटरको ढोका खोल्नेबित्तिकै निकै उत्साहित भएँ।' विश्वच्याम्पियन विण्डी स्मिथले गुड लकको संकेत गरिन्। 'सुरुमा चराजस्तै अनुभव भयो,' उनले भनिन्– 'स्काइ डाइभका गाइड टोमले आवाज सुनिएको छ ? भनेर सोध्यो र हिमाल हेर भन्यो। उसले सगरमाथा देख्यौ ? भनेर सोध्यो। मैले ऊ त्यो हो सगरमाथा भनेर औंल्याएँ।' विश्वकीर्तिमान कायम गर्न सफल स्काई डाइभर न्युजिल्यान्डकी विण्डी स्मिथ, बेलायतकी होली बज र क्यानाडाकी जोन्सले ३० हजार फिटबाट हाम फालेका थिए।

नेपाली पर्यटन उद्योगमा स्काई डाइभ नयाँ आशाका रूपमा उदाएको आयोजक एक्सपोलर हिमालयका सुमन पाण्डेले जानकारी दिए। स्काई डाइभको आयोजना बेलायतको हाई एन्ड वाइल्ड कम्पनी तथा नेपालको एक्सपोलर हिमालले संयुक्त रूपमा गरेका हुन्।

**– चक्र कार्की**



# जमाना एयर स्पोर्ट्सको



विश्व खेलकुद दिनप्रतिदिन परिवर्तीत हुँदै गएको छ। कुनै समय जमिनसँग सीधै सम्पर्क राखेर खेलिने खेलहरूमात्र अस्तित्वमा थिए र ती खेलले विश्वका खेलकुदप्रेमीहरूको ध्यान आकृष्ठ गरेका थिए तर अहिले आकाशमा खेलिने प्रशस्तै खेल देखा परिरहेका छन्। ती खेलहरूले पनि विभिन्न मुलुकमा अत्यधिक लोकप्रियता हासिल गरिरहेका छन्। एयर स्पोर्ट्सका रूपमा देखा परेका यस्ता केही खेल नेपालमा पनि पर्यटकीय आकर्षणको रूपमा खेलाइने गरेको छ।

**एरोब्याटिक्स**

एरोब्याटिक्सलाई हाल चलन चल्तीको भाषामा 'स्टन्ट फ्लाइङ' पनि भन्न थालिएको छ। सिङ्गल प्लेन वा ग्रुप प्लेनलाई हावामा विभिन्न कला देखाउने एरोब्याटिक्सलाई एयर स्पोर्ट्सको सर्वाधिक रोचक खेल मानिन्छ र यो खेलको वार्षिक सयौं स्पर्धा एवं प्रदर्शन हुने गरेको छ। आकाशमा बनाइएको काल्पनिक बाटोमा विमानलाई विभिन्न कलात्मक र रोमाञ्चक ढंगले घुमाउँदै दर्शकको मन सिरिङ्ग पार्ने यो खेलमा झिनो गल्ती हुदाँ विमानहरू आकाशमै ध्वस्त समेत हुन्छन् तर हालका वर्षमा विमानमा जडित विभिन्न सुरक्षा उपकरणहरूको सहयोगमा यस्ता दुर्घटनालाई घेरै कम गरिएको छ।

एरोब्याटिक्स खेलका लागि अहिले विभिन्न देशमा अलग-अलग क्लबहरू लोकप्रिय छन्। यस्ता क्लबहरूले देखाउने एरोब्याटिक्स हेर्न विभिन्न देशका दर्शकहरू आयोजक राष्ट्रमा जान्छन्। यसमा अमेरिकी नेभिको ब्लु एन्जेल्स, दक्षिण अफ्रिकी एयर फोर्सको सिल्भर फाल्कोन, अमेरिकी एयर फोर्सको थन्डरवर्ड, बेलायतको रेड एरो, न्यूजिल्याण्ड एयर फोर्सको रेड चेकर, एयर फ्रान्सको कार्टुचे डोरे आदि दर्जनौं एरोब्याटिक क्लब एवं संस्थाहरू सक्रिय छन्।

एरोब्याटिक खेलका पनि आ-आफ्नै किसिमका नियम छन्। यो खेलको परिकल्पनाकारले हावामा विमानहरू उड्ने काल्पनिक बाटाहरूको निर्माण गरेका हुन्छन्। ती बाटामा विमान चालकले चलाउँदा उडानमा रोमाञ्चकता आउँछ। एरोब्याटिक खेलमा सहभागी विमानको संख्याका आधारमा पनि विमान हावामा कसरी उड्ने, कहाँ गएर पल्टिने, एक-अर्काको बीचमा कसरी छिर्ने, माथि कसरी जाने र तल कसरी झर्ने जस्ता कुरालाई नक्सामा उतार्छन्। सोही नक्साका आधारमा पाइलटले विमान उडाउँछन्। यसरी उडाउँदा पाइलटले दर्शकलाई रोमाञ्च प्रदान गर्न जमिनभन्दा केही सय मिटर माथि नै विमानलाई कावा ख्वाउनेसमेत काम गर्छन्। एरोब्याटिक खेलका पनि विभिन्न चरण छन्। जसमा पहिलो चरणलाई प्राइमरी लेभल भनिन्छ। त्यसपछि स्पोर्ट्स्म्यान, इन्टरमिडिएट र एडभान्स लेभलको हुन्छ। यी सबै चरणका प्रतियोगिताबाट पार भएपछि पाइलटले अल्टिमेट लेभलमा प्रवेश गरेर विमान उडानमा अझ रोमाञ्चकता थप्न सक्छ।

**बलोनिङ**

मानिसले हावामा विभिन्न ढंगले उड्न सिक्ने क्रममा प्रविधिको प्रयोग गरेको पहिलो उपकरण नै बलोनिङ हो। चीनमा तेस्रो शताब्दीतिर सेनाहरूले आफ्नो स्थितिको जानकारी गराउन कुनै बाक्लो कपडामा तलबाट तातो हावा भरेर उडन गराई आफ्नो बारेमा जानकारी दिने गरेको कुरा उल्लेख छ यद्यपि मानिस सवार भएर पहिलो हट एयर बलुनको उडान भने सन् १७१० मा पोर्चुगलको ब्रिस्बनमा भएको थियो। बार्टोलोम्यू गुस्माओले पहिलो हट एयर बेलुनको निर्माण गरेर आफैले उडान भर्दा केही किलोमिटरको दूरी पार गरेर खसेको थियो। यसलाई इतिहासकारहरूले मानिसले प्रविधि प्रयोग गरेर पहिलो पटक लामो समय जमिनभन्दा माथि उठेको घटनाका रुपमा व्याख्या गरेका छन्। त्यसपछि यस विषयमा थप परीक्षणहरू हुन थाले जसमा सन् १७८३ मा बलोनिङको अवधारणालाई फ्रान्सका वैज्ञानिकहरूले परिस्कृत गरेपछि यसको उडानका लागि विभिन्न किसिमका परीक्षण गर्न थालियो।

हट एयर बेलुनले मानिस बोकेर उड्छ भनेर वैज्ञानिकहरूले पुष्टि गरेपछि यसको परीक्षणमा आफू सामेल हुन डराउँथे जसका कारण फ्रान्सका तत्कालीन राजाले यो परीक्षणलाई सफल बनाउन हत्याको अभियोगमा आजन्म कारावासको सजाय पाएका कैदीलाई पहिलो पाइलट बनाएर यसको परीक्षण गराउन लगाएको बलोनिङको इतिहासमा पाइन्छ तर सन् १९६० मा अमेरिकाको नेब्रास्का सहरमा उडान गरेपछि यसले आधुनिक युगमा लोकप्रियता पाउन थाल्यो। त्यो समयमा बलोनिङको उडान भर्दा मट्टितेल प्रयोग गरिएको थियो।

बलोनिङको विकास क्रमलाई हेर्ने हो भने यसको उडानमा विभिन्न पदार्थहरूको प्रयोग भएका छन्। हट एयर बेलुनमा बेलुनको तल्लो भागबाट तातो हावा दिएर उडान गराइन्छ भने ग्यास बेलुनमा ग्यासका स-साना कणलाई हलुका बनाई उडान गरिन्छ। यसैगरी हाइड्रोजन, हेलियम, एमोनिया, कोल ग्यासको प्रयोग गरेर पनि बलोनिङ वा एयरसिपको उडान गरिएका छन्।

एयरसिप विमानको अवधारणा आउनुभन्दा अघि मानिसहरूले हावामा उडान गर्ने साधनका रूपमा थियो। लामो यात्रा तय नगरे पनि अकाशको रोमाञ्चक यात्राका लागि एयरसिप लोकप्रिय थियो। हाइड्रोजन ग्यासको सहायतामा उडान भर्ने एयरसिपमा सर्वाधिक लोकप्रियता पाएको हाइडेनबर्गको दुर्घटनापछि यसले आफ्नो साख गुमाएको थियो। हाइड्रोजन ग्यासले उडान भर्ने भन्दा तातो हावाको सहायतामा उडान भर्ने हट एयर बेलुन बढी सुरक्षित मानिन्छ। जसका कारण अहिले हट एयर बेलुन केबल पर्यटकिय मनोरञ्जनमा सीमित नरहेर प्रतिस्पर्धा र कीर्तिमान कायम गर्ने माध्यमका रूपमा पनि स्थापित भैसकेको छ।

**ह्याङ ग्लाइडिङ**

ह्याङ ग्लाइडिङ साहसिक एयर स्पोर्ट्सको क्षेत्रमा लोकप्रिय बन्दै गएको अर्को खेल हो। आल्मुनियम र फेब्रिकबाट बनेको विमानको केवल पखेटा जस्तो भागलाई बोकेर अग्लो भागबाट दौड्दै हामफालेर यसको उडान भरिन्छ। ह्याङ ग्लाइडिङमा कुनै इन्जिन जडान हुँदैन जसका कारण चालक आफैले शरीरलाई दायाँ-बायाँ घुमाउँदै नियन्त्रण गर्नुपर्छ। ह्याङ ग्लाइडिङको हाल विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरू निरन्तर हुने गरेका छन्। यस्ता किसिमका प्रतियोगितामा कुन चालकले तीव्र गतिमा उडान भर्ने, हावामा कलात्मक प्रदर्शन गर्ने, निर्धारित स्थानमा कसले अवतरण गर्ने जस्ता किसिमका विधाहरू समावेश छन्। हावाको स्थितिलाई मध्यनजर गरेर उडान गर्नुपर्ने ह्याङ ग्लाइडिङमा चालकको सुरक्षाका लागि हाल विभिन्न सुरक्षा प्रविधिहरू जडान गर्न थालिएको छ।

ह्याङ ग्लाइडिङको उत्पत्तिको इतिहासलाई केलाउँदा यसको प्रारम्भिक विकास चीनमा चौथो शताब्दीतिर भएको मानिन्छ। यसको प्रकृति चङ्गासँग ज्यादै नै मेल खाने भएका कारण र चङ्गाको उत्पत्ति चीनमा भएकाले इतिहासकारहरू यसको विकास चीनमा भएको कुरामा सहमत छन्। त्यो समयमा चीनका राजाहरू मृत्युदण्डको सजाय पाएका कैदीहरूलाई कुनै अग्लो टावरमा लगेर विशाल चङ्गा बोकेर उडान गर्न लगाई मनोरञ्जन गर्थे। त्यो समयमा सफल अवतरण गर्ने अवधारणा नभएका कारण अधिकांश कैदी चालकको मृत्यु हुन्थ्यो। चङ्गाको भरमा उडान गर्ने ह्याङ ग्लाइडिङलाई परिस्कृत गर्ने पहिलो प्रयास जर्मन वैज्ञानिक ओटोले सन् १८७४ मा गरे। उनले यसको सही उडान भर्ने र अवतरण गर्ने प्रविधि प्रयोगमा ल्याए भने सन् १९५१ मा अर्का वैज्ञानिकले यसको पखेटालाई फोल्डिङ गर्न सक्ने प्रविधि विकसित गरी ह्याङ ग्लाइडिङमा आफ्नो सर्वाधिकार सुरक्षित गरे तर पनि यसलाई अझ परिस्कृत गर्न नासाका वैज्ञानिकहरूले पनि हरतरहले प्रयास गरेर अहिलेको अवस्थामा पुऱ्याए।

**प्यारासुटिङ**

प्यारासुटिङलाई एयर स्पोर्ट्सको क्षेत्रमा अर्को साहसिक खेल मानिन्छ। प्यारासुटिङ गर्ने खेलाडीले उडिरहेको विमान, हेलिकप्टर वा हट एयर बलुनबाट प्यारासुटको सहायतामा हामफाल्ने कला नै यो खेलको मुख्य विशेषता हो। प्यारासुटिङको उत्पति कसरी भयो भन्ने विषयमा इतिहासकारहरूबीच एउटै मत छैन। उनीहरू यो खेलको इतिहास खासै लामो नभएको तर सन् १७९७ मा एन्ड्र गार्नियरले हट एयर बलुनबाट प्यारासुटको सहायतामा हाम फालेको घटना पहिलो भएको बताउँछन्। सन् १९३० तिर प्यारासुटको विकास विमान चालकको सुरक्षा र हवाई आक्रमणमा जाने सेनाहरूलाई मात्र प्यारासुटिङको प्रशिक्षण दिएर पठाइन्थ्यो। तर सन् १९५१ देखि भने प्यारासुटिङ सेनाभन्दा बाहिर आएर खेलका रूपमा विकसित भएको थियो। जसका कारण अहिले प्यारासुटिङ सर्वाधिक साहसिक एयर स्पोर्ट्सका साथै एयर मनोरञ्जनको खेल समेत भएको छ।

प्यारासुटिङका अहिले विभिन्न रोमाञ्चक र प्रतिस्पर्धात्मक खेलहरू हुन्छन् जसमा एक्युरेसी ल्यान्डिङ (निश्चित घेराभित्र अवतरण गर्ने) बेस जम्पिङ (गगनचुम्बी भवन, पुल र पहाडबाट हामफाल्ने), बिग वेज (एकै पटक धेरै प्यारासुटरहरू हामफाल्ने), क्यानोपी (अर्को व्यक्तिलाई साथ लिएर हामफाल्ने), फ्रि फल (विभिन्न कलात्मक प्रदर्शन गर्दै हामफाल्ने), स्काइ सर्फिङ (पानीमा तैरने बोर्ड खुट्टामा बाँधेर अकाशमा बकटे खाने) प्रमुख छन्।

विमानको सहायतामा प्यारासुटिङ गर्ने उचाइको कुनै मापदण्ड हुँदैन तर जति बढी माथिबाट हामफाल्यो त्यति नै यो खेलको रोमाञ्चकता बढ्दै जान्छ। प्यारासुटको स्पर्धा अनुसार हामफाल्ने उचाइ निर्धारण हुन्छ। यदि कुनै खेलाडीले फ्रि फल गर्छ भने त्यसका लागि उसले न्यूनतम पनि ४ हजार मिटर (१३ हजार फिट) माथिबाट हाम फाल्नु पर्छ र लगभग २ हजार ५ सय मिटरको उचाइमा आएपछि आफ्नो प्यारासुटलाई खोल्नुपर्छ। यसरी हामफाल्दा प्यारासुटरले आफ्नो टाउको तल पारेर फ्रि फल गरेको छ भने ऊ २ सय ४० देखि ३ सय २० किलोमिटर प्रतिघन्टाको गतिमा तल झरिरहेको हुन्छ।स्काइ बोर्डको सहयोगमा तल झर्दा उसले १ सय ९० किलोमिटर प्रतिघन्टाको दूरी पूरा गरिरहेको हुन्छ।


**प्यारा ग्लाइडिङ**

प्यारासुट र ग्लाइडिङको मिश्रित रूप प्यारा ग्लाइडिङ एयर स्पोर्ट्सको क्षेत्रमा लोकप्रिय छ। प्यारासुटको सहयोगमा कुनै भिरालो स्थानबाट कुदेर हावामा उड्ने यो खेलमा खेलाडीले आफ्नो शरीरलाई झुण्डाएर राख्छन् तर ह्याङ ग्लाइडिङमा भने उत्तानो परेर सुत्छन्। नेपालको पोखरामा समेत खेलिने यो खेलमा खेलाडीले लामो समयसम्म आफूलाई हावामा राख्न सक्ने हुनाले यो खेलले पर्यटकीय खेलका रूपमा समेत मान्यता पाएको छ। सन् १९५४ देखि प्रचलनमा आएको प्यारा ग्लाइडिङको पहिलो वर्ल्ड च्याम्पियनसिप सन् १९८९ मा भएको थियो।



## प्रसंग कतिपय





विक्रम राई

सीएनएनमा हालै प्रसारित समाचारअनुसार जोन मेकेननले डेमोक्रेट उमेदवार बाराक ओबामालाई समर्थन गर्ने सार्वजनिक घोषणा गरेछन् । यो घोषणाले सबै आश्चर्यमा परे । यस प्रकारका अचम्महरू हामीकहाँ मात्र हुने गरे पनि यस पटक अमेरिकामा पनि देखियो । पछि बुझ्दा ती जोन मेकेनन राष्ट्रपति पदका निम्ति रिपब्लिकन पार्टीका उम्मेदवार नभै एकजना साधारण पैदलयात्री निस्किए । उनले उक्त टेलिभिजनलाई बाटोमा लिइने सडकवार्ताका दौरान ओबामालाई समर्थन गर्ने धारणा व्यक्त गरेका रहेछन् । यसलाई सीएनएन जस्तो मिडियाले पनि 'जोन मेकेनन भोट्स फर ओबामा' भनी प्रचार-प्रसार गर्‍यो । लगभग एक वर्षअघि गिरिजाप्रसाद कोइरालाको निधन भयो भन्दै पत्रिका बेच्ने एक हकर भाइले रत्नपार्क वरपर जाम गराएका थिए, तर ती गिरिजाप्रसाद कांग्रेस पार्टीका सभापति नभै एक साधारण किसान थिए । यस प्रकारको भ्रम मिडिया जगतमा मात्र नभै हाम्रो सामाजिक एवं राजनैतिक जीवनमा पनि सृजना हुने गरेको छ । तराईको एक गाउँका ती मधेसी युवकको पनि कुरा गरौं जसले आफ्नो छिमेकीसँगको झगडामा छिमेकीलाई एक झापड चड्काइदिए । पछि ती पिटिएका छिमेकी गाउँबाट एकाएक हराए । सबैले ती मधेसी युवकमाथि शंका गरे । प्रहरी प्रशासनले उनलाई हिरासतमा लिई अदालतमा पेस गर्‍यो । अदालतमा उनले 'हाँ मारदेलिए' भनी कबुल गरे । उनले बुझेको नेपालीअनुसार हिर्काउनु भनेको स्थानीय भाषामा मारिदिनु नै थियो । मात्र एक चड्कनको अपराधमा उनले ज्यानमुद्दा बोक्नुपर्‍यो । ती कुटाइ खाने व्यक्ति दसैंमा घर फर्किएपछि मात्र ती मधेसी युवकको रिहाइ सम्भव भयो ।

राजनीतिमा भ्रमको खेती त जबरजस्त छ । गृहमन्त्रीले 'चाँडो सुत्ने ढिलो उठ्ने' काठमाडौंमा नांगो नाच बन्द गराएर राम्रो गरेको सन्देश दिन खोजे पनि डान्सरहरू अहिले कहाँ के गर्दैछन् भन्ने विषयमा गृह मन्त्रालयको नेटवर्कलाई सबै कुरा थाहै होला । त्यसैगरी तारे होटलमा सञ्चालित क्यासिनोमा नेपालीको प्रवेश बन्देज गर्नेमा कडिकडाउ गरेको देखाएर जुवाडेहरूका धर्मपत्नीको वाहवाही लिने सरकारले पत्नीहरूलाई झुक्याएर ढुक्कसित क्यासिनोमा खेल्ने वातावरण बनाइदिने काम पनि गरेको कसैबाट लुकेको छैन ।

उदाहरणमा राजनैतिक दलहरूको कुरै नगरौं । कुनै अमूक राजनैतिक दलले एउटा कार्य गर्ने अनि सोही दलका नेताले त्यसविरुद्ध विषवमन गर्ने चलन अहिले व्यापक छ । कारबाही हुने भनेको फुच्चे नेताहरू वा हनुमानहरूलाई मात्र हो । ठूला नेताले निर्णयविपरीत बोले त्यो वहसको विषय हुने र त्यही विषयमा अरूले केही भने बबाल हुने गरेको छ । ठूलालाई चैन- सानालाई ऐन भन्ने कुरा हाम्रा राजनैतिक दलहरूमा पनि लागू छ । फेरि दलहरूले आफ्नो नामबाट पुच्छर हटाउने मुद्दा झिकेर सरकारको असफलताबाट जनताको ध्यान अन्यत्र मोडेकै छन् । सर्वहारा वर्गको नेतृत्व गर्छौं भनी दाबी गर्नेहरूले रायमाझी आयोगले दोषी देखाएकाहरूलाई बैठकमाथि थप बैठक गरी चोख्याउने काम गर्दै सरुवा-बढुवा गरेकै छन् । हद त त्यहाँ छ- हिजोका दिनमा उनीहरूको हत्या गरे बढुवा र तक्मा पाउने होडमा लागेकाहरू उनीहरूकै घोषित-अघोषित सरकारी सल्लाहकार र बडीगार्ड भएर नयाँ जोगीले बढी खरानी दलेझैं नवक्रान्तिकारी हुँदा पनि कमरेडहरू ढुक्क र मख्ख छन् । अचम्म त के छ भने युद्धमा बलिदान दिएकाहरूको शरीरलाई पार्टीको झन्डा ओढाउँदाको क्षण र त्यतिखेरका वाचा-कसमहरू सम्झी ती मृतात्माहरू धुरु-धुरु रुनेछन् भन्ने कल्पना गर्न पनि कमरेडहरूले भ्याएकै छन् ।

अन्तमा प्रसंग कतिपयकै कुरा गरौं । कहिलेकाहीं गम्भीर विषय र कहिलेकाहीं हल्का-फुल्का चटपटे किसिमका लेख लेख्ने सहमतिमा नारीबाट प्रारम्भ भएको यो लेखन-यात्राले करिब दुई वर्ष पूरा गरिसकेछ । यस दौरान हल्का राइटिङका निम्ति जिपी-सुस, तोयानाथ, हर्कबहादुर, विजया र निशाजस्ता काल्पनिक क्यारेक्टरको खोजी गरियो । यी काल्पनिक पात्रहरू कसैको चरित्रसँग मेल खानु संयोग मात्र हो, यद्यपि यस्ता नाम भएका कतिपयले साह्रै चित्त दुखाए । वास्तवमा त्यस्तो लेखनीको उद्देश्य कसैको हुर्मत लिनु होइन, न त नियोजित रूपमा कसैप्रति लाञ्छना लगाउनु वा कसैको चरित्रप्रति प्रश्न उठाउनु नै हो । यस्ता लेखनीलाई हल्का-फुल्का रूपमै बुझिदिनुपर्छ । यस प्रकारको राइटिङले केही मनोरञ्जन र समाजको मनोविज्ञानलाई प्रतिबिम्बित गरोस् भन्ने चाहना मात्र हो, तर पनि यस्ता लेखनीले कसैको चित्त दुखेको छ वा कसैलाई त्यो आफूप्रति लक्षित छ जस्तो लाग्छ भने क्षमा गरिदिनुहोला भन्नैपर्छ । किनभने प्रसंग कतिपयले व्यावसायिक रूपमा अघि बढिरहेका युवायुवतीहरूलाई प्रोत्साहित नै गर्छ, उनीहरूको खुट्टा तान्ने काम गर्दैन । प्रसंग कतिपयको लेखनी कसैप्रति लक्षित हुँदैनन् र हुनुहुँदैन भन्ने कुरा विज्ञ पाठकहरूलाई दोहोर्‍याइरहनुपर्दैन । तिहारको सबैलाई शुभकामना ।

prasangakatipaya@hotmail.com

## नवदेवी सम्मान अठारलाई



**साप्ताहिक समाचार**

काठमाडौं- सिर्जनासिंह योञ्जनको क्रिएटिभ स्टेटमेन्ट्सले हरेक वर्ष नेपाली समाजका अग्रणी नारीलाई सम्मान गर्दै आएको छ । यसपटक पनि नवदेवी सम्मानबाट दस जना सम्मानित भए । देवी भवानीका नौवटा स्वरूपबाट नामकरण गरिएको उक्त सम्मानमध्येको 'भवानी सम्मान' यसै वर्ष सगरमाथाको सफल आरोहण गरी चर्चामा आएका दस जना सुस्मिता मास्के, आशाकुमारी सिंह, शैली बस्नेत, निम्डोमा शेर्पा, चुनु श्रेष्ठ, पूजन आचार्य, माया गुरुङ, पेमाडिकी शेर्पा, नवाङफुटी शेर्पा तथा उषा विष्टलाई संयुक्त रूपमा प्रदान गरियो । त्यसका अतिरिक्त 'अन्नपूर्ण सम्मान' बाट समाजसेवी सुशीला हमाल सिंह, 'भगवती सम्मान'बाट कवयित्री तोया गुरुङ, 'दुर्गा सम्मान' बाट नेतृ बमकुमारी बुढामगर, 'करुणा सम्मान' बाट कुष्ठरोगीहरूकी सहयोगी डा. हीरामन प्रधान, 'लक्ष्मी सम्मान' बाट ढाका कपडाकी उद्यमी उज्ज्वलता सुब्बा, 'महामाया सम्मान' बाट अभिनेत्री मिथिला शर्मा, 'सरस्वती सम्मान' बाट दुर्गम क्षेत्रमा शिक्षण पेसामा संलग्न विन्दा थापा तथा 'शक्ति सम्मान' बाट अपाङ्ग नृत्यांगना रोमा न्यौपानेलाई सम्मानित गरियो ।

होटल याक एन्ड यतिको रिगल हलमा सोमबार साँझ आयोजित भव्य कार्यक्रम 'सेलिब्रेटिङ वुमेनहुड' बाट यस पटकदेखि सार्कराष्ट्रभित्रका आ-आफ्नो कर्ममा कर्मठ नारीहरूलाई पनि सम्मान गर्ने कार्य प्रारम्भ भयो, जसमा अफगानिस्तानकी संस्कृतिविद् नाहिद बसारदोस्त, बंगलादेशीकी वातावरण संरक्षिका सइदा रिजवाना हसन, भुटानमा गरिबी निवारणमा लागेकी चिमी वाङ्मो, भारतकी शान्ति र शिक्षा क्षेत्रमा कार्यरत डा. मीनाक्षी गोपीनाथ, श्रीलंकामा शान्ति एवं समाजसेवामा तल्लिन पर्ल स्टेफन, पाकिस्तानमा सरकारी कार्यमा संलग्न नफिसा साह तथा नेपालमा सबैलाई शिक्षा प्रदान गर्न संघर्षशील डा. मीनासिंह खड्कालाई सम्मान गरियो । समारोहमा स्व.गोपाल योञ्जनको सिर्जना नृत्यनाटिका 'डाँफे चरी' को मञ्चन पनि भएको थियो । उक्त अवसरमा अभिनेत्री मिथिला शर्माले कवि विप्लव प्रतीकको कविता 'मैले खोजेको स्वरूप नारीको' मा नृत्य प्रस्तुत गरेकी थिइन् ।

## मेलामा क्याटवाक



धरान- बडादसैं तथा दीपावलीको अवसरमा धरानका विभिन्न ७ वटा संघ-संस्थाले सञ्चालन गरिरहेको मेलामा बुधबार बेग्लै रौनक छाएको थियो । २० रुपैयाँ दरका टिकट किनेर पब्लिक उच्च मा.वि.को खुला मैदान प्रवेश गरेका ४ हजारभन्दा बढी दर्शक आकाशभरि तारासँगै प्रतिपदाको चन्द्रमाको उज्यालोमा रङ्गीन फेसन-शोको आनन्द लुटिरहेका थिए ।

निर्धारित समयभन्दा डेढ घण्टा ढिलो बेलुकी साँढे ७ बजे साउण्ड सिस्टमको चर्को आवाजमा धराने नवमोडलहरू पालैपालो स्टेजमा उत्रँदै बिरालो चालमा हिँडेका थिए । स्प्लेन्डर बुटिकद्वारा आयोजित फेसन-शोको पहिलो सिक्वेन्समा सपना राई, बिनु श्रेष्ठ, प्रिया लामा, युवक परियार, कामना लिम्बू, अप्सरा कार्की तथा नविना परियारले जिन्सको हाफ-पाइन्ट, पाइन्ट, टप्स प्रस्तुत गरेका थिए । सबै मोडल पहिलोपल्ट र्‍याम्पमा उत्रिएका हुन् । अग्लो हिल लगाएका मोडलहरूले र्‍याम्पमा क्याटवाक गर्दा दर्शकहरूले जोडदार हुटिङ गर्दै साथ दिएका थिए ।

कडा ह्यान्डवर्कपछि तयार पारिएका बुट्टे कुर्ता-सलवार दोस्रो सिक्वेन्सको आकर्षण रह्यो । तेस्रो तथा अन्तिम सिक्वेन्समा पार्टीका निम्ति तयार पारिएका साडी र लेहेंगा प्रदर्शन गरिएको थियो । सबै पहिरन ड्रेस डिजाइनर हेमा राईले तयार गरेकी थिइन् । शान्त नेपालीले कोरियाग्राफी गरेकी फेसन सोलाई युनाइटेड मल्टी आर्ट्सका कलाकारहरूको आकर्षक नृत्यले तताएको थियो । ठेट लोक, हिपहप र रिमिक्स नृत्यमा पनि दर्शकहरू लट्ठ परेका थिए ।

-राजु घिसिङ

## इन्डियन आइडलमा अर्को नेपाली



भारतको सोनी इन्टरटेनमेन्ट च्यानलबाट प्रसारण हुने लोकप्रिय कार्यक्रम इन्डियन आइडलको चौथो संस्करणमा फेरि अर्को नेपालीले प्रवेश पाएका छन् । तेस्रो इन्डियन आइडल विजेता पूर्वी भारतीय सहर दार्जीलिङका नेपालीभाषी प्रशान्त तामाङलाई पच्छ्याउँदै यस पटक उत्कृष्ट ३२ मा पर्न सफल युवा कपिल थापा भने पश्चिम-उत्तर भारतीय सहर देहरादूनका हुन् । यद्यपि प्रशान्त र कपिलमा केही समानता छ । दुवै नेपाली भाषी भारतीय त हुन् नै, साथै प्रशान्त बंगाल प्रहरी पृष्ठभूमिका थिए भने कपिल भारतीय आर्मीमा छन् ।

आकर्षक व्यक्तित्व एवं सुमधुर स्वरका धनी कपिल थापाले गएको शनिबार १६ जना युवकका साथ आफ्नो पर्फमेन्स दिएर निर्णायकहरू जावेद अख्तर, अनु मलिक तथा सोनाली बेन्द्रेको प्रशंसा बटुले । कपिल इन्डियन आइडल फोरमा कतिसम्म अगाडि जान्छन् त्यो त भविष्यले नै बताउनेछ, साथै त्यसमा नेपालीहरूको एसएमएस भोटिङको महत्त्वपूर्ण भूमिका रहनेछ । कपिलको पछिल्लो गायकीको परिणाम आज शुक्रबार साँझ सवा ९ बजेपछि घोषणा हुँदैछ भने यो चरणपछि उत्कृष्ट ११-११ जना युवायुवती गरी २२ जना प्रतिस्पर्धामा बाँकी रहनेछन् ।

## मिस तेस्रो लिङ्गी पूर्वाञ्चल



**कमल रिमाल**

विराटनगर- चञ्चला सुब्बाले तेस्रो लिङ्गीको मिस पूर्वाञ्चल उपाधि जितेकी छिन् । १२ जना प्रतिस्पर्धीलाई उछिन्दै निर्णायकको अन्तिम प्रश्नमा चञ्चलाले तेस्रो लिङ्गीको अधिकार तथा एचआईभी र एड्स नियन्त्रणमा लागिपर्ने बताइन् ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको महासंघको आयोजनामा गत शनिबार विराटनगरको वीरेन्द्र सभागृहमा सम्पन्न ब्युटी एन्ड ब्रेन २००८ इन एक्सन टु ट्यालेन्ट कन्टेस्टमा पूर्वाञ्चलका धरान, इटहरी, दुहवी, झापा, विराटनगर आदि ठाउँका तेस्रो लिङ्गीहरू सहभागी थिए । प्रतियोगितामा काजल क्षेत्री फस्ट रनरअप तथा सुहानी राजधामीले सेकेन्ड रनरअपको उपाधि हात पारे भने मिस ट्यालेन्ट बन्न सफल भइन् आइशा क्षेत्री । कामुक पहिरनमा क्याटवाकमा उत्रिएका तेस्रो लिङ्गीहरूलाई देखेर दर्शकहरूले सिटी बजाएर सभागृहको हल गुन्जाएका थिए ।

विजेताहरूलाई नील हीरा समाजका अध्यक्ष पिंकी गुरुङ तथा पूर्व अध्यक्ष एवं सभासद् सुनिलबाबु पन्त आदिले ताज पहिर्‍याए । तेस्रो लिङ्गीहरूको अधिकार स्थापित गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा सहभागीहरूले गीत, नृत्य तथा प्रहसन प्रस्तुत गर्दै आफ्नो अधिकारको वकालत गरेका थिए । तेस्रो लिङ्गीहरूप्रतिको विभेद अन्त्य गर्न र उनीहरूलाई हरेक क्षेत्रमा सक्षम साबित गर्न यस किसिमका गतिविधिले सहयोग पुग्ने आयोजकहरूले बताए ।

Learn Language & Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian
Computer: Basic,Graphics, Web, Prog..
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Osish Language & Computer Center (OLC)
New Baneshwor:BICC Tel: 016217094 Old Buspark: Tel: 4232866

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Coffee making ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।